# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौंथो अधिवेशन

## (छैटौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७६/०२/२१ गते विहान ११.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको चौंथो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा बिहान ११ बजेर ३२ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, अब २०७६ साल जेष्ठ १७ गते आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङले सभा समक्ष प्रस्तुत गर्नु भएको आर्थिक बर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र बजेट निर्माणको क्रममा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता माथीको बाँकी छलफल प्रारम्भ हुन्छ।उक्त छलफलमा बोल्न चाहनु हुने प्रत्येक माननीय सदस्यहरुलाई १० मिनटको समय निर्धारण गरेको छु।

सर्वप्रथम माननीय सदस्य श्री मायनाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री मायानाथ अधिकारीः-** माननीय सभामुख महोदय, सम्मानित सदनमा प्रदेश सरकारको आर्थिक बर्ष ०७६/७७ को नीति तथा कार्यक्रम बजेट निर्माणको क्रममा प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम २ बमोजिम विनियोजन विधेयक २०७६ को सिद्धान्त र प्राथमिकता माननीय आर्थिक मामिला मन्त्री किरण गुरुङज्यूले प्रस्तुत गर्नु भएको छ। त्यस सम्बन्धमा

हामी छलफलमा छौं। सरकारको तर्फबाट उहाँले प्रस्तुत गरेको सिद्धान्त र प्राथमिकतामा धेरै महत्वपूर्ण कुराहरु आएका छन। अघिल्लो बर्षको बजेटमा प्रस्तुत भएका अघिल्लो बर्षको नीति कार्यक्रममा प्रस्तुत भएका धेरै महत्वपूर्ण कुराहरुलाई पनि निरन्तरता दिईएको छ। एउटा कुरा म के भन्न चाहन्छु भने हामी संघीयताको कार्यान्वयन सँगै हामी प्रदेश सरकार नयाँ हो। संघीयताको मुटु भनेको नै प्रदेश सरकार हो वास्तवमा। हामीले के बुझ्यौं पात्र परिवर्तन भएको जस्तो बुझ्यौं। पात्र परिवर्तन भएको हो त्यो एकदम छिटो रफ्तारमा दौडीन पर्छ। रफ्तारमा दौडीन सकेन कि भन्ने हाम्रो जिज्ञासा पनि भयो। कोहि प्रश्न पनि भयो तर पात्र परिवर्तन भएको होईन अहिले पद्धति संरचना प्रणालीमा परिवर्तन भएको हो। पद्धति संरचना परिवर्तन भएको हुनाले हिजोको सरकारहरुले त्यो पद्धति संरचना प्रणालीलाई व्यवस्थित गरे गरेनन् पहिला हिजो पहिला भएको सरकार जुनसुकै पार्टी अथवा नेतृत्वको होस उहाँहरुले संघलाई चाहिनु पर्ने कानून अथवा प्रदेशलाई चाहिने कानून वा स्थानीय तहलाई चाहिने कानूनहरु ऐन कानूनहरु बनाएर तयार गरिदिनु भयो कि भएन त्यो थिएन। प्रदेश सरकारलाई प्रदेश सभालाई चाहिने कानूनहरु कर्मचारी व्यवस्थापन संरचना सबै खालको संरचना जिरो ग्राउण्ड बाट शुरु गर्नुपर्ने परिस्थिती हामी सबैले अनुभब गरेको कुरा हो। जिरो ग्राउण्डबाटै शुरु गर्नुपर्ने त्यो परिस्थितीमा उभिएर गण्डकी प्रदेश सरकारले जुन आफ्नो कामहरुलाई अगाडी बढायो। नीति कार्यक्रम बजेटलाई अगाडी बढायो गत बिगत बर्षमा विविध कारणले सबै कुरा पुरा हुन सकेको छैन। अझै कार्यान्वयन चरणमै छ तर जे काम गरेको छ, सकरात्मक छ। उहाँहरुले भन्नु भएकै छ, सरकारले भनेकै छ, विगतको बर्ष हाम्रो आधार बर्ष हो। बिगतको बर्ष अघिल्लो बर्ष वा अघिल्लो आर्थिक बर्ष हाम्रो आधार बर्ष हो। कर्मचारी व्यवस्थापनको निम्ति, संरचना व्यवस्थापनको निम्ती, ऐन कानून बनाउनको निम्ती हाम्रो आधार बर्ष हो। त्यो उहाँहरुले भन्नु भएकै थियो। त्यही अनुसार मलाई लाग्दछ। ऐन कानूनहरु धेरै बनिसकेका छन आवश्यक ऐन

कानूनहरु, संरचनाहरु, कर्मचारी व्यवस्थापन धेरै हदसम्म भैसक्या छ। अबका दिनहरुमा ति कुराहरुले अलमल गर्नुपर्ने हाम्रा नीति कार्यक्रम योजनाहरुलाई कार्यन्वयन गर्ने कुरामा अलमल गर्नुपर्ने साउन १ गतेबाट कार्यन्वयन हुने कुरालाई फागुन चैत्र सम्म पर्खनु पर्ने अवस्था होला जस्तो मलाई लाग्दैन। अबको त्यो स्पिरिट अगाडी बढ्छ। सरकारले यो जुन स्पिरिट देखाएको छ। त्यो स्पिरिट अनुसार काम अगाडी बढ्छ भन्ने लाग्छ र प्रदेश सरकारले अहिलेको बर्षलाई अहिले यो आर्थिक बर्षलाई प्रशासन संयन्त्रको क्षमता विकास, सार्वजनीक सेवाको प्रवाहमा सुधार दिगो विकास कार्यक्रम तथा भौतिक पूर्वाधार निर्माणको बर्ष भनेर यो बर्षलाई त्यो हिसाबले प्राथमिकता दिएको छ र त्यस्लाई उद्देश्य राखेको छ। त्यो एउटा महत्वपूर्ण कुरा छ जुन हामीले जग बनायौं जग बनाएपछी त्यो आधारमा अब चाहिँ सार्वजनिक सेवामा सुधार जनताको दैनिक दिनका काम काज अथवा कार्यालयबाट गर्ने जनताको सार्वजनिक सेवाको कामहरुमा तीव्र गति दिने अनि योजनाहरु परिणाममुखी आउने गरी जनमुखी कार्यक्रम तर परिणाममुखि परिणाममुखि कार्यक्रम हुने गरी कार्यक्रमहरु अगाडी बढाउने, देखिने गरी, जनताले थाहा पाउने गरी कार्यक्रमहरु अगाडी बढाउने, त्यो कुरालाई प्राथामीकता दिन खोजेको जस्तो लाग्छ मलाई त्यस कुरामा मेरो समर्थन छ। वास्तवमा म एकचोटी चीन भ्रमण गर्ने अवसर पाएको थिए कम्युनिष्ट पार्टीको तर्फबाट कम्युनिष्ट पार्टीको तर्फबाट चीन भ्रमण जाँदा हामीले एउटा प्रश्न सोध्यौं त्यहाँको डेलिगेशन टिमलाई तपाईंको चीनमा गरिबी छ कि छैन ? उहाँहरुले भन्नु भयो सात करोड जनसंख्या गरिब छ एक अर्ब तेत्तीस करोड जनसंख्या मध्ये एक अर्ब तेत्तीस करोड जनसंख्यामा सात करोड जनसंख्या गरिवीको रेखामुनि छ। कहाँ छ त गरिवीको रेखामुनि भने तिब्बत लगायत पछाडि परेका क्षेत्रहरुमा त्यो समस्या छ। खासगरी शहरी क्षेत्र भन्दा गाँउले क्षेत्रमा त्यो समस्या छ भन्नुभयो। त्यो गरिवीको समाधान कसरी गर्नुहुन्छ त कहिले गर्नुहुन्छ भनेर हामीले सोध्दा खेरी उहाँहरुले भन्नु भएको थियो। गरिवी समाधान

भनेको पर्खेर बस्ने होईन। दिन गनेर बस्ने होईन यो त ओभरनाईट समाधान गर्दै जानुपर्छ। तीव्र गतिमा जानु पर्छ भनेर उहाँहरुले भन्नु भयो पहिलो कुरा हामी एकिकृत बस्तीको  आधारमा हामी समाधान गर्छौं। गाँउमा गरिवी छ गाउँ छरिएर बस्या छ। छरिएर बसेको गाउँलाई एकिकृत बस्तीको रुपमा हामी एक ठाउँमा राख्छौ र खानेपानी, स्वास्थ्य, शिक्षा आदी व्यवस्थित गरेर एकिकृत बस्तीका आधारमा गरिबीलाई निवारण गर्ने कोशिस गर्छौं। अर्को कुरा हामी पदाधिकारीलाई पार्टीको पदाधिकारी पनि छ सरकारको पदाधिकारी पनि छ। वडा तहदेखि केन्द्र सम्मका पदाधिकारीलाई एक घर वा दुई घर त्यो पदाधिकारीलाई जिम्मा लाँउछौं त्यो घरका मान्छेलाई रोजगारी दिएर हुन्छ कि व्यवसायमा लगाएर हुन्छ कि कसरी हुन्छ। गरिवीको अन्त्य गर्ने कुरामा हामी लगाँउछौं दोस्रो कुरा।  तेस्रो कुरा हामी सामाजिक सुरक्षा भत्ता र वृद्ध भत्ता अथवा के भत्ता सरकारले दिने भत्ता दिएर पनि हामी गरिवी निवारणमा काम गर्छौं भनेर उहाँहरुले भन्नु भएको थियो। मलाई पनि यहाँ लागिरहेको कुरा के हो भने सरकार त्यो क्षमता राख्छ राख्दैन तर छरिएर रहेका बस्तीहरु भिरका माथी, भिरका मुनि, पहिरोको माथी, पहिरोको मुनि बसेका बस्तीहरुलाई एकिकृत बस्तीका रुपमा बढाएर त्यसरी पनि यो गरिवीको अन्त्य गर्ने प्रयास हामीले गर्नुपर्छ। कतिपय ठाउँमा पहिरोले गाउँ बगाउन खोजिरहेको छ, कहिं पहिरोको एकदम छेउमा बसीरहेकोछ त्यो स्थितीलाई पनि एकिकृत बस्तीको रुपमा पनि यो बिषयलाई सरकारले प्राथमिकतामा ल्याएकै छ। तर यो कति हुन्छ कार्यान्वयनमा यस्लाई हामीले ध्यान दिनुपर्छ। हामीले भन्यौं अब व्यवस्था परिवर्तन सँगै अब हाम्रो समाजमा रहेको पछौटेपन, गरिवी, बेरोजगारी अन्त्यको निम्ती अब हाम्रो काम हो। अब हाम्रो काम आन्दोलन होईन हामी सबैको काम साझा उद्देश्य सहित शुसासन, विकास र समृद्धि हो। सुशासन विकास र समृद्धि ल्याउनको निम्ती हामी सबैको ध्यान समाजमा रहेको पछौटेपन, समाजमा रहेको गरिबी, समाजमा रहेको बेरोजगारीको अन्त्य हुनुपर्दछ। सरकारले विगतमा पलायन भईरहेका

युवाहरुलाई रोजगारी दिने भनेर मोडल फर्मको कुरा ल्यायो। गाउँगाउँमा चाहिं स्वरोजगार उत्पादन गर्न होमस्टेको कुरा ल्यायो। ति कुराहरु मात्रै ल्याएर हुदैन अब अझ त्यसलाई गुणात्मक हिसाबले गुणात्मक बनाउने, व्यवस्थित बनाउने, त्यस्लाई अलि सहि खालका मान्छेले पाउने गरी गरिबमा सही गरिबले पाउने गरी व्यवसायमा सही व्यवसाय गर्ने मान्छेले पाउने गरी जस्ले चाहेको छ, खोजेको छ, गरेको छ उस्ले पाउने गरी सरकारले अनुगमन गरेर ति कामहरुमा केन्द्रित गर्नुपर्छ र त्यसो गर्दा स्वरोजगारको उत्पादन हुन्छ र विदेश पलायन रोकिन्छ भन्ने मलाई लाग्छ। एकजना माननीयले भन्नुभएछ प्रतिनिधि सभाको माननीयले प्रतिपक्षको माननीय म नाम लिन्न। उहाँले के भन्नु भएछ भने अहिले संघको बजेट एउटा कुरा सच्चाए देखि अरु सबै म आत्मसाथ गर्छु भन्नु भएछ। एउटा शब्दमा मिलेन मेरो कुरा अरु सबै कुरामा म सहमत छु। एउटा कुरा सच्चाईदिन पर्यो भन्नुभयो के सच्चाईदिन पर्यो भने तपाँईले शहरलाई बढी फोकस गर्नु भएको रहेछ यो बजेटमा गाउँलाई फोकस गरिदिनु पऱ्यो भनेर उहाँले भन्नु भएको रहेछ। मैले सामाजिक सञ्जालमा पढेको उहाँको भनाई कुन मान्छेले उठायो भन्ने कुरा होईन। मलाई पनि लागेको कुरा के हो भने तपाई हामीले गाउँलाई हेर्नुपर्छ हामी गाउँबाट आएको मन्छे हो शहरमा त विकास होला शहरलाई छोड्ने भनेको होईन शहरमा विकासको आवश्यकता बढेर गएको छ त्यहाँ छोड्ने भनेको होईन त्यो सबै गाउँ सम्झनुहोस, जन्मेको ठाउँ सम्झनुहोस, अहिले गाउँ कस्तो छ। उजाड बनेको छ। गाउँमा मान्छे छैन, युवा छैन गाउँ पुरै घर तालाबन्दी छ, पुरै गाउँ उजाड छ त्यो गाँउलाई हराभरा बनाउने कसरि गाउँमा आकर्षण बढाउने कसरी गाउँमा मान्छे त्यहाँ फर्केर उत्पादन बढाउने कसरी त्यहाँ गाउँमा उत्पादन बढाएर बजारमा ल्याउने कसरी किसानहरुलाई गाउँमा केन्द्रीत गरेर उनीहरुले गरेको उत्पादनलाई बजारमा ल्याउने, बजारीकरण गर्ने, कसरी उत्पादन र रोजगारी वृद्धी गर्ने कसरी, सरकारको कार्यक्रमले उत्पादन र रोजगारीलाई बृद्धी गर्ने कुरामा जोड दिनु पर्छ। मलाई लाग्छ

यो कुरामा प्राथमिकता राखेकै छ। उत्पादन र रोजगारी जे बिषय गरिन्छ हामी उत्पादन र रोजगारी बढाउने कुरामा जोड दिनु पर्छ। त्यसमा खास गरी गाउँ जहाँ उजाड छ गाउँ जहाँ जग्गा बाँझो छ। गाउँ जहाँ युवाहरु गाउँमा छैनन गाँउमा फर्काउने कसरी गाउँ केन्द्रीत गर्ने कसरी त्यहाँको विकास त्यहाँको ठाउँलाई हराभरा बनाउने कसरी त्यो कुरामा ध्यान दिनुपर्छ। अलिकति ध्यान पुऱ्याउनु पर्छ भन्ने मलाई लाग्छ। बास्केट फण्डको कुरा आईसकेछ। त्यसलाई म दोहोऱ्याउन चाहान्न अहिले बास्केट फण्ड राखिन्न। हरेक मन्त्रालयमा किटेर बजेट ल्याईन्छ भनेर आर्थिक मामिला मन्त्रीले भनिसकेपछी त्यस्लाई हामीले दोहोऱ्याउन पर्दैन। यो हामीले दिएको सुझाव पनि हो। मन्त्रीज्यूले नै त्यस्लाई प्राथमिकतामा राखेर ल्याउनु भाछ। त्यसमा मेरो भन्नु अरु केही छैन। प्रदेश लोक सेवा आयोग, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान व्युरो बनाउने कुरा गर्नुभाछ। विगतमै बन्नुपर्ने थियो। प्रदेश सरकार स्थापना कालमै शुरु हुनुपर्ने थियो। बारम्बार आन्तरिक मामिला मन्त्रीले भन्नुहुन्छ म कानून मन्त्री भए आन्तरिक मामीला मन्त्री अझै राम्रो सँग हुन सकेको छैन। गृह प्रशासन के हो भन्ने कुरा अझै भाछैन भनेर उहाँले इङ्गित गर्नुहुन्छ। त्यो हामी सबैले महशुस गरेको कुरा के हो भने सरकार भनेको प्रशासन सहित हो। सरकार भनेको कर्मचारी प्रशासन सहित हो। अहिले कर्मचारी प्रशासन सहित सरकार व्यवस्थित बन्न सकिराख्या छैन। त्यसको लागी आगामी दिनमा हाम्रो प्रदेश सरकार कर्मचारी प्रशासन सहितको सबल, सक्षम, प्रभावकारी सरकार बनाउने कुरामा हाम्रो यो सरकारले काम गर्ने छ भन्ने मेरो विश्वास छ। अरु धेरै कुरा उज्यालो प्रदेश बनाउने कुरा, खानेपानी, सिंचाई, बाटो ईत्यादी कुराहरु प्राथमिकतामा छन त्यो कुरा चाहिँ पहिला पनि अघिल्लो सरकारले नीति तथा कार्यक्रममा ल्याएकै छ। त्यो कुरालाई पुरा गर्न भनाई मात्र होईन, पुरा गर्न दुई बर्ष भित्र हामी उज्यालो प्रदेश बनाँउछौं। दुई बर्ष भित्र हामी खानेपानी पुरा गर्छौं। कम्तीमा पाइपको पानी भएपनि पुरा गर्छौं भनेर सरकारले सार्वजनिक प्रतिवद्धता जाहेर गरेको छ। त्यसकारणले अब

एक बर्ष त सम्पन्न भाछ।एक बर्ष बाँकी छ।फास्ट  ट्र्याकको माध्यमबाट कहाँ कहाँ बाँकी छ, कुन कुन ठाउँमा बाँकी छ ति कुराहरुलाई ख्याल गरेर अगाडी बढ्नुपर्छ।यी कुरालाई ख्याल गर्दैं म चाहिं विपत् व्यवस्थापन अर्को एउटा महत्वपूर्ण पाटो विपत् व्यवस्थापन, विपत् व्यवस्थापनलाई पनि सरकारले पुर्व तयारीका कामहरु गर्नु पर्छ र त्यसलाई व्यवस्थित बनाउनु पर्छ भन्ने कुरा अनुरोध गर्दैं, सुझाव राख्दै यो सरकारले ल्याएको सिद्धान्त र प्रतिवद्धता प्रति मेरो समर्थन र मेरो दलको पनि समर्थन रहेको कुरा भन्दछु।धन्यबाद ।

**माननीय सभामुखः-** अब म माननीय सदस्य मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य मणिभद्र शर्माः-** माननीय सभामुख महोदय, गत साल हामीले यहाँबाट सुझाव राख्दा हामीले विरोध गरेको होईन सुझाव राख्ने गऱ्याछौं। सदनमा प्रतिपक्षले सुझाव मात्रै राख्ने गऱ्याछ।सुझाव राख्दा चारवटा कुरा मैले उठाएको थिए।एउटा यो अहिले बजेट आईराखेको छ।यो बजेट कार्यन्वयन गर्ने नीतिगत अस्पष्टता छ।त्यसो हुनाले यसले गति लिन सक्दैन भनेको थिए।अर्को संरचना छैन त्यसो हुनाले कार्यन्वयन गर्न कठिनाई छ भनेको थिए।तेस्रो साँसदहरुलाई विश्वास गर्न सक्नुभाको छैन त्यसो हुनाले कार्यन्वयनमा जटिलता छ भनेको थिए र चौथो मन्त्रीहरुले आफैं इन्टरभ्यु दिंदा पैंसठ्ठी सत्तरी प्रसेण्ट सम्म खर्च गर्न नसक्मलाकी भनीरहेको हुँदा ईच्छा शक्तिको पनि अभाव छ।त्यसो हुनाले यो कार्यन्वयन हुन सक्दैन भनेको थिए मैले गत साल र यो कार्यन्वयनको अवस्था मलाई लाग्छ असारको मसान्त सम्म निश्चय धेरै बजेट सकिएला।कति सकिएला त्यो डाटा अब कति प्रसेण्ट एक्काईस प्रसेण्ट, बाईस प्रसेण्ट, तिस प्रसेण्ट कति हो जेहोस धेरै नसकिने नै भयो।र हामीले गत साल जे सुझाव दिएका थियौं त्यस्लाई चाहिं गम्भिरतापुर्वक लिइएन र अर्को यो हाम्रो मुख्यमन्त्रीजी र अर्थ मन्त्रीजीले पन्ध्र गते केन्द्रबाट आएको बजेटका प्रति प्रतिक्रिया व्यक्त गर्नु भयो।सोह्र गतेको

पत्रपत्रीकामा मैले पढें। मैले उहाँहरुलाई धेरै धेरै धन्यबाद दिन्छु, आँट गर्नु भयो। एउटै पार्टीको सरकारको केन्द्रबाट आएका कुराहरुलाई चित्त बुझ्दो भएन। निराशाजनक भयो। बजेटमा हामी सन्तुष्ट हुन सकेनौ भन्ने आँट गर्नु भयो। त्यसका लागि मैले उहाँहरुलाई धेरै धेरै धन्यबाद दिन्छु। र यो संघीयता उहाँहरु जत्तिका आँटीला मन्त्रीहरु प्रदेशमा नहुने हो भने अझ संकटमा पर्छकि भन्ने डर पनि मलाई लागेको छ। त्यस हुनाले उहाँहरुलाई हामीले हौसला दिन पर्ने ठानेको छु र त्यसमा एक्यबद्धता पनि रहन्छ हाम्रो पनि संघीयता बलियो बनाउने सवालमा। अब अर्को एउटा कुरा हाम्रो संबिधानमा पाँचवटा मुलभुत बिषयहरु समेटिएका छन। एउटा गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, मिश्रीत निर्वाचन प्रणाली र समावेशिता यो संबिधानको मुलभुत कुरा हुन र त्यो ती कुराहरुलाई इम्पलिमेण्ट गर्दै जाने क्रममा निर्वाचन भयो, निर्वाचनमा प्रत्यक्ष निर्वाचनबाट साठी प्रसेण्ट र समानुपातिकबाट चालिस प्रसेण्ट ल्याउने गरी केन्द्र र संघ र प्रदेशको निर्वाचन भए। अब चालिस प्रसेण्टबाट आएका साँसदहरु हाम्रो संबिधानको धारा के रे भाग १४ धारा १७६ को उपधारा १ र २ मा यि व्यवस्था भएका छन। अब यो संबिधानले कार्यान्वयन गरेका कुराहरुलाई हामीले चाहिं बेवास्ता गरेर यी समानुपातिक वाला त अलि अर्कै प्रकारका हुन अथवा बी श्रेणीका सी श्रेणीका हुन भन्ने व्यवहार यदि सरकारहरुले गरे भने संघीयता खतरा त्यहाँबाट पनि शुरु हुन्छ। मान्छेलाई उपेक्षा राणाहरुलाई बी र सी क्लासका बनाएर राणाहरुले गर्दा सी क्लासका विद्रोहमा गए। राणा शासन फाल्नै सी क्लासकाले अलग ढंगले विद्रोह गरेका थिए। मैले यो भन्दा अलि बढी नबोलौं यति सम्म मैले सरकार चलाउनेहरुलाई ध्यानाकर्षण गराएँ र चौथो कुरा हामीले प्राथमिकता तोक्दै जाँदा गत साल हामीले भनेका थियौं। प्राथमिकता रोललाई तोक्नुस पूर्वाधार पनि पहिलो पूर्वाधार भनेको धेरै प्रकारका हुन्छन। मेरो व्याख्यामा त पूर्वाधार भनेको दक्ष जनशक्त्ति तयार गर्ने पनि हो। दक्ष जनशक्ति  तयार गर्नका लागि शैक्षिक गतिविधी

सुधार गर्दै जानुपर्छ त्यो दिर्घकालीन कुरा हो तर अहिले अल्पकालीन कुराको पूर्वाधार भनेको पहिलो प्राथमिकता सडकलाई दिँउ भनेको थिए र अहिले चाहिँ कता कता घुमाउरो पाराले अब सडक तिर प्राथमिकतामा जाने कि भन्ने भाव यहाँ आएको छ। मलाई थोरै सन्तोष पनि लागेको छ। हाम्रो मित्र मायानाथजी ले त आफ्नो गाडी उहाँ केरे पक्की बाटो नभएका हुनाले लमजुङ्ग पुर्याउनै सकिन भन्नु भाछ। मलाई पनि त्यस्तै समस्या छ र म अस्ति यताबाट के रे यो हाम्रो अर्थमन्त्रीजी चुनाव लडेको क्षेत्र हुँदै हाम्रो मधेशतिर अलि सम्म ठाउँबाट जोडिएको जिल्ला जान खोजेको त गाडी हिलोमा भास्सीयो मेरो गाडी त, जाँदै गएन त्यो यो मानपुरको डाँडो बाट ओरालो लागेको डेडगाँउतिर जान तल काली गण्डकी सम्म जानै सकेन वहाँहरुको गाडी त बलियो गाडी जान्छ होला मुख्यमन्त्रीजीको गाडी, अर्थ मन्त्रीजीको गाडी र हाम्रो दलको नेता, प्रमुख प्रतिपक्ष दलको नेताको गाडी पनि त्यो बाटो उता सम्म त छिर्छकि के हो। हाम्रो फुच्चे गाडी त जाँदै गएन त्यस हुनाले मैले अहिले के कुरामा गर्छु भने यदि राष्ट्रिय गौरवको कुनै एउटै मात्र योजना बनाउने हो भने भिमाद डेडगाँउ हुँदै कावासोतीलाई यो आउने बर्षमा सरर हाम्रा फुच्चे गाडी नि जान सकुन थोत्रा पुराना गाडी पनि जान सकुन। त्यस्तो एउटा काम गरौं। यो एक बर्षमा त्यो काम गरौं त अनि त्यसपछी त्यो पाँच नम्बर तिर जान नपाएर पछुतो मानी मानी यता आएका हाम्रा साथीहरुले पनि हँ ठिकै हो हामी पाँच नम्बर र तिन नम्बर नभैकन आफ्नो प्रदेशमा सोझै प्रदेश प्रदेश आवगमन गर्न सक्छौं भन्ने एउटा आत्म गौरव पनि महसुस गर्नुहुनेछ। म त्यो कुरा मैले अलिकति जोड गरेर अनुरोध गरें। यस्लाई चाहिं के कुरामा गौरवका आयोजना भन्ने ठ्वाक्क केही पनि नबुझिने। के के हुन गौरवका कुराहरु त्यस हुनाले त्यस्लाई एउटा गौरव बनाउँ त अब त्यो अहिल्यै शुरु यसपालीकोमा त्यो फोकस गरेर गरौं। त्यो भयो भने कमसेकम आवगमन पनि छिटो छरितो पनि होस। एउटा यो कुरामा मैले जोड गरें। अर्को यो कृषि प्रणालीमा मलाई अहिले पनि हाँसो

लागिराखेको छ। म अस्ति एउटा काम बिशेषले भैरहवामा गएको थिए। मलाई यता आउन पर्ने अपरझट एउटा टिकट चाहियो अनि त्यो सि.डी.ओ.हरुले टिकट अलिकति एक दुईवटा मिलाउने चलन पहिलै देखि थियो। अनि यता छ की भनेर सि.डी.ओ. कहाँ गुहार माग्न गएको यता तिर काम नपर्ने हाम्रो पहिला प्रदेश के रे क्षेत्रीय प्रशासनको उ हुँदा त त्यस्तो थियो। अनि अहिले त्यो कटौति भो। सोझै काठमाण्डौका टिकट त छन हामी सित एक दुई वटा यता पट्टी छैन भन्नु भयो। अनि अब मैले त्यो सि.डी.ओ.को गुहार पनि पाएन अनि म फेरि गाडी खोजेर यता आउन पऱ्यो अनि अनौपचारीक रुपमा सि.डी.ओ.सँग गफ भयो अनि पाल्पाको मगर जातिबाट प्रतिनिधित्व गर्नु हुनेरहेछ उहाँ अनि उहाँले के भन्नु भयो भने दाई यहाँ सबै खेतहरु मेरा पनि खेत बाँझा छन। मेरो पनि यहाँ खेत छ। बाँझा छन किन बाँझा छन भन्दाखेरी इण्डीयाबाट किनेर ल्याउने दाल चामल यहाँको उत्पादन खर्च भन्दा सस्तो पर्छ। यहाँ मैले खेत रोपेर दाल चामल फलाउने खर्च भन्दा इण्डियाबाट किनेर ल्याउने दाल चामल सस्तो पर्छ। अनि १० के.जी., १५ के.जी., २० के.जी.खुर्र खुर्र बोर्डर उता जाने अनि बोकेर ल्याउने आराम सँग भएको छ। यहाँ त सबैले त्यस्तै गर्छन मैले पनि त्यसै गऱ्याछु भन्नुभयो। अब हाम्रो ध्यान त्यता पट्टी गयो कि गएन अब हामीले अहिले चाहिँ यो अनुदान आदि आदि भन्दैछौं अनुदानले रोजगार त केही मान्छेलाई हुने भो। हाम्रो जीडीपीमा के योगदान पुऱ्याउँछ। अब यो बारेमा हामी गम्भीर भयौ कि भएनौं। त्यस हुनाले कृषिका बारेमा हामी आमुल ढंगले यस्लाई नसोच्ने हो भने हामीले जति अहिले जुन ढंगले बजेट बाँड्न खोजीरहेका छौं यस्ले केही अर्थै राख्दैन। त्यस हुनाले यसमा गम्भिरताका साथ छलफल गर्न जरुरी छ र अर्को कुरा यो अलिकति अलिकति चाहिँ यो केरे उसको राजनैतिक कुरा पनि आए। हिजो साथिहरुले अलि अली राजनिति पनि कुराहरु पनि छुनुभयो नेपाली काँग्रेसले अहिले जागरण अभियान चलाएको छ। जागरण अभियान आत्तिएर छटपटीएर हैन जागरण अभियान मलाई चाहिं यो

अलिकति ईतिहास पढ्दै जाँदा खेरी पार्टी भित्र सत्तामा बस्ने मानीसहरुका बारेमा अथवा पार्टी बाहिरका जनता र पार्टीहरुले सत्ता चलाउनेहरुका बारेमा उनका कमी कमजोरी नऔल्याउँदा खेरी हिजो जनवादी केन्द्रीयता हुनेहरुले पनि बिजोग भएको थियो। चाउचेसकको उत्पत्ती भएको थियो। चण्डाल चौकडीको उत्पत्ती भएको थियो चिनमा स्टालिनको उत्पत्ती भाको थियो। त्यो जनबादी केन्द्रीयता भित्र पनि बहस गर्ने हिम्मतको अभाव र त्यहाँ चाहिं त्रासको वातावरण भएका कारणले त्यस्तो बिजोग भाको थियो र त्यो प्रणाली पनि फेल भाको थियो। त्यस हुनाले अहिले नेपाली काँग्रेसले जनजागरण अभियान, सत्ताका कमी कमजोरीको खबरदारी, जनता सँग आत्मीयता बढाउनका लागी चलाएको हो साथीहरु तर्सीन, झस्किन पर्दैन तपाईहरुसँग प्रवल दुई तिहाइ छ। अब अब यसपछि अब हामीले चाहिं वन नीतिका बारेमा पनि कुरा गरौं। वनमा बुढा भएका रुखहरु आँफै कुहेर जाने त्यसलाई हार्भेस्टीङ गर्ने र नयाँ बिरुवा लगाउने नीति अलि प्रष्टताका साथ ल्याँउ झन्झटिला कानूनहरु हटाउँ त्यो गर्ने चाहिं हामी किन गर्दैनौं। यदी अहिले मलेशियाबाट अहिले मलेशियाबाट जति जति करोडका काष्ठजन्य पदार्थहरु आएका छन सायद हामीले प्रयोग गर्ने टेबल पनि मलेशियाकै होला अहिले हामी जुन टेबुलहरु प्रयोग गरिरहेका छौ। यहाँ चाहिं काष्ठजन्यहरु प्रयोग गरिरहेका छौं यि मलेशियाका होलान् अथवा थाईल्याण्डका होलान या अरु देशका होलान त हामी कहाँ काठ कुहेर जाने अथवा काष्ठजन्य पदार्थलाई ठिक ढंगले प्रयोग गर्ने सरल नीति नभएका कारणले हाम्रो अवस्था सुध्रिन नसकेको छ। त्यतातिर हाम्रो ध्यान गएन यिनै कुराहरु राख्दै म आफ्ना भनाई अन्त्य गर्दछु। धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः-** अब म माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री हरिशरण आचार्यः-** माननीय सभामुखज्यू, हामीले सिद्धान्त र प्रथामिकताका बिषयमा ०७६/७७ को बजेट विनीयोजन कसरी गर्ने भन्ने बिषयमा

हामी छलफल गरि राखेका छौं र हामीलाई यतिवेला त्यो सिद्धान्त र त्यो प्राथमिकता भित्रको मूल स्प्रीट हेर्दाखेरी त्यो सुन्दर पक्ष छ। त्यसको मुल स्प्रीट आगामी आर्थिक बर्ष २०७६/७७ को बजेटलाई प्रशासनिक संयन्त्रको क्षमता विकास, सार्वजनीक सेवा प्रवाहमा सुधार दिगो विकास कार्यक्रम तथा भौतिक पुर्वाधार निर्माणमा केन्द्रीत गरी संस्थागत गर्दे लगिने बिषय बजेटको मुल स्प्रीट देखिन्छ। सन्तुलित विकास सहितको समुन्नत प्रदेश निर्माण यसको लक्ष्य देखिन्छ। मैले यसको सार खिचेको कुरा यहानेर हो यहि अनुसार यहि रुपमा अगाडी बढ्यो भने सायद यो भन्दा सुन्दर अहिल्यै समुन्नत प्रदेश अहिले विकसित अहिले समृद्ध प्रदेश बनिहाल्छ यो फरकै पर्दैन तर यो भित्र यसका आधारहरु के छन हामीले यसका आधारहरुलाई कोट्याउन जरुरी छ। मैले यति मात्रै कि हामीलाई मलाई यति मात्रै लाग्छ कि अन्धकारलाई सराप्नु भन्दा धेरे उज्यालो दियो बाल्ने कुरा त्यो सुन्दर लाग्छ। आलोचना गर्ने कुराले हामी धेरै उफ्रन्छौं तर शब्द श्रद्धाले पनि कंहि कतै बिग्रिराखेको कुरा हामीले हेक्का राख्न जरुरी छ। साँच्चै यि बिषयवस्तुहरु हाम्रा लागि पथप्रदर्शक छन मलाई यति मात्रै लाग्छ यो प्रदेशको जो हामी समाजबाद उन्मुख अर्थतन्त्रको बिषयबस्तु राखिराखेका छौं व्यक्ति सर्वेसर्वा बन्ने र समुदाय र संस्था उत्पिडित बन्ने यो निर्वाचन प्रणालीबाट के यो सम्भव छ। यही निर्वाचन प्रणालीबाट सम्भब छ। सन्तुलनको नारा हामी गरिराखेका छौं नारा दिईराखेका छौ असन्तुलनको व्यवहार गरिराखेका छौं यो बाट सम्भव छ। शुन्य सहनशिलताको कुरा गर्ने मन्त्री र मन्त्रालयमा सबैभन्दा ठुला काण्ड घट्ने तिनै काण्ड हस्तीहरु यो देशको नेतृत्व बनिराख्ने यो सम्भव छ। अनि समन्यायिक वितरणको प्रकृया भन्ने तर विभेदकारी नीति अपनाउने यो तरिकाबाट सम्भब छ। सन्तुलित विकासको कुरा गर्ने पँहुच र मुखमा निर्भर हुने आखिर हामी सन्तुलितको कुरा त गरिराखेका छौं सबैभन्दा ठुलो कुरा गरिराखेका छौं तर वास्तवमा पहुँच कहाँ नेर छ कसले पुर्याउन सक्छ त्यसमा निर्धारीत हुने अनि मुख

कसले कति पुऱ्याउन सक्छ त्यसको आधारमा बजेट विनियोजन हुने यस्तो प्रकारको जुन पुरानो परम्परावादी प्रकृतिका प्रवृति छन त्यसको अन्त्य हामी गर्न सक्छौं अनि यसका लागी त्याग र समर्पणले मैले यति मात्रै भन्छु कि यसका लागी त्याग र समर्पणले भरिपुर्ण नेतृत्व, निस्वार्थ र प्रतिवद्ध कर्मचारी प्रशासन चाकडी र चाप्लुसीको घेरा भित्र घेरा तोड्न सक्ने कार्यक्रम र जनताको बीच जनताको एउटा जुन सम्बन्ध बन्छ त्यो बीचबाट यसको मुल आधार हुन मलाई जहाँसम्म लाग्छ त्यसैले यी हामी यी आधारहरु बनाउन सफल छौं भने हामीले अहिलेको अर्थतन्त्रलाई समाजवादी अर्थतन्त्रमा बदल्न सम्भव छ र अलिकति मैले कहाँनेर जोड्न चाहे भने यो प्रदेशको मुख्य अनि पहिलो प्राथमिकताको बिषय पर्यटन सरकारले आँफैले बोलेको कुरा हो।तर यसबारेमा स्पष्ट योजना निर्माणको संकेत मैले देख्दीन भन्न त केही माननीयज्यूहरुले टेलर र फिल्मको कुरा गर्नु भयो यदी सरकारले यो प्रति गम्भिर बन्ने हो भने सम्बन्धित विभागीय मन्त्रालयले प्रमुख पर्यटकीय गन्तव्यहरु प्रकाशन गरेको छ।यिनै प्रकाशित गन्तव्यहरुबाट एक निर्वाचन क्षेत्रबाट एक एकिकृत पर्यटन विकास योजना निर्माणका लागी स्थान छनौट गरेको मैले पाएको छैन। कम्तिमा यो बिषयवस्तुलाई अहिले हामीले चाहिं एउटा नीतिगत रुपमा टुङ्ग्यायौं भने भोलिका दिनमा कम्तीमा यो प्रदेशको यो गन्तव्य छ र यो ठाउँमा हामी पर्यटकहरु पुऱ्याउन सक्छौं भन्ने एउटा मात्र आधार दिनुहोस त्यतिबेला म सन्तुष्ट बन्न सक्छु।अनि हामीलाई उर्जा क्षेत्रमा हामीले कम्तीमा तिन बर्षमा एकसय पचास मेगावाट बिद्युत निकाल्ने एउटा हैसियत राखौं म अहिले पनि के अनुरोध गर्न चाहन्छु सरकारसँग की एकसय पचास मेगावट बिद्युत हामीले निकाल्ने हैसियत राखौं म अहिले पनि दोहोराएर भन्न चाहान्छु कि हामी शुरु गर्न पनि सकेका छैनौं भने हामी एकसय पचास मेगावट बिद्युत निकाल्ने हैसियत राखौं म अनुरोध गर्न चाहान्छु। ईमान्दार,क्षमतावान,मेहनत किसानको सापेक्षिक वर्गिकरण गरी बिना धितो बिना झन्जट सहुलियत ब्याजदरमा ऋण दिने

व्यवस्था गरौं। अनुदान हैन हाम्रो प्रदेशको कृषि उत्पादन क्षेत्रको छनौट गरौं ती क्षेत्रमा प्राविधिक अध्ययन गरौं। किसानमा जागरण ल्याऔं। कृषि पूर्वाधारमा राज्यले ती क्षेत्रमा लगानी गरौं पाँच बर्षमा ति क्षेत्रहरुलाई प्रतिफल दिने अवस्थामा पुऱ्याउन सकिन्छ। जस्तो उदाहरण मैले यति मात्रै भने गोर्खाको उत्तर पश्चिम भाग र लमजुङ उत्तर पुर्वी भाग अलैंची, पालुङ्टार नगरपालिका ६ नं ७ नं र ८ नं वडा लिची यी पकेट एरिया वास्तवमा मैले एउटा एक्ज्याम्पलको रुपमा मात्रै हो। यो प्रदेशमा अरु पनि होलान मैले मात्रै यति त्यसलाई हामीले प्राविधिक रुपमा सबै चिजको व्यवस्थापन गर्न सक्छौं सक्दैनौं म अलिकती अनुरोध गर्न चाहान्छु। अर्को बिषय मुख्यमन्त्री वातावरण मैत्री कृषि गाउँ पूर्वाधारले व्यवस्थित गरौं अहिले ति अव्यवस्थित छन हामी विना आधारमा विना तरिकाबाट छनौट गरिराखेका छौं ति गाउँहरु त्यसका आधारहरु के छन भन्ने विना अध्ययन भैराखेका छन। त्यसो भएको कारणले म अहिले पनि अनुरोध गर्न चाहान्छु कृषिलाई पर्यटनको मुख्य मोडेल बनाउने यो एउटा योजनामा अगाडी बढौं म अनुरोध गर्न चाहान्छु र नयाँ नीति नयाँ व्यवस्था नयाँ व्यवस्थापन नयाँ संयन्त्र निर्माण गरौं एक बर्ष एक अरब रुपैयाँ लगानी गरौं नेपालको शानको रुपमा एउटा गोरखकाली रबर उद्योग छ र मैले अरु रुग्ण उद्योगको रुपमा अर्को चाहिँ भृकुटी कागज कारखाना छ। भृकुटी कागज कारखाना धेरै पर पुगिसकेको छ तर गोरखकाली रबर उद्योग नजीक छ। हामीले त्यस्लाई नजिकबाट तान्न सक्ने एउटा आधार पनि छ। त्यसो भएर बरु प्रदेशले एउटा शानको रुपमा जो एउटा उद्योग पर्यटनको रुपमा विकास गर्न सकिन्छ। लाखौं मानिस त्यतिबेला चाहिं त्यो गोरखकाली रबर उद्योग हेर्न आँउथे। आज त्यो उद्योग विक्षिप्त अवस्थामा छ। यो बिषयवस्तुलाई हामीले साँच्चै पर्यटकीय हिसाबले पनि महत्वपुर्ण ढंगले जोड गर्न सक्छौं म अहिले पनि सरकार सँग बिशेष अनुरोध गर्न चाहान्छु र शिक्षामा सबैको पहुँच बन्दै गईरहेको छ। तर पनि गुणस्तरीय शिक्षाको केवल राम्रो नारामा मात्र केन्द्रीत भैराखेको छ। यदि

गुणस्तरीय शिक्षालाई जोड गर्ने हो भने बिद्यालय तहको शिक्षालाई व्यवस्थित गर्न तिर लागौं बिद्यालय तहको व्यवस्थित गर्न लागेनौ भने जतिसुकै क्याम्पस बनाउन जतिसुकै प्राविधिक विश्वबिद्यालय बनाउन  त्यसको कुनै अर्थ छैन त्यसो भएर मतलव बिद्यालय तहको शिक्षा अहिले पनि क्षत बिक्षत भैराखेको छ। अहिले पनि कुनै क्वालिटी दिन सकेको छैन त्यसो भएको कारणले बिद्यालय तहको शिक्षालाई मेगा बिद्यालय,मोडल बिद्यालय अथवा आवसीय बिद्यालय के बनाउने हो, यसको पूर्वाधार निर्माणमा स्थानीय तहले गर्न सकेको छैन त्यसो भएर पूर्वाधार निर्माणको काम प्रदेशले गरोस र त्यस पछाडि त्यसको व्यवस्थापन र आन्तरिक निरन्तरताको काम स्थानीय तहले गरोस। यो दुईटा कार्य बिभाजन गरेर जान जरुरी छ। अनिमात्रै शिक्षामा गुणस्तरीयताको एउटा सम्भावना लिएर जान सक्छौं मलाई त्यस्तो लागि राखेको छ र संचालन हामीले जो भनिराखेका छौं यो अलिकती कृषी भुमी सँग सम्बन्धित बिषयवस्तु यदी विवादित यति धेरै हाम्रा लागि समस्याको बिषयवस्तु बनिराखेका छन। यो सुकुम्बासी, अव्यवस्थित बसोबासको बिषयवस्तु छ। मलाई जहाँ सम्म लाग्छ यो अव्यवस्थित बसोबासलाई हामीले साँच्चै हल गर्ने हो भने सबभन्दा अगाडि सरकारले एउटा उपयुक्त नीति बनाउनु पर्छ। यस्लाई सधैं संक्रमणकाल संक्रमणकाल भनेर तन्काइदिंदा खेरी मान्छेहरु समस्यामा जकडी राख्ने अनि त्यसपछाडि अहिले भुकम्पबाट क्षत बिक्षत बनेका घरहरु बनाउन पनि नपाउने अनि यो स्थितिमा राज्यले सँधै संक्रमणकाल भनेर कहिल्यै त्यसको समाधान दिनु पर्दैन। यो समाधान दिने तर्फ राज्यले अलि बिशेष ढंगले साँच्चै भन्ने हो भने सबैभन्दा धेरै कास्की जिल्लामा सुकुम्बासी समस्या छ। यो समस्या हल गर्ने राज्यले सबैभन्दा नजिक बसेर हल गर्न प्रयत्न गर्न पर्दैन। त्यसो भएर भूमी व्यवस्था अहिले सबैभन्दा टड्कारो बिषयवस्तु छ। भूमी व्यवस्थाको बारेमा सरकारले गम्भिर ढंगले एउटा कार्यक्रममा ल्याओस म आग्रह गर्न चाहान्छु र अर्को बिषय हामीले जो नेपालको सन्दर्भमा हामी आर्थिक रुपमा धेरै पिछाडीएको हामीले मानीराखेका छौं

तर आर्थिक रुपमा जतिसुकै पिछडिए पनि मुलुकमा यदि त्यो वर्ग, त्यो संरचना, त्यो व्यक्ति हरेक मान्छेलाई समावेशी ढंगले तपाईंले चाहिं आफ्नो परिकल्पना गर्ने दिमागमा सेट गर्नु भएन भने जहिले पनि तपाईंले उपेक्षित,उत्पिडित अथवा त्यस्लाई चाहिं निश्चित वर्गको एउटा सभ्रान्त वर्गसँग त्यस्लाई फरक ढंगले बुझ्नु भएन भने त्यो समाज कहिल्यै समावेशी बन्न सक्दैन, कहिल्यै समाजबाद उन्मुख बन्न सक्दैन त्यसो भएको कारणले समाजवाद उन्मुख साँच्चै बनाउने हो भने हामीले एकपटक कमाउनिष्ट बनेर होईन कम्युनिष्ट भएर सोचौं राजनीतिबाट होईन सेवामुलक ढंगले चाहिं सेवाको भावनाबाट उठौं अनि समाज साँच्चै बदलिन्छ।यति राख्दै बिदा हुन्छु। धन्यवाद।

**माननीय सभामुखः-**अब म, माननीय सदस्य श्री आशा कोईरालालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री आशा कोईरालाः-** माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारका आर्थिक मामीला तथा कानून मन्त्री, आर्थिक मामीला तथा योजना मन्त्री माननीय किरण गुरुङ्ले प्रस्तुत गर्नु भएको विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता माथि हामी छलफल गरिरहेका छौं।यति बेला अहिलेको आगामी कार्यक्रमको छलफल गर्दै गर्दा गत बर्षको कार्यक्रमको समिक्षा पनि जरुरी हुन्छ।त्यसकारण गत बर्षको कार्यक्रमको समिक्षा गर्दा यो सान्दर्भिक र वस्तुवादी योजना थियो भन्ने मलाई लागेको छ।किनभने एकाध बाहेक योजना निर्माण समानुपातिक ढंगले भएको छ।जसको दिर्घकालीन प्रभाव र परिणाम पनि देखिएको छ।संघीयताको भावना र मर्मलाई पक्रदै समानुपातिक विकासको अवधारणा अनुसार सबै क्षेत्रमा गुणात्मक र परिणाममुखी उपलब्धि प्राप्त हुने राम्रो संकेत पनि गत बर्षको योजनाले देखाएको छ भलै त्यो पुरा हुन बाँकी छ।चालु आर्थिक बर्षलाई प्रादेशिक नीति नियम तथा कानून तर्जुमा, प्रशासनिक संरचना निर्माण आधार बर्षको रुपमा लिएकोमा त्यस तर्फ पनि गुणात्मक उपलब्धि हाँसिल हुँदै गएकोले गत

बर्षको बजेट तथा कार्यक्रम सफल रहेको देखिएको हो। सबै योजना सम्पन्न हुन नसक्ने अवस्था अहिले सृजना भएको छ। त्यसको कारण पनि हामी आर्थिक बर्षको हामीले यो प्रदेश स्थापनाको शुरु वर्ष भएको हुनाले कार्यन्वयनमा कतिपय समस्या देखिने र योजनाहरु समयमा सम्पन्न हुन नसक्ने र सबै योजनाहरु कार्यन्वयन हुन नसक्ने अवस्था देखिनुलाई हामीले सामान्य रुपमा लिनु पर्छ भन्ने कुरामा म विश्वस्त छु। किनभने यहाँ धेरै कुराहरु हिजोको गत बर्षको पनि आए तर धेरै समय कानून ऐन निर्माणमा नै खर्च भएको हुनाले यो अवस्था आएको कुरामा मैले राम्रो सँग महसुस गरेको छु। सभामुख महोदय, आर्थिक बर्ष ०७६/७७ को बजेटलाई प्रशासनिक संयन्त्रको क्षमता विकास सार्वजनिक सेवा प्रवाहमा सुधार दिगो विकास कार्यक्रम भौतिक निर्माणमा केन्द्रीत गरी संस्थागत गर्दै लगिने कुरा उल्लेख गर्दै समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय लक्ष्य पुरा गर्न सबै खाले विभेदको अन्त्य गरिबी निवारण आर्थिक एवंम वित्तिय सुशासन कायम पारदर्शी र निष्पक्षतामा जोड दिदै नेपालको संबिधानको मुल मर्म र भावना अनुरुप विनियोजन विधेयकको प्राथमिकता र सिद्धान्त वर्तमानको आवश्यकता सम्बोधन गर्ने गरी आएको हुँदा यो सान्दर्भिक छ। संघीय लोकतान्त्रीक शासन प्रणालीलाई सुदृढ गर्ने जनताको संबिधान प्रदत्त अधिकार कार्यन्वयन गराउने दिगो शान्ती र शुसानमा जोड दिदै समानुपातिक एवम् सन्तुलित विकास र समाजीक न्याय स्थापित गर्न श्रोत साधनको समन्यायिक परिचालन गर्ने कुरालाई सिद्धान्तमा र सोही सिद्धान्तमा टेकेर लोककल्याणकारी राज्य स्थापना गर्न आर्थिक सामाजिक पर्यटन लगायत विभिन्न क्षेत्रमा विशिष्ट ढंगले कार्यक्रम निर्माण गर्ने कुरा प्राथमिकतामा राखिएको छ। संघीयताको मर्मलाई पक्रदै दिर्घकालीन सोचका साथ परिणाममुखी कार्यक्रम दिन सक्ने विश्वास बोकेको यो सिद्धान्त र प्राथमिकता प्रति म पूर्ण समर्थन जनाउन चाहन्छु। यति हुँदाहुँदै पनि माननीय मन्त्रीज्यूले केही रचनात्मक सुझावहरुको अपेक्षा गर्नुभएको हुनाले मेरा केही सुझावहरु छन। यो निरंकुश राजतन्त्रको अन्त्य गरेर हामी संघीय

लोकतान्त्रिक गणतन्त्रमा आईपुग्दाखेरी धेरै लामो इतिहास गुजारेका छौं त्यो अत्यन्त संघर्षपुर्ण र गौरवमय छ। त्यो इतिहासका प्रत्यक्ष साक्षी हामी हौं जो संघर्षका विविध आयमबाट हामी यहाँ आईपुग्यौं। त्यो राष्ट्र र जनताको जिम्मेवारी वहन गर्ने सुनौला मौका तपाई हामीले पायौ। त्यो गौरवपूर्ण इतिहासका नायक संघीय लोकतान्त्रिक गणतन्त्रका वाहक हाम्रा आदरणीय शहिदहरु, वेपत्ताहरु, आन्दोलनमा लाग्ने योद्धाहरु, विभिन्न ढंगले पिडीत र प्रभावित युद्धका, आन्दोलनका पिडीत र प्रभावितहरुलाई लक्षित गरेर छुट्टै शीर्षकमा बजेट सहित बिशेष कार्यक्रम राख्नु पर्ने यो प्राथमिकताको क्रममा पर्छ भन्ने मलाई लाग्छ त्यसकारण यसलाई छुट्टै शीर्षक दिएर प्राथमिकतामा राखियोस। अर्को निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको बारेमा केन्द्रले पनि ल्यायो प्रदेशले पनि त्यो अवधारणा अगाडि सारेको छ तर यसमा विभिन्न भनाईहरु विभिन्न अभिव्यक्तिहरु यहाँ प्रस्तुत भईरहेको हुनाले के भन्छु भने जनप्रतिनिधिहरुलाई जनता सँग जोड्छ, स्थापित गर्न मदत गर्छ। यो समानुपातिक विकासको अवधारणालाई सार्थक पार्ने कुरामा पनि यो आवश्यक छ। मुल कार्यक्रमले समेटन नसकेका धेरै कार्यक्रमहरु हामीले कार्यान्वयन गर्न सक्छौं र मुख्य कार्यक्रममा सम्बोधन हुन नसकेका योजनाहरु यहा समेटिन सकिने भएको हुनाले यो आवश्यक छ। तसर्थ यो कार्यक्रमलाई भुगोललाई आधार मानेर कार्यक्रम ल्याउन पर्ने कुरामा म जोड दिन चाहान्छु। हामी समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय सोच पुरा गर्ने तर्फ केन्द्रीत छौं। यसर्थ निम्न वर्गका जनता तर्फ लक्षित कार्यक्रम त्यति छैन जति कार्यक्रमहरु कार्यान्वयन भएर गए ती कार्यक्रमहरु हामीले ठुलो इकाईलाई आधार मानेका छौं। त्यसकारण व्यक्ति र परिवारसम्म यो कार्यक्रम जहिले सम्म पुग्दैन व्यक्ति र परिवारको आर्थिक जीवन जहिले सम्म उठ्दैन तैले सम्म हामीले यो समृद्ध नेपाल र सुखी नेपाली बनाउन सक्दैनौ त्यसकारण व्यक्तिमै केन्द्रीत गरेर, परिवारलाई केन्द्रीत गरेर आर्थिक जिवनस्तर उठाउने खालका योजनाहरु लग्यौं भने मात्र हामीले गरिबी निवारण गर्न

सक्छौं यसलाई पनि प्राथमिकता तर्फ लगियोस् कृषि उत्पादनमा हामीले धेरै जोड दियौं बजारीकरण र उपभोग गर्ने कुरालाई हामीले उचित प्राथमिकता दिन पर्ने छ। त्यसकारण यो उत्पादन भएका वस्तुहरुको बजार नपाएको कारणले नै अहिले किसानहरु हतोत्साहित भईरहेका छन। यसलाई मध्यनजर गरेर बजारीकरण र उपभोगलाई प्राथमिकता दिने तर्फ हाम्रो यो कार्यक्रमहरु केन्द्रीत हुन जरुरी छ। प्राविधिक जनशक्तिमा हामीले जोड दिन पर्छ। स्कुल खुल्ने कुरा त हामीले धेरै गरेका छौं। प्राविधिक बिद्यालय पनि खोलौला तर हाम्रो अहिले बजारमा निर्माण गर्ने जनशक्ति निर्माण मजदुरहरुको अत्यन्तै ठुलो खाँचो छ। आवश्यकता अनुसारको त्यो निर्माण मजदुरहरुको उत्पादन गर्ने कुरामा हामीले जोड दिएर यहि बर्ष घनिभुत रुपमा त्यस्तो छनौट गर्न सक्यौं त्यो वर्गलाई भने हाम्रो राष्ट्रिय आवश्यकता हामीले पुरा गर्न सक्छौं। अन्यथा हामीले जति योजना बनाउँछौ। अहिले पनि मजदुरहरुको अभावले निर्माण जनशक्तिको अभावले योजनाहरु प्रभावित भएका छन यतातर्फ सरकारको ध्यान जाओस। अर्को प्रदेश सभाको व्यवस्थापन बिशेषगरि हामी प्रदेश सभामा छौं। यो प्रदेश सभामा एउटा एक बर्ष डेढ बर्ष बितिसक्दा पनि हामीले राम्रो व्यवस्थापन भएको पाएका छैनौं। एउटा राम्रो पुस्तकालय पनि छैन। ईलेक्ट्रोनिक पुस्तकालय भयो भने अझै राम्रोसँग प्रविधी सँग जोडिएर हाम्रा विविध कर्मचारी लगायत सम्पूर्ण सभासद् मित्रहरुले पनि आफ्नो क्षमता विकास गर्ने र धेरै कुराहरुको अध्ययन गर्ने अवसर पाउनु हुन्थ्यो। अनुसन्धान गर्ने अवसर पाउनु हुन्थ्यो। त्यसकारण यो व्यवस्थापनमा बिशेष ध्यान जाओस र म एउटा नितान्त मलाई लागि रहेको कुराहरु सबै मानिसले हामी संघीय लोकतान्त्रीक गणतन्त्रमा आयौं। गणतन्त्र आएपछि सबै मानिसहरुले के सोचे भने हामी जन समुदायको धारणा कस्तो भयो भने अब हामी स्वतन्त्र भयौं। अब हामीले जे गरे पनि हुन्छ भन्ने ढंगले हामी सबै कामको लागि स्वतन्त्र भएको अनुभुति गर्दै त्यसको माग गर्न थाल्यौं के स्वतन्त्रता विना कुनै लगाम विना कुनै परिधि स्वतन्त्रता हुन्छ र

हामीसँग संबिधान छ, कानून छ, ऐन छ, नियम छ, सामाजिक मर्यादा छ, संस्कार छ, यि यावत कुराहरुलाई मध्यनजर गरेर हाम्रो नीति तथा कार्यक्रममा आगामी आउने नीति तथा कार्यक्रममा स्वतन्त्रताको परिभाषा गर्नका लागी म हार्दिक अनुरोध गर्दछु। त्यस्तै यो स्वतन्त्रताको परिभाषा गर्ने बित्तीकै हामीले यो सुशासनको कुरालाई पनि सुशासन कायम गर्ने कुरालाई पनि प्राप्त गर्न सक्छौं। अहिले स्वतन्त्रताको उपभोग गर्न माग गर्दा खेरी सुशासन कायम गर्न असर परेको मैले अनुभुति गरेको छु। विपद व्यवस्थापनको पुर्व तयारी साथै परिवर्तनलाई लक्षित गरेर हामी जुन खालको परिवर्तित अवस्थामा आईपुगेका छौं। अहिले राजनैतिक परिवर्तन पछिको हाम्रो पाठ्यपुस्तकहरु परिमार्जन गर्ने कुरा त्यहाँ लेखिएको छ। अब यहि कुरालाई मध्यनजर गरेर अहिलेको सान्दर्भिक पाठ्यक्रम तयार गर्न जरुरी देख्छु मैले। अहिले बिद्यालयमा पढाईरहेका पाठ्यक्रमहरु हिजैका पाठ्यक्रमहरु जो हामीले इतिहास फेरेर त्यसको तथ्य परिवर्तन भएको छ। त्यो ढंगले प्रस्तुत भएको छ। त्यसकारण यी सबै कुराहरुलाई प्राथमिकतामा राखेर आगामी नीति कार्यक्रम र बजेट आओस यही अनुरोध गर्न चाहन्छु। धन्यबाद ।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य रामजी प्रसाद बराल जीवनलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य रामजी प्रसाद बराल जीवनः-** माननीय सभामुख महोदय, हामी सुधारिएको संसदीय व्यवस्थाको अभ्यास प्रक्रियामा अगाडी बढ्दै गर्दा ०७६/७७ को बजेट छलफल कार्यक्रममा उपस्थित भएका छौं। सभामुख महोदय, विनियोजित विधेयक २०७६/७७ का सिद्धान्त र प्राथमिकतामा आर्थिक मामीला तथा योजना मन्त्री माननीय किरण गुरुङले प्रस्तुत गर्नु भएको छ। गत बर्षको व्यवहारिक अनुभव ज्ञानका सिमा, जनताको चाहाना प्रारम्भिक व्यवस्थापन आदिको जगमा जुन सिद्धान्त र प्राथमिकता प्रस्तुत गरिएका छन। जमिनमा टेक्न कोशिस गरिएको मैले अनुभुति गरेको छु। यसर्थ जुन मेहनत अर्थमन्त्री सहितको टिमले गरेको छ। आभार सहित

धन्यवाद व्यक्त गर्दछु। ६ वटा बुँदामा सिद्धान्त प्रस्तुत गरिएका छन। ती ६ वटा बुँदामा गरिएको सिद्धान्तको व्याख्याको हिसाबले असाध्यै महत्वपुर्ण बुँदा मलाई ११ नं लाग्छ, बुँदा नं ११ मा बहुत खँदिलो बिषयवस्तुहरु राखिएको छ। जनताको सार्वभौमिक अधिकार, स्वायत्तता, स्वशासन, दिगो शान्ति, सुशासन, विकास, समृद्धी, स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राख्ने कुरा धेरै हिसाबले सुन्दर सिङ्गै यो सिद्धान्त र प्राथमिकताको सार बोकेको अनुभुति मलाई भएको छ। साथसाथै सैद्धान्तिक हिसाबले संघीयता, गणतन्त्र, धर्म निरपेक्ष, समावेशी, समानुपातिक, सामाजिक न्याय, समाजवाद उन्मुख अर्थव्यवस्था महत्वपुर्ण पुँजीहरु हुन। यी महत्वपूर्ण पुँजीरुपी सन्तान जन्माउने ती आमा को हुन। नाम निसाना हराएको हो की जस्तो मैले महसुस गरेको छु। यसर्थ साच्चै जनयुद्ध, जनआन्दोलन केवल शब्द मात्रै हैनन। यी त महत्वपुर्ण पुँजी सन्तान जन्माउने आमाको स्थान हाँसील गरेका शब्दहरु हुन। साथै जीवनको कुनै प्रवाह नगरी रगत बगाउने शहीद, वेपत्ता योद्धा, घाईते अपाङ्गको कुनै स्थान छैन र धेरै खोजे कतै देखिएन मन धमिलो भयो। सायद कम्प्युटरले गल्ती गरेको होला मिस्टेक गरेको होला मैले महसुस गरेको छु। आगामी दिनमा नीति तथा कार्यक्रममा सम्बोधन हुने नै छ। द्वन्द प्रभावित शीर्षकमा छुट्टै बजेटको व्यवस्था पक्कै हुनेछ मैले आशा लिएको छु। प्राथमिकताका बत्तीस वटा बुँदामा अधिकाँश बिषयमा समेटीएको छ। सकारात्मक छन तर प्रदेश समृद्धिको मुख्य आधार पर्यटनलाई भन्दै गर्दा प्रदेशको राजधानी पोखरा, पर्यटनको राजधानी पनि पोखरा भएको हुँदा शुद्ध पिउने पानी त्यति मात्रै हैन सिधै धाराबाट पिउन सकिने पानीको व्यवस्था आवश्यक हो कि मैले महसुस गरेको छु। त्यसै गरी अत्याधुनिक बसपार्क छैन लथालिङ्ग छ। त्यस्तो अस्तव्यस्त सवारी पार्किङको व्यवस्थापन प्राथमिकताका बिषय हुन। जोड दिन जरुरी छ। राजधानीमै सुकुम्बासी समस्या छ। असाध्यै चर्को समस्या छ। आगामी दिनमा नीति र कार्यक्रममा समावेश गर्नु पर्छ होला मेरो सुझाव रहेको

छ। त्यसका अतिरिक्त पालिकाका केन्द्र सँग वडाको केन्द्र जोड्ने बाटो प्राथमिकतामा राखिएको छ। यसलाई महत्व दिइयोस जसलाई हामी चक्रपथ पनि भन्ने गर्छौं। यो अतिनै महत्वपूर्ण छ। बजेटमा राम्रै हिसाबले व्यवस्था गरियोस भन्ने पनि मेरो सुझाव रहेको छ। र त्यसैगरी निर्वाचन क्षेत्र पुर्वाधार कार्यक्रम सबै माननीयहरुलाई मन नपर्ने कुरा छ। मैले यो सैद्धान्तिक हिसाबले, राजनैतिक हिसाबले हाम्रो अभियानमा सहयोगात्मक छैन भन्ने मेरो बुझाई छ। किनभने हामी एकात्मक र केन्द्रीकृत राज्यको अन्त्य गरेर समाजबाद उन्मुख संघीय लोकतान्त्रीक गणतन्त्रको अभ्यासमा छौं। अहिले टोल टोलमा सरकार हुनुको नाताले सायद यो बजेटको औचित्यता त्यति छैन भन्ने मेरो व्यक्तिगत यो धारणा हो। म त के पनि भन्न चाहान्छु भने संभवत गण्डकी प्रदेशले सबै माननीयहरुलाई बजेट विनियोजन गऱ्यो। तिन करोड त पक्कै गर्छ होला। तिन करोडका हिसाबले हेर्दाखेरी एक अर्ब असी करोड बजेट हुन्छ। त्यो एक अर्ब असी करोड महत्वपूर्ण उद्योगमा हामीले लागु गऱ्यौं भने जस्तै रबर उद्योगको कुरा पनि आएको छ। अरु उद्योगका कुरा पनि छन। त्यहाँ रोजगारीको पनि व्यवस्था हुन्छ र ठोस रुपमा देखिन्छ भन्ने मेरो मान्यता रहेको छ। अन्तिममा मैले के पनि राख्न चाहन्छु भने स्वभाविक रुपमा बिरोधको लागी बिरोध हैन वर्तमान राज्य प्रणाली प्रति सबै खासगरी मुख्य राजनैतिक दलहरुको एक्यबद्धता, वर्तमान राज्य प्रणालीमा मुख्य राजनैतिक दलको ऐक्यवद्धता हुनुको नाताले गुण र दोषको आधारमा विरोध गर्ने कुरा सचेत गराउने कुरा जरुरी छ। हामी सबैको उदेश्य भनेको समृद्ध नेपाल, सुखी नेपाली जो भनेका छौं। त्यो समृद्ध नेपाल सुखी नेपालीको दिशामा अगाडी बढ्ने कुराका सन्दर्भमा आपसी सहमति, समझदारी गर्दै दोष देखिए देखि विरोध गर्ने कुरा नकि विरोध गर्नका लागी बिरोध गर्ने कुरा त्यति वान्छनीय हुदैन र हामीले क्रमश उन्नत प्रकारको संस्कार पनि विकास गर्न जरुरी छ भन्ने मलाई लागेको छ एकातिर भने अब अर्कोतिर यो एकिकृत बस्ती अभियान नयाँ नेपालको पहिलो आधार बन्छ

बनाउन पर्छ भन्ने मेरो मान्यता छ। गण्डकी प्रदेशका जिल्लाहरु मध्ये सबैभन्दा छरिएको बस्ती छरिएको जिल्ला कुन छ त्यो छनौट गरेर त्यहाँ अभियानात्मक हिसाबले एकिकृत बस्ती अभियानलाई अगाडी बढाउन सक्दा खेरी साँच्चै नयाँ नेपालको एउटा मोडल तयार हुन सक्छकि भन्ने मेरो सुझाव रहेको छ। यिनै बिषय सहित प्राथमिकता र सिद्धान्त सुन्दर छन यिनै सुन्दर प्राथमिकता र सिद्धान्तको जगमा नीति कार्यक्रम आउनेछ र ती नीति कार्यक्रमलाई सम्बोधन हुने गरी बजेट प्रस्तुत हुनेछ। हामी सबैले त्यहि अपेक्षा गरेका छौं र हामी फेरी पनि एकताबद्ध हिसाबले अगाडी बढ्ने, गुण र दोषका आधारमा आलोचना गर्ने, टिप्पणी गर्ने संस्कार विकास गर्ने प्रयत्न गरौं। यही अपेक्षा सहित विदा हुन्छु। धन्यवाद।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य श्री गायत्री गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री गायत्री गुरुङः-** माननीय सभामुखज्यू, आज हामी आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङ्ले यो विनियोजन विधेयक, २०७६ को यो सिद्धान्त र प्राथमिकताको बिषयमा हामी छलफल गर्दैछौं। मलाई लाग्छ हाम्रो माननीय मन्त्रीज्यूले असाध्यै सरल हिसाबले, सबैले बुझ्ने हिसाबले बजेटको यो सिद्धान्त र प्राथमिकता ल्याउनु भएको छ। खास गरी अहिले हामी सबैले चाहेको चाहे जनता सरकार हाम्रो एउटा लक्ष्य छ। एउटा समृद्ध नेपाल र सुखी नेपाली बनाउने हाम्रो जुन लक्ष्य छ। त्यो लक्ष्य चुम्नको निम्ती गण्डकी प्रदेश सरकारले पनि यो प्रदेशका जनतालाई सुखी बनाउने कुरा यो गण्डकी प्रदेशलाई एउटा समृद्ध बनाउने कुरा त्यो लक्ष्य लिएर यो बजेटको सिद्धान्त र प्राथमिकता आएको छ। यो सिद्धान्त र प्राथमिकतामा हाम्रो दलको तर्फबाट, मेरो तर्फबाट पूर्ण समर्थन गर्दछु र माननीय मन्त्रीज्यू, मन्त्रालय सबैलाई म हृदय देखि धन्यबाद दिन चाहान्छु र अलिकति यहाँ मैले सुझाव भन्नु भएको कारणले गर्दाखेरी अलिकति मैले सुझाव राख्ने कोशिस मात्रै गरिराखेको छु। सबै असाध्यै राम्रो आएको छ। यसलाई

विरोध गर्नु पर्ने त्यस्तो केही मैले देखेको छैन तर मैले थप्नु पर्ने बिषय मात्रै मैले थोरै राख्न चाहन्छु।खासगरी हामी जुन ठाउँमा उभिएका छौं।अहिले मैले खैरो कोट लाई राखेको छु।मैले गण्डकी प्रदेशको लोगो लगाएर म यो सदनमा उभिएर तपाईहरुको बिचमा छलफलमा भाग लिइराखेको छु।हामीलाई यो स्थानसम्म ल्याउनको निम्ति हाम्रा महान शहीदहरुलाई हामीले सम्झिनेकी नसम्झिने वेपत्ता योद्धाहरुलाई हामीले सम्झिनेकी नसम्झीने घाईते योद्धाहरुलाई सम्झिनेकी नसम्झिने र थुप्रै यो मुलुकको परिवर्तनकामी आन्दोलनमा सहभागी हुने थुप्रै यातना भोग्नु भएका जनता साथीहरुलाई हामीले सम्झिनेकी नसम्झिने भन्ने यसलाई पनि अलिकती ध्यान पुर्वक राख्न पर्छकि यसलाई प्राथमिकतामा राख्न पर्छ कि जस्तो मेरो सुझाव छ।खासगरी हामीले देखेका छौं।हामी पनि त्यही परिवेशबाट आएका हौं।खासगरी एक कान्ला अघि हामी छलिंदै आयौं होला एक कान्लाले शहीद हुनु भए होला। हामी त्यही पृष्ठभुमिबाट आएको हुनाले मलाई लाग्छ।शहिद हुनेहरु शहीद भएर गैसक्नु भएको छ,यो मुलुकको निम्ति बाँचेकाको व्यवस्थापन यो मुलुकको निम्ति आफ्नो जीवन उत्सर्ग गर्ने साथीहरुको परिवारहरुको निम्ति हामीले चाहिँ त्यो व्यवस्थापनको निम्ति हामीले प्राथमिकतामा राख्ने कुरालाई सरकारले ध्यान केन्द्रीत गरिदिनको निम्ती म हार्दिक विनम्र अनुरोध गर्न चाहान्छु।वेपत्ता योद्धाको स्थिती त्यस्तै छ।वेपत्ता योद्धाको स्थितिको कुरा गर्दा खेरी मलाई लाग्छ कतिखेर लास आउने हो सास कि लास आउने भन्ने स्थितीमा छ।न लास आउँछ न सास आउँछ।वेपत्ता योद्धाहरुको स्थिति त्यस्तो छ।उनीहरुलाई खोजी कार्य गर्ने कुरा उनको परिवारको व्यवस्थापन गर्ने कुरामा पनि हामीले ध्यान दिन पर्छ जस्तो लाग्छ।यसलाई पनि प्राथमिकतामा राख्ने कुरालाई ध्यान जाओस म विनम्रतापूर्वक यो निवेदन गर्न चाहान्छु र अरु कुराहरु चाहिं यहाँ सबै ठिकै आएको छ।अब यसलाई यो आधारमा बजेटको सिद्धान्त र प्रथमिकता छ।यसमा टेकेर पक्कै पनि नीति कार्यक्रम अब हामीले एउटा समृद्ध प्रदेश बनाउने जुन अभियान छ।हाम्रो

गण्डकी प्रदेशको लक्ष्य छ, सरकारको लक्ष्य छ, त्यो चुम्ने गरेर विकासको बजेट पनि आउनेछ भन्ने एउटा पूर्ण आशा गर्दै सरकार प्रति, माननीय मन्त्रीज्यू प्रति म हार्दिक पुन आभार व्यक्त गर्दै मेरो यो सिद्धान्त र प्राथमिकता प्रति पूर्ण समर्थन रहेको जानकारी गराँउदै मेरो भनाई यहि अन्त्य गर्न चाहान्छु। हवस त अभिवादन ।

**माननीय सभामुखः-** अब माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री मेखलाल श्रेष्ठः**- माननीय सभामुख महोदय, आज हामी यो २०७६/७७ को बजेटको सन्दर्भमा सिद्धान्त तथा प्राथमिकताको बिषयमा मलाई लाग्छ तेस्रो पटक हाम्रो प्रदेश सभा गठन भएदेखि तेस्रो पटक छलफलमा आज छलफल गरिरहेका छौं र त्यसै बिषयमा छलफल गर्न म यहाँ उपस्थित भएको छु। माननीय आर्थिक तथा मामीला मन्त्रीज्यूले बडो मेहनतका साथ पैंतालिस बुँदागत रुपमा आफ्नो सिद्धान्त र प्राथमिकताहरु तोक्नुभएको छ। त्यसको लागि उहाँलाई बधाई नै छ। यो सिद्धान्त र प्राथमिकताको बिषयमा आज छलफलमा आँउदै गर्दा आजभन्दा पहिला हामीले यस्तै छलफल दुईपटक गरिसकेका छौं। ती दुईचोटिका छलफलहरुको परिणामहरु के आए त्यसमा भएका कमी कमजोरीहरु के के आए त भन्ने कुरामा पनि एक पटक जानु पर्छ जस्तो मलाई लाग्छ। हामी रोष्टममा या आफ्नो ठाउँबाट उभिएर बोल्दा खाली विरोध मात्र गर्न उभिएको हो। यसले बोलेका प्रत्येक शब्दहरु विरोधका लागि मात्रै बोलेको भन्ने एउटा नेपाली परम्परा छ त्यसलाई हामीले सुधार्न पनि जरुरी छ र सुध्रिन पनि जरुरी छ। हामी पक्कै पनि विकासको विरोधी हुँदै होईनौं नेपाली जनता प्रदेशका जनताले हामीलाई विकास गर्नका निम्ति र प्रदेशका जनताहरुको लागि भलाई गर्नका लागि यो ठाउँमा पुऱ्याएका हुन भन्ने मलाई लाग्छ। हामीले त खाली के मात्रै जाहेर गर्न खोजेका हौं भने बोलीले मात्रै हुँदैन व्यवहारमा पनि ल्याउनु पर्दछ त्यही भएर नियत

सफा राखौं हामीले नियत माथी मात्रै शंका गरेको हो। त्यो नियत सफा छ कि छैन पहिला आँफुले मम भन्दा पुग्छ। आज भन्दा पहिला प्रदेशका दुईटा बजेटहरुमा छुट्टाइएका भौतिक योजनाहरु, बाटाघाटाहरु के कति कहाँ पुगे ति कुराहरु आज प्रष्ट छन ति कुराहरुलाई प्रदेश सरकारले कसरी प्राथमिकताका साथ अगाडी बढाउनु पर्थ्यो या पर्थेन भन्ने कुराहरु आज जग जाहेर छ। आजभन्दा पहिला चाहे त्यो काँग्रेसको सरकार होस चाहे त्यो संयुक्त सरकार होस, चाहे त्यो अल्पमतका सरकारहरुले नेपाली जनताहरुको लागी लगाएको र शुरु गरेका विभिन्न बाटाघाटाहरु अहिले पनि छरपस्ट रुपमा चाहे त्यो संघले होस चाहे त्यो प्रदेशले होस नलिएका कुराहरु हाम्रा अगाडी छन। मैले भन्नै पर्दा मेरै जिल्लाको कुरा गर्नु पर्दा बिशेष गरेर चारवटा बाटाहरु त्यो राङ्गखोला बिरुवा हुने दुईटा केन्द्र जोड्ने होस या मिर्दि देखि चापाकोट जाने दुईटा केन्द्र जोड्ने होस या हेलु अर्जुनचौपारी हुँदै पर्वत र वालिङ हुवास हुँदै पर्वत दुईटा जिल्ला जोड्ने बाटाहरु अहिले त्यो छरपस्ट रुपमा दुईटै सरकारले नलिएको अवस्थामा छ। यो कमसेकम प्रदेश सरकारले त्यसमा ध्यान दिनुपर्छ भन्ने मलाई लाग्दछ। हामीले कागजमा बोलीमा दिगो शान्ति, प्रशासनिक सुधार र गरिबी निवारण भन्ने जस्ता धेरै कुराहरु भाषणमा, सदनमा घोक्दै हिंडेका छौं तर ति कुराहरु भएकि भएनन, ति कुराहरु पुरा भए की भएनन, आज यो प्रदेशमा निमुखाहरुले सुख पाएका छन् कि छैनन्, गरिबहरुले खान पाएका छन् कि छैनन भन्ने कुरा जग जाहेर छ र अब आँउदा त्यो प्रदेश सरकारले गर्नुपर्ने हो कि होईन र गर्नुपर्ने छ कि छैन भन्ने कुरा प्रदेश सरकारले गम्भिरताका साथ आफ्नो आज भन्दा अगाडी भएका कमी कमजोरी गल्तीहरुलाई सुधारेर अगाडी बढाओस् प्रतिपक्षले त्यसको विरोध गर्नै पर्दैन किनभने त्यो विरोध गऱ्यो भने बल्ल विरोधका लागि विरोध भन्ने कुरा सबैले थाहा पाँउछन र अहिले हामी गाउँमा गयौं। हाम्रो सत्ता पक्षको मुख्य सचेतकले भन्नु भयो शहरलाई होईन गाउँलाई विकास गर्नुपर्दछ। हामी त त्यही पार्टीका कार्यकर्ता हौं जुन पार्टीका

प्रधानमन्त्रीले योजना बनाउँदा भित्तामा शहरमा बसे पनि तपाईंले गाउँको कुरा बिर्सनुहुन्छ। त्यसो भएर हलो जोत्ने र डोको बोक्नेको फोटो राखेर मात्र योजना बनाउनुस तपाईंले गाउँको सम्झना आपसेआफ आउँछ। शहरमा बसेर बनाएको योजना भन्ने पार्टीका हामी कार्यकर्ता भएका हुनाले हामीले त त्यसलाई समर्थन नगर्ने कुरै भएन सहयोग नगर्ने कुरै भएन। हामीले गाउँका जनताहरुले विकास गर्नुपर्दछ विकासको फल चाख्नु पर्दछ भन्ने एउटा सिद्धान्तका साथ आज गण्डकी प्रदेश त्यसमा पनि दुई बर्ष चल्दै गर्दा हामीले धेरै कुराहरुमा धेरै साथीहरुले भन्दाभन्दै पनि प्रतिपक्ष होईन सहसत्ता पक्ष, सहसत्ता पक्षको हामीले भुमिका निर्वाह गर्दै आएका छौं तर हामीलाई सहसत्ता पक्षको भुमिका निर्वाह गर्दै गर्दा सत्ता पक्षका साथीहरुले कमजोरी ठानेर हामीलाई पेल्दै पेल्दै डिलमा पुऱ्याउन थाल्नु भयो भने हामीले त्यसबेला डिलबाट खस्नबाट बच्नका लागि उपायहरु अपनाउछौं भन्ने कुरा तपाईंहरुलाई जग जाहेरै छ। त्यो कुरा तपाईंहरुले पनि समय समयमा उपायहरु अपनाएको कुरा यो देशको इतिहास साक्षी छ। वित्तिय अनुशासनको कुरा धेरै गरिए। वित्तिय अनुशासन आज भन्दा पछि लागु होस। हाम्रो एकदम अर्थमन्त्रीज्यू अनुभव प्राप्त हुनुहुन्छ। अनुभवबाट खारिंदै अबको समयमा वित्तिय अनुशासनलाई कार्यन्वयन गर्नको लागी अझै सफलता मिलोस शुभकामना दिन्छु तर दुर्भाग्य भन्ने एउटा गर्ने अर्को र वित्तिय अनुशासनको कुरा जति धेरै गरिन्छ त्यतिनै संस्थागत रुपमा वित्तीय अनुशासनहिन भएको कुरा केन्द्रदेखि नै सुन्न पाईएको छ। चाहे त्यो वाइडबडीमा होस चाहे त्यो तेत्तिस किलो सुनमा होस चाहे त्यो एनसेल देखि लिएर बुढीगण्डकीमा किन नहोस तर आशा छ हामी यो प्रदेशमा हाम्रा अनुभवी मन्त्री हुनुभएको हुनाले त्यसमा उहाँले ख्याल गरेर त्यसलाई प्रमाणित गर्नुहुनेछ भन्ने विश्वासका साथ उहाँलाई त्यसमा सफलता मिलोस शुभकामना दिन चाहन्छु। हामी मानव अधिकार समानुपातिक विकासका कुरा गरिराखेका छौं यो कुरा खाली भनाईमा मात्र सिमित भएको छ। कागजमा मात्रै सिमित भएको छ। समानुपातिक

रुपमा सबै ठाउँमा विकास हुँदो हो त कोही जनता पनि अहिले रुष्ट हुने थिएनन्। कोही जनता पनि विरोधी हुने थिएन। सबैले यो सरकारको सपोर्ट गर्थे। हामीले निर्वाचन लड्दा निर्वाचनमा भोट हाल्दा विभिन्न पार्टीहरुलाई भोट हाल्ने जनताहरु हुन्छन। विकासको निर्माण गर्दा जुन दिन हामीले जुन ठाउँमा बसेर विकास गर्ने एउटा सपथ खाएका छौं। त्यसले कहिल्यै पनि पक्षपात गर्नु हुदैन भन्ने एउटा सिद्धान्त त छ तर देखिन्छ पक्षपात भएको छ। आजभन्दा पहिला यहि सरकारले कृषिमा बाँडेका कति योजनाहरु कति पक्षपात भए भन्ने कुरा प्रष्ट रुपमा देखिन्छ। त्यहाँको नम्बरिङ दिदा जनयुद्धमा धेरै साथीहरुले शाहदत प्राप्त गर्नु भयो हामीले स्विकाछौं। दश बर्षे द्वन्दकालमा धेरै जनताहरुले पनि दुख पाएका थिए। ति जनताहरुले दुख पाएका जनताहरुको नाँउमा कुनै पनि नम्बरीङ आएन। हो उहाँहरुले बढी दुख गर्नु भयो होला। कम दुख कम सास्ती अरु साथीभाईहरुले पाउनु भए होला। उहाँहरुले पनि त्यसको नम्बरीङ पाउने गरी त्यो योजनाहरु त्यो विकासको निर्माणहरुमा उहाँहरुलाई सहभागिता गराइदिएको भए अझै सुनमा सुगन्ध हुन्थ्यो होला। अब आउने सरकारले यो बजेटमा ०७६/७७ मा त्यता तिर पनि ध्यान दिन्छ जस्तो मलाई लाग्छ। त्यसमा दिनु पनि पर्दछ। भ्रष्टाचार जति हुन्छ त्यति धेरै महँगाई बढ्छ। भ्रष्टाचार रोकिएन भने महँगाई रोक्न सकिदै सकिदैन किनभने भ्रष्टाचारबाटै कमाएका पैसाहरु विभिन्न ठाउँमा प्रयोग हुन्छ र त्यसले अटोमेटीक रुपमा महँगाई बढ्छ। भ्रष्टाचार जति रोकिदै जान्छ। महँगाई त्यतिनै रोकिदै जान्छ। सुशासन त्यतिनै कायम हुँदै जान्छ। त्यसो भएको हुनाले म यो आजभन्दा पहिला दुई बर्षमा यी यस्ता कुराहरुमा यो सरकार धेरै कमजोरीहरु देखिए। यसलाई धेरै मात्रामा सुधार गर्न जरुरी छ। त्यसो भएको हुनाले यो सरकारले त्यसलाई सुधार गर्दै अगाडि जाओस नकि समानुपातिक विकास गर्दै लोकतन्त्रको स्थापना गर्ने भनेर भाषणमा भन्ने तर नेपाली उखान छ नि मुखमा राम राम बगलीमा छुरा भन्न त भन्ने भाषणमा गर्ने जनतालाई ढाँट्ने ढाँट्नको लागि

बोल्ने तर व्यावहारमा उतार्दाखेरी हैन त्यो त कहाँ हो त्यो त काँग्रेस पार्टीमा भोट हालेको त्यो त अर्को पार्टिमा भोट हालेको त्यो ठाउँको त्यो भेगको जनताले त हामीलाई भोटै दिएको हैन त्यो ठाउँमा विकास निर्माण गर्न हुदैन भन्ने कुरा जुन एउटा ठाउँठाउँमा देखिएको छ। त्यो कुरा आउँदो बजेटमा आउँदो सालहरुमा गण्डकी प्रदेशले त्यसलाई निराकरण गर्दै जाओस र त्यो कुरा झलक नआओस भन्ने एउटा म तपाईंहरु सामु राख्न चाहन्छु। सामानुपातिक समाज, समानतामुलक समाज, उच्च आर्थिक वृद्धिदर भनेर सरकारले भन्ने तर राजश्व कसरी उठाउने भन्ने एउटा नीति नलिने अनि वैदेशीक ऋणको भारमा अन्तबाट कतैबाट सहायता आउँछ कि भन्ने नाउँमा विकास गर्छु भन्ने कुरा कृपा गरेर हाम्रो गण्डकी प्रदेशको अर्थमन्त्रीज्यूले नराखिदिनु हुन अनुरोध गर्दै कृषिमा हामीले आमुल परिवर्तन गर्नुछ यो कृषिलाई आमुल परिवर्तन गरेर मात्रै यो प्रदेशको विकास हुन्छ भन्ने मलाई लागेको छ।पक्कै पनि आँउदो यो बजेटमा कृषिलाई महत्वपुर्ण योगदान पुग्ने गरी बजेट विनियोजन हुन्छ भन्ने मलाई लाग्छ मेरा केही शब्द यही राख्दछु। धन्यवाद। जय नेपाल।

**माननीय सभामुखः-** माननीय सदस्य श्री मोहन रेग्मीलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री मोहन प्रसाद रेग्मीः-** माननीय सभामुखज्यू, आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङद्वारा प्रस्तुत २०७६ जेष्ठ १७ गतेमा प्रस्तुत विनियोजन बिधेयक, २०७६ मा ०७६/७७ को सिद्धान्त र प्राथमिकताका सन्दर्भमा हामी छलफलमा छौं।सबैभन्दा पहिला प्रदेश सरकारले विगतमा लिएको नीति त्यसका प्राथमिकताका क्षेत्र र त्यसको कार्यान्वयनको सन्दर्भमा चालु आर्थिक बर्षमा भएको हाम्रो नीति निर्माण गर्ने सन्दर्भमा, कानून निर्माणको सन्दर्भ र प्रशासनिक संरचना निर्माणको सन्दर्भमा जुन खालको आधार तयार गर्‍यो र त्यो आधारको समिक्षाका साथ आगामी बजेटमा कसरी अगाडि बढ्ने भन्ने खालको प्रष्ट

दृष्टिकोण यो विनियोजन विधेयकमा उल्लेख गरिएको छ। बिशेष गरेर प्रशासनिक संयन्त्रको विकास सार्वजनिक सेवा प्रवाहमा सुधार दिगो विकासका कार्यक्रम तथा मौलिक भौतिक पुर्वाधार निर्माणमा केन्द्रीत हुदै यसको संस्थागत विकास र पारदर्शितालाई अगाडी बढाउने प्रतिवद्धता जाहेर गर्दै यो विनियोजिन विधेयकका सन्दर्भ उल्लेख गरिएको छ र यो मलाई लाग्छ यसले सकारात्मक सन्देश दिएको छ र हामीले जनताका सामु हामीले अगाडि सारेका योजना र प्राथमिकतालाई आत्मसाथ गर्न सक्ने गरी अगाडि आएको छ भन्ने मैले महसुस गरेको छु। सुखी नेपाली र समृद्ध राष्ट्र बनाउने अभियानमा हाम्रो प्रदेशको अभियान अर्थात प्रदेशको दिगो शान्ति, दिगो विकास र यो प्रदेशका जनतालाई समृद्ध बनाउने अभियानको सन्दर्भ पनि सुशासनको पनि सन्दर्भ किन नहोस आर्थिक सामाजिक रुपान्तरणको सन्दर्भ किन नहोस सबै प्रकारका विभेदको अन्त्य गर्दै सन्तुलित विकास सहितको समुन्नत प्रदेश निर्माण गर्ने जुन दृढ विश्वास लिएको छ। मलाई लाग्छ यसले यस प्रदेशको समृद्धि तिर विकासमा महत्वपुर्ण भुमिका निर्वाह गर्न सक्छ मलाई यस्तो लागीरहेको छ। स्वभाविक छ, हामी तिन तहको सरकारको परिकल्पनाबाट अगाडि बढेका छौं। केन्द्रीय सरकारबाट प्राप्त अनुदान र प्रदेश सरकारको आफ्नो श्रोतलाई परिचालन गर्दै यसको उपयोग गर्दै आर्थिक अनुशासन र वित्तिय सुशासनमा यसले जोड दिएको छ। यो पनि लाग्छ सकरात्मक पक्ष हो। यसले सकारात्मक सन्देश दिएको छ। आगामी बजेट निर्माण गर्ने सन्दर्भमा विगतका केही समिक्षा गर्दै यसले जुन खालको बजेट निर्माणको प्रकृयाका सन्दर्भ उल्लेख गरेको छ। पारदर्शी ढंगले विगतमा उठेको जुन खालको एक खालको बजेट कार्यन्वयन गर्ने सन्दर्भमा हाम्रो आर्थिक श्रोत हाम्रो संयन्त्रको कारण जुन ढंगले हामी केही सिमित बजेट राखे भन्ने चर्चा चलेको थियो यसलाई प्रक्रियागत ढंगले सम्बन्धित क्षेत्रमा विनियोजित गर्ने खालको जुन लक्ष्य लिएको छ। यि सबै कुराले गर्दा हामी के देख्छौं भने अहिले यो बजेट निर्माण गर्ने सन्दर्भमा नीति र कार्यक्रम आउने सन्दर्भमा र बजेट निर्माण गर्ने

सन्दर्भमा यसले एउटा मार्ग निर्देशन गरेको छ र त्यो ढंगले अगाडी बढ्नेछ र आज हामी देखिरहेका छौं। संविधानको मुलभुत सिद्धान्तलाई यसको मर्मलाई यसको भावनालाई अनसरण गर्दै हामीले अगाडि सारेका योजनाहरु त्यसका प्राथमिकताहरु र यसको परिवेशमा उभिएर आगामी सरकारले बनाउने बजेट र नीति केन्द्रिय सरकारको बजेट सँग पनि हाम्रो तारतम्य मिलाउने गरी प्रदेश सरकारले दिर्घकालिन लक्ष्यका साथ आफ्नो योजनाहरु अगाडी सारेको छ।कार्यान्वयन गर्ने सन्दर्भमा अन्तराष्ट्रिय सम्बन्ध र हाम्रो यो प्रदेशबाट समन्वयात्मक ढंगले भुमिका निर्वाह गर्दै यसका अवधारणाहरुलाई कार्यान्वयन गर्ने दिशामा पनि ठोस रुपमा उल्लेख गरेको छ।यसले यी बिषयहरु उठाईसकेपछी विनियोजन बिधेयकको सिद्धान्तको सन्दर्भमा धेरै चर्चा भैसकेकोछ।म धेरै चर्चा गर्न चाहन्न मुलत यसले संघीय लोकतान्त्रीक गणतन्त्रलाई सुदृढ गर्ने सिद्धान्तलाई आत्मसाथ गरेको छ।यो हामी सबैको साझा प्रतिबद्धता हो।लैङ्गिक समानता, समानुपातिक समावेशी सहभागिता र सामाजिक न्याय सहितको लोककल्याणकारी व्यवस्थाको सन्दर्भमा हामी सबैले स्वीकार गरेको पक्ष हो।यसलाई मलाई लाग्छ, अब हामी यस्तो सिद्धान्तको आधारमा उभिएर अगाडी जाँदा हामिले यसलाई व्यवहारमा कार्यन्वयन गर्न सबैको प्रतिबद्धता भयो भने सक्छौ र साँच्चिकै हामीले आत्मसाथ गरेको संघीय लोकतान्त्रीक गणतन्त्रलाई कार्यन्वयन गर्ने सन्दर्भमा सकारात्मक सन्देश दिन सक्छौं भन्ने मलाई लागिराखेको छ।हामीले समाजबाद उन्मुख अर्थतन्त्रको विकासको सन्दर्भमा सबै क्षेत्रका यहाँ ब्याख्या गर्दा समय नहोला। निजी, सहकारी, सामुदायिक सबै क्षेत्रलाई पहिचान गर्दै समायोजन गरेर यसको आर्थिक श्रोत परिचालन गरेर यसका लक्ष्यमा पुग्न हामी सक्छौं भन्ने मलाई लाग्छ। यसरी प्रदेशले अगाडि सारेको यो सिद्धान्तको सन्दर्भमा आधारभुत सेवा प्रदान गर्ने स्थानीय तहको स्थानीय स्वायत्त शासनलाई व्यवस्थापन गर्ने सन्दर्भमा पनि हस्तक्षेपकारी होईन तिनै तहको सरकारको आफ्नो जिम्मेवारी पुरा गर्ने गरि एउटा महत्वपूर्ण भुमिका निर्वाह गर्दै सन्तुलित श्रोत परिचालन गर्ने

पनि यसको अबधारणा छ त्यसैले पनी यो सिद्धान्तले आगामी बजेटलाई हाम्रो नीति र कार्यक्रमलाई सही मार्गमा लैजान सक्छ भन्ने मलाई विश्वास लागेको छ। जहाँसम्म प्राथमिकताको कुरा उठेको छ यसले अंगिकार गरेको लक्ष्य बजेटको प्राथमिकता खास गरेर पर्यटन, उर्जा, कृषि, उद्योग र भौतिक पुर्वाधारका विगतका प्राथमिकतालाई लाग्छ यसपटक पनि त्यही परिवेशमा उभिएर आफ्नो योजनाहरु अगाडि सार्न सन्दर्भ देखिएको छ। स्वदेशी लगानीलाई प्राथमिकता दिनुका साथै पूर्वाधार विकासको सन्दर्भमा पूर्वाधार विकासका लागि, आयात प्रतिस्थापनको लागी बजेट, निर्यात प्रवर्द्धनका वैदेशिक पुँजीलाई लगानी गर्ने प्रविधी हस्तान्तरण गर्ने, संस्थागत विकास गर्ने जस्ता लक्ष्यहरु यसले अगाडि सारेको छ र म यति मात्र अनुरोध गर्न चाहन्छु कि आज निजी सहकारी र सामुदायिक क्षेत्रबाट वित्तिय परिचालन गरी सरकारी साझेदारीका आधारमा अर्थात सहकारी, सामुदायिक र निजि क्षेत्रलाई लगानी गरेर हामीले यसका प्राथमिकता तोकेर बजेट तर्जुमा गरेर हामीले सफलता प्राप्त गर्न सक्छौं र म यहाँहरुका बिचमा दुईवटा मात्र कुरा राख्न चाहन्छु। यसले प्राथमिकता तोक्दा पर्यटनको सन्दर्भमा चर्चा चलिरहँदा म एउटा मात्र सुझाव दिन चाहन्छु। आज पर्यटनको महत्वपुर्ण क्षेत्रको गन्तव्य तय गरिरहँदा प्याराग्लाइडिङ जोनको रुपमा विकसित भएको स्याङ्जाको प्याराग्लाइडिङ क्षेत्रलाई कतै छुटेछ होला बजेटमा आउनेछ र त्यसको व्यवस्थापन हुनेछ भन्ने मलाई लाग्छ। भौतिक पुर्वाधारको सन्दर्भमा र अहिले राष्ट्रिय अर्थात केन्द्रीय सरकारले विनियोजित गरेको बजेट कालिगण्डकी ड्राइभर्सनको कुरामा त हामीले कुरा उठायौं। मलाई के शंका लागिराखेको छ भने सिद्धार्थ हाइवेको विकास र उन्नती र यसको स्तरोन्नतीको सम्बन्धमा हामीले बोलेनौ भने कतै त्यो कालिगण्डकी ड्राइभर्सन सँगै त्यो सिद्धार्थ हाइवेको स्तरोन्नती पनि उतै पाँच नम्बर तिरै जाने हो कि त्यसैले यसको बारेमा पनि हाम्रो ध्यानाकर्षण हुन जरुरी छ भन्ने मलाई लागेको छ र उज्यालो प्रदेश बनाउने कुरा, मुख्यमन्त्री कृषि जलमैत्री जलवायुमैत्री नमुना

गाँउ बनाउने कुरा, देखि लिएर खानेपानी औद्योगिक क्षेत्र विकासका सबै क्षेत्रले गर्दा रोजगार र स्वरोजगार सृजना गरी यो प्रदेश एउटा समृद्ध प्रदेश बन्न सक्छ भन्ने मलाई विश्वास लागेको छ। त्यसैले अहिले यो प्रस्तुत विनियोजनले मलाई लाग्छ आगामी दिनमा हामीले तय गरिने नीति र कार्यक्रम, बजेट सकरात्मक सन्देशका साथ अगाडि जानेछ सबैको साझा एजेण्डा बन्नेछ। धन्यबाद।

**माननीय सभामुखः-** अब म माननीय सदस्य श्री दिपक कोईरालालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री दिपक कोईरालाः-** माननीय सभामुख महोदय, हामी आज विनियोजन विधेयक, २०७६ का आर्थिक बर्ष २०७६ र ७७ का सिद्धान्त र प्राथमिकताको छलफलमा छौं। हामी आज जुन छलफल गर्न जुन ल्याकत राख्दछौं। छलफलका लागी यो सभा बनेको छ र यो देश संघीयतामा, गणतन्त्रमा, धर्म निरपेक्षता र नयाँ संविधान निर्माण र त्यो संविधानको आधारमा हामी संघीयता बनाएका छौं। प्रदेशहरु बनाएका छौं र प्रदेश सभामा उपस्थित छौं। त्यसकारणले ति बनेका त्यो संरचना निर्माण भएका कारणले आज हामी यो विनियोजन विधेयक माथिको सिद्धान्त र प्राथमिकताको छलफलमा जुट्न सम्भव रहेको छ। त्यसकारण आजको हाम्रो यो विनीयोजन विधेयकको सिद्धान्त र प्राथमिकताको कुरा होईन। आजको हाम्रो दैनिक जीवनका प्राथमिकता सिद्धान्तको बारेमा हामीले बुझ्नुपर्छ जस्तो मलाई लाग्दछ। के आजको संघीयता सामान्य रुपमा त्यतिकै सरल रुपमै प्राप्त भएको होईन। यो झण्डै साठी बर्ष लामो विभिन्न खालको आन्दोलन बिशेष गरी ५२-६२ को जनयुद्ध र त्यसपछिको जनआन्दोलनबाट प्राप्त भएको संरचना हो। त्यसकारणले ती हजारौं वेपत्ता योद्धाहरु, शहीद, त्यो क्रममा घाईते हुनुभएका हाम्रा योद्धाहरु र हामी शरिरमा गोली बोकेकाहरु पनि संयोगले बाँचेकाहरुको समेत सहभागितामा यो सम्भव भएको हामी बाँचेका र भएकाहरुले त आफ्ना बारेमा कुनै न कुनै फोरममा कुनै न कुनै ठाउँमा आ-आफ्नो क्षमता हैसियत

जिम्मेवारी अनुसार आफ्ना बारेमा कुराहरु राखौंला तर जसले हामीलाई यो दिएर गए उनिहरुका बारेमा हाम्रा सिद्धान्त र प्राथमिकताहरुले बोलेनन। हाम्रो बजेटको सिद्धान्त र प्राथमिकताले बोलेन हाम्रा नीति तथा कार्यक्रमहरुले बोलेन भने कसले बोल्दछ। यो गम्भीर प्रश्न खडकिए जस्तो महसुस मलाई भएको छ। यो बारेमा हाम्रा दैनिक जीवनका सिद्धान्त र प्राथमिकता समेत त्यहाँ केन्द्रीत हुनुपर्दछ भन्ने ठान्दछु। सरकारले ल्याउने नीति तथा कार्यक्रम या सरकारले ल्याउने सिद्धान्त यो बजेटको सिद्धान्त र प्राथमिकताको कुरा मात्र होईन। हामी राजनीतिमा रहेका, हामी जिम्मेवारीमा रहेका हाम्रा दैनिक जिवनका सिद्धान्त र प्राथामीकताहरु पनि त्यहाँ केन्द्रित हुनुपर्दछ भन्ने ठान्दछु। त्यसकारण हाम्रा दैनिक जीवनहरु हाम्रा दैनिक सोचाईहरु नै त्यहाँ केन्द्रित हुनुपर्छ भनिसकेपछी हाम्रो सरकारले आर्थिक मामीला तथा योजना मन्त्रालयले ल्याएको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा त्यो पर्दैन भन्ने म ठान्दिन त्यसकारण यो कुरा शुरुमा अलिकति राख्दै यो हाम्रो विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता तिर प्रवेश गर्दछु। अब यसले जे सिद्धान्तका आधारमा जे प्राथमिकताको सूचि यसले तय गरेको छ। हामीले अघिल्लो आर्थिक बर्षमा नै हाम्रो नीति तथा कार्यक्रममा बजेटमा हामीले भनेका छौं। यो प्रदेशलाई एउटा नमुना प्रदेशको रुपमा हामी अगाडी बढाउँछौं र सिङ्गै राष्ट्रिय अभियान छ। समृद्ध नेपाल, सुखी नेपालीको अभियान छ त्यसको आधारमा हामी हाम्रा अभियानहरु अगाडि बढाउँछौं। योजनाहरु अगाडी बढाउँछौं। सरकारहरु अघि बढ्छन। सबै त्यो समग्र एउटा प्रवाहमा हामी सबै अगाडी बढ्छौं त्यो भनेको समृद्ध नेपाल, सुखी नेपालीको कुरा हो र त्यो कुरालाई पुरा गर्नका लागि अघिल्लो पटक हामीले गरेको योजनाहरु अघिल्लो पटक हामीले बनाएका नीति तथा कार्यक्रमहरु बजेटहरुको कार्यन्वयनको सन्दर्भमा यो हाम्रो यसले विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताले शुरुमै समिक्षा गरेको छ। त्यो महत्वपुर्ण कुरा हो जस्तो लाग्दछ। किनकी अघिल्लो बर्ष हामीले के के पुरा गर्न सकेनौ त्यसकारण

हाम्रा बजेट विनियोजित बजेट खर्च हुन सकेनन भन्ने कुराको समिक्षा गरेको छ।त्यो समिक्षा र आत्मसाथले नै के बताउँछ भने आगामी त्यो के के कुरामा हामीले करेक्सन गर्छौं भनेर यसले शुरुमा भन्या छ त्यसकारणले आगामी बर्षको बजेट सिद्धान्त र प्राथमिकताका आधारमा आउने बजेटले समयमा नै हाम्रा कामहरु सम्पन्न गर्छ भन्ने एउटा विश्वास हामी लिन सक्दछौं भन्ने यसले राम्रो समिक्षा गरेको छ।विगतको समिक्षा गरेको छ।र यसले मुल समृद्ध नेपाल र सुखी नेपालीको मुल अभियानलाई नै यसले अगाडी बढाएको छ। जुन आज हाम्रो राष्ट्रिय संकल्प हो।त्यसकारणले यसका शुरुका बुँदाहरुले जसरी हाम्रो समिक्षा गएको बर्षको समिक्षा गरेको छ र आगामी दिनको लागी केही आधारहरु तयार गरेको छ र यसमा केही सिद्धान्तहरु प्रस्तुत गरिएको छ। सिद्धान्तहरुको बारेमा संघीयताको सिद्धान्तका आधारमा संघीय इकाईहरुको सहकारिता सहअस्तित्व समन्वयको आधारमा संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन प्रणालीलाई हामी सुदृढ गर्छौं भनेपछी धेरै कुरा भन्नुपर्छ जस्तो मलाई लाग्दैन। यो भित्र धेरै कुराहरु यहाँ आएका छन् मैले पृष्ठभुमिमा भनेको कुरा पनि यहाँ आउँछ जस्तो लाग्दछ।त्यो सँगसँगै अरु कुराहरु पनि आउँछन् र हामीले हाम्रो सरकारको तर्फबाट सरकारले धेरै अगाडि देखि हामी भन्दै आएको निजि, सहकारी र सामुदायिक क्षेत्रको सहभागिताबाट मात्रै हामी समृद्धी हासिल गर्न सक्दछौ भन्ने ठाउँमा प्रदेशले अहिले सार्वजनिक समेत यहाँ थपेको र यो थपिएको र यो चारवटा एउटा मुल आधारहरुलाई बनाएर हामी समृद्ध प्रदेश बनाउन सक्छौं भन्ने कुरा सिद्धान्त त सही छ तर यसको कार्यान्वयनमा हामी कति जोड दिन सक्दछौं या हामीले कति धेरै यसको लागि वातावरण बनाएका छौं भन्ने कुरा पनि महत्वपूर्ण हुन आउँछ किनभने हामीले भन्न त भनेका छौं तर हाम्रो निजि क्षेत्रबाट, हाम्रो सहकारी क्षेत्रबाट, हाम्रो कुल राष्ट्रिय योजनामा कति धेरै सहभागिता छ भनेर खोज्यौं भने आजको दिनमा नीति सिद्धान्तमा मात्रै छ भन्न मिल्ने जस्तो अवस्था छ।त्यसकारण यसको लागी

आवश्यक वातावरण पूर्वाधार लगायतका कुराहरु हामीले समयमा गर्न सकेनौ भने यो कुराले पनी अगाडि बढाउन सक्तैन तर सिद्धान्तत यो कुरा सही छ।गर्नु नै पर्दछ।मैले त भन्या छु।मैले माननीय मन्त्रीज्यूसँग भेट्दाखेरी पनि भन्या छु सरकारसँग अरु धेरै ठाउँहरुमा, फोरमहरुमा भनेको छु कि हामी एकपटक यसको आधारमा हामी एकपटक एक एक वटा कम्तिमा हाम्रा मन्त्रालयहरुले एक एक वटा यस्तो मोडल काम गरुन जुन सार्वजनीक, निजी र सहकारीको सहभागितामा हाम्रा कामहरु सम्पन्न हुन बजेट सरकार सँगै सबै बजेट चाहिन्छ भन्ने कुरा होईन हामीले दिने योजना हो सरकारले दिने योजना हो सरकारले योजना दिन्छ, वातावरण दिन्छ।र लगानी धेरै कहिलेकाहीं मैले हेर्छु हामीसँग प्रशस्त मात्रामा हाम्रा लगानीकर्ता हुनुहन्छ तर हामी हाम्रा निजि लगानीकर्ताहरुलाई त्यति धेरै ध्यान दिइराखेका छैनौं वैदेशिक लगानीको हामी खोजी गर्दछौ हामीसँग भएको लगानीलाई हामी साना जो राष्ट्रिय पुँजीको लगानीमा अली बढि जोड दिनु पर्दछ जस्तो लाग्दछ यो सिद्धान्तत यो कुरा सही छ।यो कार्यान्वयनको कुरामा महत्वपूर्ण ढंगले बजेट आउनेछ भन्ने अपेक्षा राख्दछु।जनताको सार्वभौमिक अधिकार, स्वायत्तता, स्वशासन प्रत्याभुति गर्दै दिगो शान्ति सुशासन विकास र समृद्धीको यो आकांक्ष पुरा गर्ने यो धेरै कुरा भनिएको छ।यसको आधारमा यो सिद्धान्तको रुपमा आएको छ।सिद्धान्त त यो सही छ।प्राथमिकताको सूचिमा धेरै कुराहरु आएको छ।म त्यतातिर जाँदिन प्राथमिकताको सूचीमा हामीले भनेको समृद्ध नेपाल, सुखी नेपालीको अवधारणालाई पुरा गर्ने यो प्रदेशलाई नमूना प्रदेश बनाउने कुरामा हामी प्राथमिकताका सूचीहरु तय गर्न सक्दछौं।विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा यी कुराहरु सरसर्ती हेर्दा सबै कुराहरु आएका छन। हाम्रो समस्या भनेको नीति र सिद्धान्त हो।यो समस्या होईन।प्राथमिकताको समस्या होईन।आजभोलि म मेरो निर्वाचन क्षेत्र डुल्छु।मेरा हरेक मतादाताले योजना सुनाउनुहुन्छ।त्यो मैले जाने भन्दा धेरै योजनाहरु बाटो यहाँबाट लैजानु पर्छ। पुल यहाँ हाल्नुपर्छ।यहाँबाट सिंचाई

गर्नुपर्दछ।यहाँ यस्तो गरेर आय आम्दानी गर्न सकिन्छ।मैले प्रतिनिधीत्व गर्ने निर्वाचन क्षेत्रमा सात वटा ताल पर्दछन। यहाँ धेरै एउटै तालको व्याख्या हुने गर्दछ।खाली मैले सन्दर्भबस भनेको मात्रै त धेरै योजनाहरु मैले भन्न खोजेको हाम्रो सिद्धान्त र प्राथमिकताको बारेमा हामी धेरै जान्ने भैसक्यौ हामी मात्रै जान्दैनौ हाम्रा मतदाताहरु पनी जान्दछन।त्यो सबै कुरा हामी जान्दछौ तर त्यसको कार्यान्वयन गर्ने कुरा एक्सन ओरिएन्टेड कामहरु गर्ने कुरा, त्यसलाई एक्सनमा बदल्ने कुरा त्यसलाई कामलाई अगाडि बढाउने कुरा आजको आवश्यकता हो भन्ने ठान्दछु। हामीसँग यी सबै कुराहरु हामीसँग छन् तर त्यो सबै भएर पनि जब हामी हाम्रा यसले विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताले भनेको छ यसले यसको आवश्यक संरचनाहरु, मन्त्रालय मातहतका संरचना स्थापित नहुँदै चालु आर्थिक बजेट समयमा तर्जुमा गर्नु पर्दा कतिपय कार्यक्रमहरु मन्त्रालयमा एकमुष्ट राख्नुपर्ने देखि धेरै समस्याहरु कार्यान्वयनमा पनि समस्याको कुरा आएको छ।मैले अघिनै भने यसले जे समीक्षा गरेको छ त्यो समीक्षा राम्रो छ र त्यसको आधारमा जे नीति, सिद्धान्त हामीले बनाएका छौं। या यहाँ प्रस्तुत भएको छ।यो धेरै राम्रो छ।यसले अगाडी जान सक्तछ।त्यसकारण यो एकिकृत बस्ती विकासको अवधारणामा एउटा चाहिं यो एकिकृत बस्ती विकास सँगसँगै यो एकिकृत शहर विकासको पनि राख्नुपर्दछ।जस्तो मलाई लाग्दछ।एकिकृत यसको म व्याख्या गर्दिन धेरै साथीहरुले व्याख्या गर्नुभयो।आज बाटो बनाउँछौं भोली बिहान खानेपानीले भत्काँउछ।पर्सी टेलिफोनले भत्काउँछ।फेरी अर्को दिन सडक चौडा हुन्छ।यस्तो खालको हाम्रो यो यसमा एकिकृत बस्ती विकास सँगसँगै एकिकृत शहरी विकासको पनि अवधारणा त्यो एउटा संरचना चाहियो सिटीमा त्यो सिटीमा एउटा अथोरटी संस्था हो त्यस्ले बोलेपछी सवै काम एकैचोटी होस भन्ने कुरा चाहिं महत्वपूर्ण जस्तो मलाई लाग्छ।यहाँ एक्काईस नम्बर बुँदामा फेवाताल आएन भनेर राजीव माननीयले भन्नुभयो।हुनत यो पच्चीस नं बुँदामा ताल संरक्षण भन्ने कुरा

आएको छ। यसले समेटला भन्ने म ठान्दछु। फेवाताल आफैंमा पनि यसको बारेमा मैले व्याख्या गर्नु पर्दैन फेवाताल मात्रै ताल होईन फेवाताल बाहेक अरु पनि तालहरु छन। तिलिचो ताल वास्तवमा अहिले हामीले गर्न सक्छौं कि सक्दैनौ त्यो एउटा कुरा हो तर मलाई लाग्छ हामीले राम्रो परिचालन गर्न सक्यौं भने सबभन्दा धेरै आम्दानी हुन सक्ने ताल भनेको तिलिचो ताल हो जो संसारकै सबैभन्दा हाइटमा छ। त्यसकारण यो बाहेक पनि मेरो आफ्नो निर्वाचन क्षेत्रमा भएको तालको नाम नलिँउ फेरि निर्वाचन क्षेत्रतिर गयो भन्ने कुरा होला तर यसले पोखरा उपत्यका चक्रपथ लगायतका जति कुराहरु यहाँ आएका छन यहाँ यसले यो यसको यो राजधानीमा पर्दछ। एकिकृत पोखरा उपत्यका चक्रपथ सँगसँगै विजयपुर खोला माथी झण्डै हामीले चार पाँचवटा पुल हाल्न सक्नुपर्दछ। त्यो भयो भने मात्रै यसको यो एकिकृत राजधानीमा निर्माण गर्न खोजेका या राजधानीलाई बनाउन खोजेको कुरा हुन सक्दछ भन्ने कुरा राख्दछु र मेरो भनाई यही अन्त्य गर्दछु। धन्यबाद।

**माननीय सभामुखः-** अब म माननीय सदस्य श्री रोशन गाहा मगरलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री रोशन गाहा मगरः-** सभामुख महोदय, गण्डकी प्रदेश सरकारले आर्थिकबर्ष २०७६/७७ को विनियोजित विधेयक सिद्धान्त र प्राथमिकताको आधारमा हामी व्यापक रुपमा छलफल गरिरहेका छौं। धेरै माननीयज्यूहरुबाट पनि धेरै सुझावहरु आएको छ। सभामुखज्यूको बाँया डेस्कमा बस्ने माननीयज्यूहरुको पनि राम्रो सुझाव आएको छ। कताकता यी सुझाव प्रति कटाक्ष पनि आएको छ। यो सुझाव प्रति म उहाँहरुलाई धन्यवाद दिन चाहन्छु। हामी नयाँ संविधान बनिसकेपछी नयाँ प्रणालीबाट नयाँ अभ्यासमा हामी यो व्यवस्थालाई अगाडी बढाईरहेका छौं। गएको एक बर्ष हामीले कस्तो खालको कानूनहरु निर्माण गर्दा कस्तो खालको नियमावली निर्माण गर्दा हामीलाई सहज हुन्छ र स्थानीय तहको सरकारलाई पनी सहज हुन्छ। त्यो निर्माण गर्दै हामी त्यो अभ्यासबाट यहाँसम्म आइपुगेका छौं र

गण्डकी प्रदेशको सरकारले विगतको पहिलो पटकको बजेट प्रस्तुत गर्दा नीति तथा कार्यक्रम प्रस्तुत गर्दा यो प्रदेशलाई एउटा विकसीत प्रदेशको रुपमा स्थापित गर्ने जनताको मन छुने विकासका कामका योजनाहरु निर्माण गर्ने र यो छ वटा प्रदेशमा भन्दा एउटा भिन्न नमूना प्रदेशको रुपमा निर्माण गर्ने त्यो नीती तथा कार्यक्रम सँगसँगै योजना सहित लिएर आएको तर यो बाँया साईडको बेन्चमा डेस्कमा बसिसकेपछी धर्म निर्वाह चाहिँ गर्नुपर्छ। हामीलाई त्यो जनजागरण सँग हामी आत्तिएका छैनौं। हामीलाई त्यो दिन सम्झना छ कि तिनै तहको निर्वाचन परिणाम आइसकेपछि हामी पाँच बर्षसम्मका लागी जनताको पक्षमा काम गर्नका निम्ती हामीलाई खुला बाटो छ तर मलाई चिन्ता यहाँनिर छ विगतको तत्कालिन राजा र पार्टी दलहरुको बीचमा सहकार्य गरेर बनेको २०४७ को संविधान पछि सरकारहरु बाइस पटक बने एउटै दलको तर त्यतिवेला लाभालस्कर थियो। भेडिगोठमा हेर्दा पनी त्यतिकै थियो। भैंसी गोठमा हेर्दा पनी त्यतिकै थियो। बाख्राको खोरमा हेर्दा पनी त्यतिकै थियो। लावालस्कर तर अहिले जनजागरण अभियानमा हेर्दा म धेरै चिन्तामा छु। सायद अब म नवलपुर जाँदा म धेरै किलो घट्छु होला। पिर मलाई यहाँनेर छ। किन यो अभियानमा जनजागरण अभियानमा कमी भयो। साथीहरुको भुमिका अलि गम्भिरता भएनकि चिन्ता मलाई यहाँनेर छ तर सरकार सञ्चालन गर्ने कुरामा सुझाव दिने कुरामा सही परिणाम आउने गरी जनताको सेवकको रुपमा बाट दिने सरकारलाई सुझावको रुपमा दिन जरुरी छ तर धर्म निभाउनको निम्ती मात्रै गर्ने कुरा होईन। मलाई एउटा कथा आयो। एउटा किसानको दुईटा परिवार रहेछ क र ख भन्ने क पहिलो चोटी ल्याएको रहेछ। ख दोस्रो चोटी ल्याएको रहेछ। सँधै ख परिवारले खाना पकाएर खुवाउने एकदिन खाना पकाई वरी बिशेष काममा बाहिर जानु परेछ। क परिवारले घरका किसान मुलिलाई खाना पस्केर दिंदा सँधै पस्केर दिने नदेखिएपछी अनुहार पनी कस्तो कस्तो भएछ अनि खामकी नखाम भैसकेपछी अलि अलि खाएजस्तो गर्दा खाना पकाउन पनि नजान्ने कति गिलो गिलो खाना

भनेछ पछि अनि क वाला परिवारले खाना त क ले नै पकाएको हो दिएको मात्रै मैले हो बिशेष कामले बाहिर जानु भो भनेपछी अ गिलो गिलो भएपनी मिठो रहेछ भने जस्तो गिलो गिलो भएपनी सरकारलाई दिने सुझाव राम्रो हुनु पर्‍यो।प्रतिपक्ष होईन,हामी सहपाटी हौ भन्ने अनी छेउ किनारा लाग्दा खेरी हामीलाई भिरैमा लग्यो भनेर अघि भन्नु भयो माननीयजीले सहपाटी बन्ने एउटै जुवामा नारिने अनी कुनामा पर्दा हास्ने अनि छेउतिर पर्दा खेरी मलाई साह्रै नै भिरतिर लग्यो भनेर चिन्ता मान्न त भएननी त्यसो भएको हुनाले सरकारले ल्याएको सिद्धान्त र प्राथमिकतालाई हेर्दा र गण्डकी प्रदेशको सरकारको अर्थमन्त्री किरण गुरुङ ज्यूले ल्याउनु भएको जुन छ।यसले भोलीको निम्ती सरकारलाई एउटा राम्रो असल नीति र राम्रो योजना छनौट गर्नको निम्ति ल्याउनको निम्ति मार्गदर्शनको रुपमा यसले एउटा गोरेटो चाहिँ कोरेको छ।यो समृद्ध नेपाल र सुखि नेपाली राष्ट्रिय सोच पुरा गर्न गण्डकी प्रदेश सरकारले आर्थिक सामाजीक रुपान्तरणको माध्यमबाट सवै प्रकारको असमानता पछौटेपन र गरिबी हटाउने योजना सहित यो प्राथमिकताले एउटा संकल्प गरेको छ।हामी गण्डकी प्रदेशमा रहेका धेरै मात्रामा हामी किसान छौं।हाम्रो जनजीवीका किसानमा आधारीत छ।कृषिबाली, फलफुल, मत्स्यपालन, पशुपंक्षी प्रति अनुसन्धान गर्ने जोड यसले दिएको छ।उन्नत जातको बीउबिजन प्रयोग गर्दै सबैलाई कृषि क्षेत्रमा बिमाको कार्यक्रम संचालन गर्ने मुख्यमन्त्री जलवायू मैत्री नमूना कृषि गाँउ यसलाई निरन्तरता दिने यसले योजनालाई अगाडी सारेको छ।मैले अघि नै भने उज्यालो प्रदेशको रुपमा एउटा नमूना प्रदेशको रुपमा र एउटा विकसीत प्रदेशको रुपमा स्थापित गर्नको निम्ति सरकारले हिजै देखि त्यो योजनालाई अगाडी पनि सारेको छ।निजि सहकारी र सामुदायिक क्षेत्रको सहलगानीमा उर्जाको उत्पादन, वितरण, बहुउद्देश्यीय जलबिद्युत आयोजना, पेट्रोलियम पदार्थको प्रतिस्थापना, जलबिद्युत तथा वैकल्पिक उर्जाको उत्पादन गर्ने योजना लिएर उज्यालो प्रदेश बनाउने यसले एउटा सोच चाहिं लिएको छ।पर्यटनको

हिसाबबाट सन उन्नाईसलाई आन्तरिक पर्यटन, दुई हजार बीसलाई छिमेकी आकर्षण पर्यटन, दुईहजार बाईसलाई अन्तराष्ट्रिय पर्यटन बर्षको रुपमा मनाउने यसले योजना सहित सरकार अगाडी बढिरहेको छ र प्रदेशका गौरवका योजनाहरु एकदम विधिसम्मत, योजनासम्मत यसले गण्डकी प्रदेश सरकारले प्रदेश गौरवका योजनाहरु तथा प्रदेशस्तरका लोकमार्ग, कोरला पोखरा भिमाद-नवलपुर त्रिवेणी जोड्ने यसले योजना बनाएको छ।यसका थुप्रै उद्योगका क्षेत्रमा दिगो विकासको सन्दर्भमा करको दायरालाई फराकिलो बनाउने सबै प्रकारको आर्थिक अनियमिततालाई अन्त्य गर्ने र वित्तीय अनुशासनलाई जोड दिने समेत यसले राम्रो गरेको छ।र अन्त्यमा केही सुझावको रुपमा मैले छोटो राख्न चाहन्छु। यो गण्डकी प्रदेशको सबैभन्दा कान्छो जिल्लाको रुपमा रहेको नवलपुर जिल्ला र अस्ति भर्खरै मात्रै सम्मानीय नेपाल सरकारका प्रधानमन्त्रीजीले शिलान्यास गर्नुभएको नवलपुर जिल्लालाई एउटा सतहत्तर जिल्लाकै एउटा नमूना जिल्ला बनाउनेको रुपमा पनी यो प्रदेश सरकारले बजेट विनियोजन गर्ने कुरामा कञ्जुस्याइ नगरोस दुईहजार उननतीस वन ऐन राष्ट्रिय निकुञ्ज हिजो राजा महाराजाको अवस्थामा रहेको यो ऐनलाई संशोधन गरेर चितवनमा परेको राष्ट्रिय निकुञ्जलाई त्यो बाधा अड्चनबाट फुकुवा गरियोस् सुझाव दिन चाहन्छु र यो गण्डकी प्रदेशको थुप्रै सुकुम्बासी समस्यालाई समाधान गर्ने कुरामा सरकार आफैं बढ्न सकोस फलाम खानी उत्खननका निम्ति यो सरकारले पहिलो पाईला टेकोस र नेपाल सरकारलाई सुझाव दिओस् र प्रदेशको राजधानी जोड्ने मार्गको रुपमा अर्थमन्त्रीको ध्यान जाओस यिनै कुरा राख्दै यो आएको सिद्धान्त र प्राथमिकताका आधारमा मेरो पूर्ण समर्थन रहनेछ भन्दै विदा हुन चाहन्छु।धन्यबाद।

**माननीय सभामुखः-** अब म माननीय सदस्य श्री चन्द्रमोहन गौचनलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री चन्द्रमोहन गौचनः**-माननीय सभामुख महोदय, आज हामी यस सम्मानित सभामा आर्थिक मामिला तथा योजना मन्त्रीज्यूबाट टेबुल भएको प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम २ बमोजीम विनियोजन विधेयक, २०७६ को सिद्धान्त र प्राथमिकतामा यस गरिमामय प्रदेश बैठक छलफलमा छौं। सभामुख महोदय, विनियोजन विधेयक २०७६ का सिद्धान्त र प्राथमिकता अध्ययन गर्दा बुँदागत रुपमा सबै बिषय जोडिएको पाएको छु तर सञ्चारमा त्यति हेक्का पुगेको देखिएन। सञ्चार भन्नाले रेडियो र टि.भी.मात्र होईन त्यसमा धेरै बिषयहरु हुन्छन। अहिले पनि गण्डकी प्रदेशमा फोन र इन्टरनेट सबै ठाउँमा पुगेको अवस्था छैन। समय सञ्चार नभै नहुने समय छ। आज हामीले देखेका छौं। बिद्युत नहुने बित्तिकै फोनका बिटिएसहरु बन्द हुन्छन। त्यसबेला सबै ठाउँका फोनहरु बन्द हुने गर्छ। त्यसकारणले गएको ०७५/७६ को विनियोजन विधेयकमा पनि यस क्षेत्रमा त्यति चासो ख्याल राखेको देखिएन। अहिले पनि यस ०७६/७७ को विनियोजन विधेयकमा पनि ध्यान पुगेको देखिएको छैन। त्यसैले सुझावको रुपमा राखेको छु र गण्डकी प्रदेशले यस सञ्चार क्षेत्रमा पनि बढी ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ। साथै चालु आर्थिक बर्ष ०७५/७६ को बजेट कार्यक्रमले परिलक्षित विकास कार्यक्रम कार्यन्वयन भैरहेको र चालु आर्थिक बर्षलाई प्रादेशिक नीति नीयम तथा कानून तर्जुमा र प्रशासनिक संरचना निर्माण आधार बर्षको रुपमा लिदै आगामी आर्थिक बर्ष २०७६/७७ को बजेटलाई प्रशासनिक संयन्त्रको क्षमता विकास सार्वजनिक सेवा प्रवाहमा सुधार दिगो विकास कार्यक्रमलाई संस्थागत गर्दै लाने उद्देश्य सकरात्मक छ। सभामुख महोदय, सिद्धान्त र प्राथमिकता संविधानको भावना अनुरुप तिन तहको सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण, परिमार्जन भई आगामी आर्थिक बर्षदेखि खर्च प्रणालीमा विनियोजन क्षमता र सञ्चालन कुशलतामा अभिवृद्धि गराउने विश्वास लिंदै संघ, प्रदेश र स्थानीय तहले समन्वय र सहकार्य आधारमा बजेट तथा कार्यक्रम तर्जुमा

गरी एकिकृत ढाँचामा कार्यन्वयनमा लाँदा समावेशी विकास हुने रोजगारीका अवसर वृद्धि हुने उद्यमशिलता विकास हुने सार्वजनिक निजि सहकारी र सामूदायिक क्षेत्रमा साझेदारी र सहकार्यमा अभिवृद्धि हुने र गुणस्तरीय पूर्वाधार निर्माण आर्थिक विकास र सुशासन अभिवृद्धि हुने परिलक्षित संकल्प र विश्वास पाएको छु। त्यसैले सभामुख महोदय, विनियोजित विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकताको पूर्ण समर्थन गर्दै मेरो छोटो भनाई अन्त्य गर्दछु। हवस त धन्यवाद ।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य श्री ललितकला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री ललितकला गुरुङः-** माननीय सभामुख महोदय, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यूबाट प्रस्तुत विनियोजन विधेयक २०७६, को सिद्धान्त र प्राथमिकताको सम्बन्धमा हिजो र आज यहाँ छलफल चलिरहेको छ। यस छलफलको क्रममा मेरो पनि आफ्नो भनाई सहित केही सुझाव राख्ने अनुमति चाहन्छु। माननीय सभामुख महोदय, मलाई यहाँ धेरै दोहोरी र यस पैंतालिस बुँदे निलो किताबमा बहुत परिश्रमका साथ आएका यी बुँदाहरुको बारेमा धेरै छलफल भए मलाई त्यसैमा रहेर आफ्ना केही व्यवहारिक सुझाव राख्दछु र मलाई यो भन्दा पहिले समय सान्दर्भिक हाम्रा नेता बीपी कोईरालाले भन्नु भएको दुईवटा भनाई सम्झन चाहन्छु। योजना बनाउनु भन्दा पहिले हामीले गाउँका ती किसानलाई सम्झिनुपर्छ भन्नु भएको थियो र योजना बनाउँदा दरवार होईन झुपडी हाँस्नुपर्छ भन्नु भएको थियो त धेरै कुराहरु समेटिएकाछन्। ६ बुँदे सिद्धान्त र ३३ बुँदे प्राथमिकतामा धेरै कुराहरु आएका छन। हिजो देखिनै हाम्रा माननीयजीहरुले सम्मान पनि गर्नुभएको छ। राम्रो कुराहरुको लागि म सम्मान गर्न चाहन्छु र गतबर्षको विनियोजीत बजेटको कुरा गर्दैगर्दा त्यसलाई म कोसिसको रुपमा लिएको छु र केही कार्यक्रमहरु कार्यन्वयनकै पक्षमा छन र त्यसलाई हामीले हेर्नै बाँकी छ र अहिलेको यो

०७६/७७ को बर्षलाई हामीले सुखी नेपाली र समृद्ध नेपालको कुरा गर्दै गर्दा हाम्रो प्रदेश बनाउने जिम्मा हाम्रो हो। यहाँको प्रतिपक्षको सत्तापक्षको सबैको बराबर जिम्मेवारी हो भन्ने मेरो बुझाई छ र यो प्रदेशलाई मैले बिशेषगरि कृषि प्रदेशको रुपमा लिएको छु र जल, जमिन, जङ्गल, जडीबुटी र पर्यटनको यो प्रदेशलाई हामीले अरु प्रदेश भन्दा भिन्न प्रदेशको रुपमा लिनु पर्छ र हामीले यस प्रदेशलाई उदाहरणको रुपमा विकास गरेर लैजानको निम्ति हामीले धेरै कुराहरु यिनैलाई प्राथमिकता दिएर यहिं रोजगार स्थापना गर्ने र उत्पादन गर्ने र आयतलाई घटाएर निर्यात गर्ने हाम्रो प्रदेश बनाउन आवश्यक छ र रोजगार उत्पादन गरेर हामीले यहाँका युवालाई यहिं राख्ने यहाँका जनशक्तिलाई यहिं खपत गर्ने र बाहिरी अन्य प्रदेशका र अन्य मुलुकका जनशक्तिलाई पनि हाम्रो प्रदेशमा भित्र्याउने खालको कार्यक्रम आवश्यक छ भन्ने मेरो भनाई छ र कार्यक्रम कार्यक्रमका लागि मात्र नभएर उत्पादन बढाउने निर्यात बढाउने आयात घटाउने खालको हुनुपर्छ र युवा लक्षित हुनुपर्छ भन्ने मेरो आफ्नो भनाई छ र अहिलेको गाँउको आधार भनेको महिला दिदीबहिनीहरु मात्र गाँउमा छन र यी महिला दिदीबहिनी, आमाहरुलाई लक्षित गरेर सीप र यिनका दक्षताका आधारमा कार्यक्रम ल्याइनुपर्छ भन्ने मेरो आफ्नो बुझाई छ र यो प्रदेश सम्भावनै सम्भावना बोकेको यो प्रदेशलाई फलफुलको क्षेत्रमा स्याउ, सुन्तला, कफीको पकेट क्षेत्रको रुपमा यसलाई स्थापित गरेर बिशेष कार्यक्रम ल्याइनुपर्छ र यहाँ चाइनिज, कास्मिरी स्याउ आयात नगरिकन यहाँका मनाङ र मुस्ताङका स्याउ त्यहि ठाउँमा निर्यात गर्ने हाम्रो प्रदेश बन्नुपर्छ र त्यो किसिमको कार्यक्रम ल्याइनुपर्छ भन्ने मेरो भनाई छ र शुसासन र दिगो शान्तिको कुरा गर्दैगर्दा हामीले हाम्रा एक बर्षको जुन कार्यकालमा सुशान्तिको आभाष र अनुभुत गर्न पाइएको छैन। अब आउने जुन आर्थिक बर्षमा यसलाई हामीले र जनताले अनुभुत हुने खालको कार्यक्रम ल्याइनुपर्छ भन्ने मेरो आफ्नो सुझाव छ र हिजो विकासै विकासको बीउ छर्नुपर्छ भन्ने हाम्रो माननीय राजीव

पहारीले भन्नु हुन्थ्यो र यसलाई मैले व्यङ्ग्यात्मक रुपमा लिएको छैन तर विकास भनेको व्यवहारिक रुपले नियमपुर्वक गर्ने कुरा हो। यसलाई हामी एकछिन हामी उत्साहित भएर यो गर्ने कुरा होईन र सरकारले यो पक्का गम्भिरतापूर्वक लिनुहुनेछ भन्ने मैले बुझेको छु र सुखी नेपाली र समृद्ध नेपालको कुरा गर्दैगर्दा हामीले आज गाउँ रित्तिएको छ, शहर भरिएको छ र युवा जति खाडीमा छन र तिनलाई कसरी गाउँमै राख्ने र कसरी व्यवस्थित गर्ने त्यो किसिमको कार्यक्रम लिनको निम्ती म कार्यक्रमको व्यवस्थापन र प्रमाणित गरेर देखाउनको निम्ति म अनुरोध गर्न चाहन्छु। मैले चारवटा बुँदामा अलिकति फोकस गर्न चाहन्छु र आठ नम्बरको बुँदामा भनिएको छ। संघीयताको सिद्धान्तको आधारमा संघीय ईकाइ बीच भनिएको छ। त्यसमा केन्द्रीय सरकारले संघीय सरकारले अस्ति पन्ध्र गते भन्दैगर्दा, नीति तथा कार्यक्रम ल्याउँदै गर्दा संघीय ईकाइ बीच भनेर भनिएको थियो जस्ताको तस्तै यहाँ आएको मैले महसुस गरें त्यसमा तीन तहका सरकार बीच सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढ गर्ने भन्ने कुरा राखियोस् भन्न चाहन्छु र ११ नम्बरको कुरामा सुशासनको कुरा छ त्यो मैले त्यहाँ ल्याइसकेको छु र एकतीस नम्बरमा स्थानीय तहसँग समन्वय गरि बहत्तर ढुंगा, गिटी, बालुवा, चून ढुंगा, खरी ढुंगा र स्लेट, अभ्रख क्रसर उद्योग तथा इटा भट्टालाई कडाईका साथ नियमन भनेको छ। त्यसलाई कडाइका साथ व्यवस्थापन सहित नियमन गरि व्यवस्थीत गर्न जोड दिइनेछ। यसरी राख्दा ठीक होला भनी मैले बुझेको छु र उनान्चालीस नम्बरमा भनिएको छ। यहाँ धेरै कुरा आएका छन पटक पटक पनि आएको छ र यो निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रममा यहाँ हामी साठी जना माननीय छौं। आज उनसाठी जना छौं र छत्तीस वटा प्रदेश छ र हामीलाई यो कार्यक्रमको हुन त म पनी विरोधी हुँ भन्दै गर्दा संघले पनि व्यवस्था गरेको छ। पक्कैपनि हाम्रो मुख्यमन्त्रीज्यूले बोली सक्नु भएको छ। व्यवस्था हुन्छ र हुँदैगर्दा हामी समानुपातिक

प्रणालीबाट यहाँ उभिएर आफ्नो कुरा राख्दै गर्दा समानुपातिक माननीय भनेको के पौने हो, आधा हो र अधिकारको रुपमा यहाँहरुले कसरी बुझ्नु भएको छ। त्यसलाई समान अधिकारको रुपमा जुन क्षेत्र पुर्वाधार कार्यक्रम ल्याइंदै गर्दा त्यसमा समान अधिकार राखियोस् र जुन कार्यविधि छ त्यसलाई सच्चाइयोस् भन्ने म त्यसलाई अनुरोध गर्दै यहाँ आफ्नो भनाईलाई यस नीति तथा भोली आउँदै गर्ने नीति तथा कार्यक्रममा आफ्नो भनाईलाई बिशेषताका साथ समेटियोस भन्दै आफ्नो सुझावलाई अन्त्य गर्न चाहन्छु। धन्यबाद। जय नेपाल।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य श्री मिन प्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री मिन प्रसाद गुरुङः-** सभामुख महोदय, गण्डकी प्रदेश माननीय अर्थ मन्त्री किरण गुरुङ्द्वारा २०७६ साल जेष्ठ १७ गते आर्थिक बर्ष २०७६/७७ को चौथो अधिवेशनमा प्रस्तुत विनियोजन विधेयक माथि प्राथमिकता र छलफलमा हामी सहभागी भैरहेका छौं। सभामुख महोदय, विधेयकको पृष्ठभुमिमा नै हाम्रो यो संघीयता जुन हामी नयाँ अभ्यासमा छौं र आर्थिक बर्षको प्रादेशिक नीति नियम कानूनहरु निर्माण गर्ने र त्यस्तै गरेर प्रशासनिक संरचनाहरुको निर्माणको बर्षको रुपमा हामीले भोग्यौं त्यही आधारमा हामी अगाडी बढ्यौं र यो बर्ष ति नीति निर्माण र प्रशासनिक संयन्त्रहरुको विकास पूर्वाधार र समृद्धिका कुरालाई अगाडि बढाउने जुन सन्दर्भका साथ दिगो विकास र सन्तुलित विकासलाई समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पनालाई साकार बनाउने हेतु यो विनियोजन विधेयक अगाडी आएको छ। त्यतिमात्र हैन सरकारले सेवा प्रवाहलाई विकास निर्माण प्रति जनताको विश्वंसनियतालाई बलियो बनाउँदै आर्थिक सुशासन र पारदर्शीतालाई अझ बलियो बनाउँदै हिजोको भोगाई सिकाईबाट र विद्वान माननीयहरुको सुझावलाई सरकारले अंगीकार गर्दै जुन खालले हामीले उपनामहरुले शीर्षक अन्तर्गत राखिएका विनियोजित मन्त्रालयमा रहेका बजेटहरु देखि लिएर अरु सम्पुर्ण कुराहरुलाई

त्यसलाई पनि परिमार्जित गर्दै अर्थात त्यो परम्परालाई अलिकति प्रगतिशिल बन्दै आगामी आर्थिक बर्षहरुमा यो कार्यक्रमलाई पारदर्शी बनाउने कुरा अनि त्यस्तै गरेर सुशासनको कुरा यी कुराहरुलाई पनी एकदमै सराहनिय किसिमबाट यो विनियोजन विधेयकमा आएको छ र यसैको जगमा उभिएर माननीय मन्त्रीज्यूले संघीयताको मुलभुत सिद्धान्त, मर्म र भावनालाई एकाकार गर्दै, आत्मसाथ गर्दै दिगो विकासको अवधारणा, पन्ध्रौ पञ्च बर्षिय योजना, संघीय सरकारको पनि बार्षिक कार्ययोजना, त्यस्तै गरेर प्रदेश सरकारको पहिलो पञ्चबर्षिय योजना, मध्यकालीन खर्च जुन खालले यो पहिलो मलाई लाग्छ हामी सातवटै प्रदेशमा गण्डकी प्रदेशले त्यो खालको एउटा नीतिगत रुपले आँफुलाई परिमार्जन गरेको छ।यी सम्पूर्ण कुराहरुबाट निर्देशित हुँदै विधेयकको सिद्धान्त र प्राथमिकता निर्धारण गरेको छ।यस सन्दर्भमा सामाजिक न्याय र माध्यमबाट लोक कल्याणकारी राज्यको स्थापना संघीय लोकतान्त्रिक र अझ समावेशी गणतान्त्रात्मक शासन प्रणालीलाई सुदृढ गर्न सार्वजनिक, निजि, सहकारी, साझेदारी, सामुदायिक क्षेत्रको सहभागितामुलक सबैखाले असमानताको अन्त्य गरी समाजवाद उन्मुख अर्थव्यवस्थालाई अंगीकार गर्दै र अर्थतन्त्रको विकास गर्दै जनताको मौलीक हकको संरक्षण, सम्वर्धन त्यति मात्रै हैन यसको चाहिने एउटा महत्वपूर्ण रुपमा स्वतन्त्रता जुन हामी विभिन्न खालले अधिनायकवादको पनि कुरा गरिरहेको बेलामा प्रदेश सरकारले पनि आफ्नो यो मानेमा प्रतिवद्धता जाहेर गर्ने किसिमबाट त्यति मात्र हैन महत्वपूर्ण कुरा जुनखालले अहिले राष्ट्र, राष्ट्रियता, अखण्डताको कुरा, स्वाभिमानको कुरा, स्वाधिनताको कुरा यो कुरालाई पनि अझ अगाडि बढेर यसले हामीलाई निर्देशित गरेको छ र यहि सिद्धान्तका आधारमा अर्थात यहि सिद्धान्तको यो छवटा मुलभुत सिद्धान्तको आधारमा प्रदेश सरकारका माननीय अर्थमन्त्रीज्यूले आफ्ना प्राथमिकताहरु निर्धारण गरेको छ।मलाई लाग्छ, यो प्राथमिकताको बिषयमा धेरै चर्चा भएका छन र छोटकारीमा भन्दा मलाई के लाग्छ भन्दा यी बिषय यो

प्राथमिकता जुन तेत्तीसवटा होईन बत्तीसवटा बुँदाहरु जुन छन। यसमा के छ भन्दा पनि के छैन भन्ने मलाई लाग्छ, हिजो राजीव माननीयले भने जस्तै त्यसो भएको हुनाले म धेरै यो बिषयमा चर्चा गरिरहनु पर्छ जस्तो मलाई लाग्दैन तर मलाई थोरै कुरा यी सान्दर्भीक सकारात्मक बुँदाहरु भैरहेको बेलामा हामी भनिरहेका बेलामा मलाई एउटै मात्र निवेदन गर्न के लाग्छ भन्दा हामी कार्यक्रमहरु आएका छन हिजो पनि आएका थिए। विगतमा पनी थिए थुप्रै सरकारहरुले ल्याए कार्यक्रमहरु मात्रै भएर हुँदो रहेनछ। त्यसमा बजेटको विनियोजनको कुरा त्यतिकै महत्व राख्दोरहेछ। बजेट विनियोजन भएर मात्र हुँदो रहेनछ त्यो कार्यान्वयनको चरणमा पनि जान पर्दोरहेछ र कार्यान्वयनको कुरा पनि कार्यान्वयन भयो भन्ने मात्र होईन र त्यसले निश्चित समय र निश्चित किसिमको प्रतिफल आउने र पारदर्शी किसिमले सकारात्मक किसिमबाट त्यसको कार्यान्वयनको पाटोमा अगाडी बढ्नुपर्ने ज्यादै महत्व राख्दोरहेछ तब मात्र जनताले या हामी आँफैले पनी सबैले अपनत्व अनुभुत गर्ने कुरा महत्वपूर्ण हुँदोरहेछ र मलाई लाग्छ यो आगामी दिनमा जेजस्ता हाम्रा सिकाईहरु हिजोका चालु आर्थिक बर्षमा र अघिल्लो बर्षमा विभिन्न किसिमबाट त्यो भोगाईहरु, सिकाईहरु र भनाईहरु भनेका छौं। खाएका छौं। त्यो कुरालाई यसले यो बर्ष आगामी नीति कार्यक्रमले कुन बजेट र कार्यान्वयनको चरण जाने सम्म ति सबै सम्पूर्ण कुराहरुलाई सम्बोधन गर्ने कुरामा पक्कै पनी सरकार प्रतिवद्ध रहनेछ र मलाई यो बुँदाहरुमा भएका केही केही कुराहरुमा थोरै कुरा उठाउँछु जस्तो हामीहरुले सरकारी, नीजि, साझेदारी,सहकारी लगायत अनी त्यस्तै गरेर संविधानमै उल्लेख स्थानीय, प्रदेश र संघीय सरकारको समन्वय, सहकार्य र सहअस्तित्वमा लगानी मैत्री वातावरण बनाउँदै स्वदेशी पुँजीहरुको पुँजी परिचालनको सन्दर्भमा जुन खालले हामीहरुले राष्ट्रिय पुँजीको विकास गर्दै अनी त्यसपछी न्यायोचित वितरण प्रगतिशिल कर प्रणाली देखि लिएर उत्पादन शक्तिको विकास गरेर जसरी हामीहरु एउटा लक्ष्यमा पुग्ने अर्थात समाजवाद उन्मुख अर्थव्यवस्थालाई मजबुत बनाउने

भनिरहने बेलामा हामी वैदेशीक लगानीमा त्यतिकै कुरा महत्वका साथ अगाडि बढिरहेका छौं र स्वभाविक हो हाम्रो जस्तो अर्थव्यवस्था र सानो पुँजी अर्थतन्त्र भएको देशमा वैदेशिक लगानी अनि निजि क्षेत्रको लगानी विना कुनै पनी उद्योगधन्दा कलकारखाना देखि लिएर विकासले पूर्णता पाउने कुरा यो असम्भव रहन्छ नै तर हेक्का राख्नुपर्ने कुरा के रहन्छ भन्दा जस्तै आजै मात्रै तपाईंहरुले न्यूजमा देख्नुभयो होला सात अर्ब पैसा जब वैदेशिक लगानी आइरहन पर्ने बेलामा त्यसले सत्ताईस त्यसको फोर टाइम्स लाभांश विदेशतिर गईरहेको पनि छ। त्यस्ता उद्योगहरुको कार्यक्रमहरुको छनौट गर्ने बेलामा यो कुरा पनि हेक्का राख्न पर्छ भन्ने मलाई लाग्छ। त्यो सँगसँगै कृषि अनुदानको कुरा साथीहरुले हिजो पनि माननीयजीहरुले उठाउनु भएको छ। यसमा पनि अलि डाइभिरीफिकेसन गर्न पर्छ। अनुदान भन्दैमा सोझै रकम दिने अहिले पनि वस्तुगत अनुदानको कुरा थियो भने त्यहाँ शीर्षकका कुराहरु विविध हुनसक्छन। कृषियन्त्रका कुरा हिजो आएको थियो। त्यस्तै गरेर कृषि ऋणका लागी छुट दिने कुरा र त्यो भन्दा पनि महत्वपूर्ण कुरा मलाई के लाग्छ भन्दाखेरी अहिले थुप्रै खाले उत्पादन कृषिमा गैरहेको छ र भैरहेको पनि छन व्यवसायीहरु तर त्यसको उत्पादनको बजारको निश्चितता नभएर बिचमा छोडीएका छन। कतिपय चाहिं पलायन भएका छन। त्यसो भएको हुनाले नीतिगत रुपले महत्वपूर्ण कुरा के हो भने बजारीकरण बजारको सुनिश्चितताको कुरा त्यो महत्वपूर्ण हो जस्तो मलाई लाग्छ। त्यो कुरामा पनि अलिकती ख्याल राख्यो भने यो अझ सुन्दर हुन्छ भन्ने लाग्छ। त्यस्तै गरेर समयमा बजेट आउने कुरा, पछी निकासा हुने कुरा, अनि त्यसपछि कार्यान्वयनमा जाने कुरा यो पनि महत्वपूर्ण कुरो हो भन्ने मलाई लाग्छ। यसले पुँजी परिचालनमा बैंकमा पैसा बसिरहने राष्ट्रिय ढुकुटीमा यसले गर्दा खेरी बजार अर्थतन्त्रलाई बजारमा पुँजी परिचालनमा यसले पनी प्रभाव पार्ने भएको हुनाले म यस तर्फपनि ध्यान आकर्षण गर्न चाहन्छु। धन्यबाद ।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य श्री मित्र कुमारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री मित्र कुमारी गुरुङः-** माननीय सभामुख महोदय, माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले प्रस्तुत गर्नुभएको विनियोजन विधेयकमा हामी छलफल गर्दै आएका छौं। यो विधेयक आँफैमा पनि पूर्ण छ तर यहाँ म उभिरहँदा मैले केही यो विधेयकमा रहेका एक दुई बुँदा मात्र भन्न खोजें। सभामुख महोदय, आर्थिक, सामाजिक रुपान्तरणको माध्यमबाट सबै प्रकारका असमानता, पछौटेपन र गरिबीको अन्त्य गर्दै सन्तुलित विकास सहितको समुन्नत प्रदेश निर्माण गर्ने बिषय उल्लेखित गरिएको छ। सबै प्रकारका विभेद, शोषण, अन्याय, अन्त्य गरि सामाजिक संस्कृति मूल्य र मान्यतालाई सम्मान गर्दै सृष्टी, सामाजिक र सांस्कृतिक एकतालाई तथा आपसी सद्भाव सहितको समतामूलक समाज निर्माण गर्ने यो विधेयकले समेटेको छ। प्रदेश लोक सेवा आयोग, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान व्युरो गठन र संरचना निर्माणका साथै शान्ति सुरक्षाका कार्यक्रमलाई प्राथमिकता दिएको छ। सभामुख महोदय, महिला, दलित,पिछाडीएका क्षेत्र, अति विपन्न, अल्पसंख्यक, असहाय, वृद्ध, अपाँङ्गता भएका व्यक्ति, हिंसा पिडीत तथा जोखिम अवस्थामा रहेका व्यक्तिहरु, समुह या वर्गका लागी उत्थान र पुनर्स्थापना र सामाजिक सुरक्षाका कार्यक्रमलाई प्राथमिकता दिएको छ। बालबालिकाको सर्वोपरी हितलाई ध्यानमा दिएको छ। पर्यटनलाई प्रदेशको आर्थिक अर्थतन्त्रको प्रमुख आधार मानि पहिलो प्राथमिकतामा राखिएको छ। सबै घरधुरीमा आधारभूत खानेपानी सुविधा पुऱ्याउनलाई, कार्यान्वयन गर्नलाई स्वास्थ्य खानेपानी उत्पादन गराउने कार्यक्रम यो विधेयकले लिएको छ। जैविक विविधताको संरक्षण, सम्वर्धन र उपयोग गर्न वैज्ञानिक व्यवस्था मिलाउन यी बिषय पनि उल्लेखित गरिएको छ। सभामुख महोदय, हाम्रो गण्डकी प्रदेशमा जैविक विविधता अन्तर्गत सुनगाभा अर्थात सुनाखरी प्रजातीका फुलहरु धेरै थरीका पाइने हुनाले यो व्यवसायको रुपमा सञ्चालन गर्न

सके भने हाम्रो प्रदेशले एउटा ठुलो आर्थिक लाभ हुन सक्ने सम्भावना छ। सभामुख महोदय, यसरी माथि उल्लेखित बिषय तथा कार्यक्रमहरु, योजनाहरुको आधारमा यो विनियोजन विधेयकले समृद्ध नेपाल,सुखी नेपाली भन्ने हाम्रो राष्ट्रिय सोच पुरा गर्न दृढ संकल्पित छ भन्ने म विश्वास गर्दछु र यस बिधेयकको म पुरा समर्थन गर्दछु। धन्यबाद।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य श्री चन्द्र बहादुर बुढालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री चन्द्र बहादुर बुढा-** माननीय सभामुख महोदय, हामीले विनियोजन बिधेयक ७६ को सिद्धान्त र प्राथमिकताका बारेमा छलफल चलाई राखेका छौं। म यो सर्वप्रथम त सिद्धान्त र प्राथमिकता प्रति पूर्ण समर्थन व्यक्त गर्दै यो वस्तुवादी ढंगबाट आएको छ, समय सापेक्ष छ। यसको मुल स्पिरिट्लाई हामीले पक्रन सक्यौं भने लक्ष्यहरु पुरा हुनसक्छन भन्ने म विश्वास व्यक्त गर्न सक्दछु। दोस्रो कुरा, सभामुख महोदय, म केही अनुभुतिजन्य मेरा बुझाईहरु राख्न चाहन्छु। पहिलो कुरा त यो सिद्धान्त र प्राथमिकता एउटा समिक्षा सहित आएको छ भन्ने म ठानिराखेको छु। हामीले विगतका बर्षहरुमा केही नीति विधीहरु तय गऱ्यौं। चालु बर्षका कतिपय योजनाहरु कार्यसम्पादन गर्दैछौं त्यो प्रकृयामा छौं र सायद अहिले हामीले अपेक्षाकृत सम्पन्न गर्न नसकेता पनि उपलब्धीहरु हाँसील गर्न नसकेता पनी अहिलेको सन्दर्भमा हाम्रो समिक्षा सायद हामी सबैले गरेका छौं। यो प्रदेशको सन्दर्भमा महत्वपूर्ण एउटा आधार निर्माण गरेका छौं भन्ने कुरा म राख्न चाहन्छु। दोस्रो कुरा, हाम्रा केही सिमा समस्याहरु पनि छन्। हाम्रा सिमा समस्याको कुरा गर्दाखेरी हामीले अघि माननीयजीहरुले पनि राख्नु भएको छ। हाम्रो परिवर्तन प्रतिको बुझाई के हो अथवा हामीले अहिले संघीय लोकतान्त्रीक गणतन्त्र प्राप्त गरेका छौं। संविधानले निर्दिष्ट गरेका बिषयहरु के हुन् र हाम्रा बुझाईहरु के हुन्। त्यतिमात्रै हैन कि हामीले हेर्दैगऱ्यो भने केही नीतिगत समस्याहरु पनि देखेका

छौं। त्यतिमात्र हैन हाम्रो कार्यसम्पादनको कुरा हाम्रो सोच र तरिकाहरुको कुरा केही मिस्टेक छन है, यो परम्परावादी छन् है भन्ने कुरा पनि हामीले भनिराखेकाछौं। सायद यसको गतिलो समिक्षा सहित निर्ममतापूर्वक बढ्ने एउटा संकल्प सहित यो विनियोजन विधेयक आएको छ भन्ने म ठान्दछु। अर्को कुरा यो केही कुराहरु यहाँ राख्नुपर्दा खेरी महत्वपूर्ण बिषय हाम्रो मेन शत्रु भनेको गरिबी र भ्रष्टाचार हो भन्ने कुरा इङ्गित गरेको छ। यो गरिबीको अन्त्य गर्ने कुरा जे होस यहाँ लिपीबद्ध भएका छन। यसको उत्पादन उत्पादकत्व वृद्धि गर्ने कुरा, आर्थिक समृद्धिको कुरा, आत्मनिर्भर अर्थतन्त्रको कुरा यावत बिषयहरु उठेका छन। यो सामाजिक रुपान्तरणको कुरा सहित यहाँ अन्तर सम्बन्धित छ। यसको अन्त्य गर्ने कुरा यहाँ आएको छ। यस्तै गरेर अर्को भ्रष्टाचारको बिषय छ,यसको अन्त्य गर्ने कुरा सुशासनको जो बिषय उठाइएको छ। यसलाई मैले पूर्ण त भन्दिन सापेक्षिक हिसाबले यसको अन्त्य गर्ने कोशिस गरिएको छ भन्दै म बिषय राख्न चाहन्छु र अर्को कुरा प्रदेशको सन्दर्भमा हाम्रो प्राथमिकता के हुन सक्छन। हाम्रा गौरवका योजनाहरु के हुनसक्छन र हामीले प्राथमिकरण गर्दाखेरी तात्कालिन, मध्यकालिन र दिर्घकालिन हिसाबले हाम्रा योजनाहरु के के हुनसक्छन् भनेर सायद हामीले चालु वर्षमा पनि एउटा अभ्यास गरेका छौं त्यसैलाई एउटा लिपीबद्ध गर्न खोजिएको छ। त्यो बिषय अहिले सिद्धान्त र प्राथमिकतामा उल्लेख गरिएको छ। त्यसका हरेक अवयवहरुलाई यहाँ इङ्गित गरिएको छ। यसलाई हामीले अगाडी बढाउनको निमित्त सवल समृद्ध प्रदेश निर्माणको निमित्त हामीले जो परिकल्पना गरेका छौं समृद्ध नेपाल र सुखी नेपालीको त्यो लक्ष्य हाँसिल गर्न यो सिद्धान्त र प्राथमिकताको आधारमा हामीले नीति कार्यक्रम बजेट तर्जुमा गर्न सक्यौं भने यो महत्वपूर्ण आधार बन्न सक्छ भन्ने कुरा म यो बिषय राख्न चाहें। अर्को कुरा यसलाई कार्यान्वयन गर्नको लागि अलि महत्वपूर्ण कुरा यहाँ उल्लेख गरिएको छ भन्ने लाग्छ। त्यो भनेको के हो भने संरचना र संगठनको कुरा यसले हामीले कसरी

पारदर्शी,जवाफदेही बनाउन सक्छौं, अलि सेवामुखी बनाउन सक्छौं भन्ने कुरा पनि यहाँ अत्यन्तै महत्वका साथ उठाइएको छ। म बिशेष गरेर यसलाई कार्यान्वयनको एउटा उत्कर्षमा उचाईमा उठाउनको लागि पनि म बिशेष आग्रह गर्न पनि चाहन्छु। त्यस्तै गरेर म अन्तिममा के राख्न चाहन्छु भने म छैठौं कुरा सांसदहरुको भुमिकालाई अलि सुनिश्चित गर्न खोजिएको छ। यो संसदहरुको भुमिकालाई अर्थात सांसदहरुको दायरा अलि फराकिलो बनाउने जे होस प्रयत्न गरिएको छ। कोशिस गरिएको छ। सायद यसले चाहिं एउटा सन्देश प्रवाह गर्नेछ भन्ने मैले ठान्दछु। यद्यपी केही बिषयहरु उठेका छन। कसरि उठाउन खोजिएको छ। हामीले व्यवहारिक रुप दिनु पर्छ भन्ने म कुरा राख्न चाहन्छु र अन्त्यमा सभामुख महोदय, मैले हिजो देखि आज सम्म सुन्दै गर्दाखेरी हामीले सम्मानित सदनमा हाम्रो गौरव हाम्रो मर्यादालाई कतै न कतै चाहिं अलि फरक ढंगबाट उठाउन खोजिएको अथवा विकेन्द्रित गर्न खोजिएको छ कि भन्ने मैले त्यो अनुभुति गरेको छु। यसको मतलव के भने हामीले हाम्रा छलफलहरुलाई अगाडी बढाई राख्दा खेरी हाम्रो यो संसदको गौरव प्रति कुनै मिनिमाईज नहुने गरिकन हामीले बिषयहरुलाई राख्न जरुरी छ। गलत ढंगबाट केही नजिरहरु स्थापित गर्ने कोशिस गरिएको छ, त्यसको अन्त्य हुनुपर्छ हामीले चालु बर्षमा हाम्रा नीति विधिहरु तय गर्‍यौं, निति विधिहरु कार्यान्वयनको एउटा प्रकृयामा छौं, त्यो सही या गलत भन्ने कुरा अहिले हामी निष्कर्षमा पुग्नु हुदैन त्यो हामीले परिणाममा हेरिनुपर्छ। परिणाममा हेर्दा हामीले सही वा गलत भन्ने कुरा इतिहासले सावित गर्ने वाला छ तर अहिले हामीले हरेक इस्युमा एक्सक्युज गरेर जाने खतरनाक प्रवृति हुनसक्छ, यसलाई सम्मानित सदनमा माननीय सभामुख महोदयले बिशेष ध्यान दिन म बिशेष आग्रह गर्न चाहन्छु र अन्त्यमा म सिद्धान्त र प्राथमिकताको मुल स्पिरिट प्रति पूर्ण समर्थन गर्दै आफ्नो भनाई अन्त्य गर्दछु। धन्यबाद। अभिवादन।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री सरिता गुरुङः-** माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रीले २०७६ को सिद्धान्त र प्राथमिकता विधेयक प्रस्तुत गर्नु भयो।यस विधेयकमा धेरै कुराहरु समावेश भएको कुरा हिजोदेखि हामीले आजसम्म सुनिराखेका छौं र यहाँ विभिन्न जस्तो पूर्वाधार विकासको कुराहरु, उर्जा, पर्यटन, सामाजिक, शिक्षा, स्वास्थ्य, कृषि जस्ता कुराहरु यहाँ समावेश गरिएको छ।मलाई लाग्छ विगतको दिनहरुमा जे जस्तै भएपनि आगामी दिनमा पक्कै पनि यो चाहिं सुध्रिएर आउने छ भन्ने मैले आफैले विश्वास गरेको छु।यो सिद्धान्त र प्राथमिकता भनेको एउटा नीति तथा कार्यक्रममा आउनको लागी एउटा साईलेन्स फिचर हो भन्ने मैले बुझेको छु।किनभने यसमा विरोध गर्नु भन्दा यसलाई सुझाव दिनुपर्छ।फिडव्याक सजेसनको आवश्यकता हो र यहाँले धेरै मेहनत र परिश्रम गरेको हुँदा हुँदै पनि सबैसँग माग्नु यो सकारात्मक कुरा हो।तैपनी त्यति हुँदा हुँदै पनि के भयो भने कहिले कहिले बोल्दाखेरी हुन्छ होला भनिसकेपछी विश्वास गर्छ। विश्वास गर्दागर्दै कहिले कहिले त्यो विश्वासको डोरीहरु छुट्ने गर्छन।त्यस्तै हामीले यो धेरै कुरा भन्नु पर्दा कृषिको कृषि मन्त्रालयबाट जान चाहे र यहाँ कृषिको कुरा गर्दाखेरी हिजो मोडल कृषिको कुरा आए मुख्यमन्त्री वातावरण नमुना त्यो कुराहरु आउँदाखेरी नमुना गाउँ बनाउने जस्ता कुराहरुलाई यस्लाई हामीले जे जति कार्यविधिमा राम्रो थियो।त्यो चाहिं हुन सकेन।मैले साँच्चै भन्नुपर्दा हिजो उमेरको हदबन्दीको कुरा त्यस्लाई सुधार्ने कुरा आगामी दिनहरुमा उमेरको हदबन्दी लाग्दैन भन्ने अलि विचार पुऱ्याएर गर्नुपर्छ भन्ने एउटा हामी सबैले मनन गर्ने कुरा गरिसकेको कुरा हो।एउटा मुख्यमन्त्री वातावरण मैत्री कृषि नमूना गाउँलाई यो यति राम्रो शीर्षक छ।यो आँफैमा असाध्य राम्रो छ र अहिले देशलाई एउटा आर्थिक समृद्धी गराउने सुखी नेपाली गराउने एउटा शीर्षक हो यो राम्रो हो

सान्दर्भिक हो भन्ने मैले सोचेको छु तर मैले यो कुरा मैले धेरै ठाउँमा भनेको छु तर यसको अनुगमन भएको मैले बुझेको छैन किनभने बसाई सराई गरेर गाउँ छोडेर बिस पच्चीस तिस बर्ष भएको तर घरधुरी बसाईसराई नलगेको घरधुरी गनेर मुख्यमन्त्री कृषि गाउँ यो कार्यक्रम लगेको छ। यो कत्तिको सान्दर्भिक हो होईन यो कुरामा मैले हामी अर्थ तथा विकास समितिको मिटिङमा पनि माननीय मन्त्रीजीलाई यो मैले जानकारी गरेको थिएँ। अर्थमन्त्री ज्यूले प्री बजेटको तयार गर्दाखेरी तनहुँ र मनाङ, मुस्ताङलाई सँगै राख्दा खेरी मैले यो कुरा उठाएको थिए तर यो कुरा कार्यान्वयन भएको छैन। मलाई लाग्छ यो कुरा कार्यान्वयन भएन भने आगामी बर्षको यो प्री बजेट होस या अथवा हाम्रो सिद्धान्त र प्राथमिकताको कुरामा फेरि यो पक्कै पनि दोहोरिनेछ। यसलाई बढी ध्यान दिनपर्छ जस्तो मलाई लाग्यो र अर्को पर्यटनको कुरा अब यो पर्यटन चाहिं सबै राम्रो छ। होमस्टेको कुराहरु भन्न सकिन्न तर स्वतस्फूर्त चलेको होमस्टेहरु राम्रो छ किनभने म आँफुले पनि यो दश लाख लगानी गरिसकेको ठाउँमा तीन चारवटामा मैले म आँफु पुगेको छु। त्यो ठाउँमा चाहिं काम भैसकेको छ र यो जेठको महिनामा दश लाखको फरफारक गराउन गर्न आँउदैछ त्यस्तो कुराहरुलाई पनि हामीले पक्कै पनि ध्यान दिने होला। काम गरिसक्यो त्यस्को काम गरेर फेरि अपुग भएको बजेट थप गर्नु पर्छ। नत्र भने यो वितरणमुखी यो उत्पादन र लगानीमुखी नभैकन वितरणमुखी जस्तो देखिएको छ। यस्लाई पनि सुधार्न आवश्यक छ भन्ने मैले सोचेको छु। अर्को कुरा मैले गत बर्ष पनि अन्य माननीयजीहरुले पनि भन्नु भयोहोला मैले पटक पटक भनेको थिए। यो नीति तथा कार्यक्रममा र हामीले यो सिद्धान्त र प्रथमिकतामा महिलाहरुको एउटा महिलामुखी भएन यो देशको जनसंख्याको आधारमा महिलाको जनसंख्या बढि छ। हामी सबैले मनन गरेको हामी सबैले देखेको कुरा हामी चुनावमा भोट हाल्न जाँदा पुरुषको लाईन एक हुन्छ महिलाको लाईन तीन हुन्छ तर उम्मेदवार महिला थोरै हुन्छ पुरुष धेरै हुन्छ तैपनी मैले यहाँ के अनुरोध गर्न चाहें भने यहाँ

महिलामैत्री महिलामुखी कार्यक्रम देखेको छैन। एकैमुष्टमा छ। महिला, दलित, अपाङ्ग, वृद्ध, जेष्ठ नागरिक भन्ने महिलालाई स्पेशल महिलालाई आय आर्जन वृद्धि गराउन अहिले नेपालको महिलाहरु पनि पहिलाको तुलनामा केही सक्षम भैसकेको छ। किनभने अब महिलाहरुले आँफुलाई आर्थिक समृद्धीमा लानु पर्छ भनेर महिलाहरु आर्थिक समृद्धितीर जान खोजिराखेको छ, लम्किराखेको छ। उहाँहरु आँफुले सकेको आफ्नो क्षमता र दक्षतामा केही न केहीमा लागि राखेको छ। यस्लाई पक्कैपनि यो एउटा आवश्यकता हो र पनि यसलाई मनन गरेर महिलामुखी महिलामैत्री कार्यक्रम ल्याउन पर्छ यो चाहिँ मैले यहाँ अनुरोध गरें र अर्को कुरा अब विकास बजेटको कुरा भन्न पर्दा सबैलाई मन त लागेछ होला जस्तो मेरो व्यक्तिगत कुरा हो सत्तापक्षको माननीयहरुलाई पनि प्रतिपक्षको माननीयहरुलाई पनि किनभने यो विकास बजेट निर्वाचन क्षेत्र विकास बजेट दिंदाखेरी खालि छत्तिसवटा निर्वाचन क्षेत्रलाई मात्रै दिँदाखेरी यो आगामी बर्ष पनि त्यही भयो भने पक्कै पनि यो बजेटहरु योजना समयमा सम्पन्न नभएको र भ्रष्टाचार वृद्धि भएको कुरा पनि यिनै कुराहरुले गर्दा पनि हो यो प्रकृतिमा सभामुखज्यू, विभिन्न जातजातीहरु जन्मीन्छन। यो प्रकृतिमा, यो जमिनमा, यो धर्तीमा, कमिला पनी जन्मिन्छ, हात्ती पनि जन्मिन्छ तर आकारको आधारमा प्रकृतिले भिन्न गर्दैन तर समानुपातिक र प्रत्यक्ष पार्टीको र एउटा निर्वाचन प्रणालीबाट आएको हो किन चाहिं यो आकारमा फरक भिन्नता देखाएको जस्तो देखियो। यो चाहिं कहिल्यै पनि गर्न हुदैन। प्रत्यक्ष र समानुपातिकलाई यो भिन्नता देखाउनु पर्ने कारण के हो मलाई विश्वास छ हाम्रो मुख्यमन्त्रीजीले हाम्रो यो हिउँदे अधिवेशन समापन हुने बेलामा प्रदेशको फिप्टी पर्सेन नभए सत्तरी पर्सेण्ट नभएपनी फिप्टी पर्सेन्ट अहिले प्रदेश माननीयहरुलाई विकास बजेट दिईनेछ भनेर उहाँले वचनवद्धता व्यक्त गरेको कारणले गर्दा हामीलाई विश्वास छ यो पक्कै पनि लागु हुनेछ र म आँफुले पनि त्यसलाई विश्वास गरेको छु। यसमा पक्कै पनि तलमाथि

हुदैन भन्ने कुरा र अर्को मलाई असाध्यै भन्न मन लागेको म यो प्रदेशको अर्थ तथा विकास समितिको सदस्य हुँ र हामीले यो ढुंगा गिटी बालुवाहरु अनुगमन गर्ने क्रममा हामी यो गण्डकी प्रदेशको बाग्लुङ, म्याग्दी, पर्वतमा हामी अनुगमनमा हाम्रो टीम गएको थियो। त्यतै जाने सिलसिलामा म्याग्दी जिल्लाको रघुगंगा गाँउपालिकामा अझैपनि जनता जनता भैसकेको छैन भन्ने हामीलाई महसुस भयो। उहाँहरुले पनि त्यो कुरा राख्नुभयो। किनभने यो देशमा गणतन्त्र परिवर्तन पछि गणतन्त्र आइसक्यो तैपनि त्यहाँ एउटा अचम्मको हामीले भेटायौं। किनभने हामीहरुले आजसम्म मिडियाहरुमा सुन्ने गरेका छौं। गुठीको जग्गा धनीले शक्तिको आडमा अलिकति ठुलाबडाले गुठीको जग्गाहरु कुनै एउटा धार्मिक स्थलको जग्गाहरु हडपेको छ भन्ने सुनिए थियौं तर त्यहाँ त्यसको ठीक उल्टो रहेछ व्यक्तिको जग्गा जनताहरुको जग्गा गुठीको नाममा परिणत गरेको रहेछ। मुक्तिनाथ गुठी मुक्तिनाथको मन्दिरको नाममा र अहिले सम्म त्यो गुठीबाट मुक्ति पाउन सकेको छैन। जनताले अहिले गणतन्त्र आइसक्दा पनि त्यहाँको जनताको रोदन त्यहाँको वेदना सुन्दाखेरी हामीलाई साँच्चैनै हो केरे कसरी उन्मुक्ति गर्न सकिन्छ होला भन्ने हामीलाई लाग्यो किनभने हामी सत्तरी अहिले गणतन्त्र भैसक्यो। देशमा विभिन्न शासन परिवर्तन भएर आइरहेको अवस्थामा गणतन्त्र लागु भैसक्यो। तिनवटा देशमा चुनाव भैसक्यो यो देशमा तिनवटा सरकार छ तैपनी हामी जनता हुन सकेको छैन। हामी रैतीकै अवस्थामा छ किनभने त्यहाँको जनताहरुको यो आवाज आएको छ। मलाई लाग्छ यो प्रदेश यो सम्मानित प्रदेश सभा यो ऐतिहासिक सभाले यो कुरालाई पक्कै पनि मनन गरेर त्यहाँको जनतालाई रैतीबाट जनतामा परिणत गर्दाखेरी प्रदेश सभाको टप टेन कार्यक्रममा पक्कै पनि यो पर्नेछ भन्ने मैले विश्वास गरेको छु। यी कुराहरु राख्दै आगामी दिनहरुमा कति विरोध गर्ने प्रतिपक्ष भएकै कारणले प्रतिपक्षले विरोध गर्नपर्छ यो प्रतिपक्षको धर्म हो भन्ने मान्यता हामिहरुले राख्न हुदैन हामी सबै एक भएर विकासमा जान लाग्नुपर्छ र यो गण्डकी प्रदेशलाई एउटा सुखी नेपाली र

समृद्ध प्रदेश बनाउन आगामी दिनमा लाग्न पर्छ भन्दै मेरो भनाई यतिनै हो। धन्यवाद। जय नेपाल।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य श्री ईन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री ईन्द्रलाल सापकोटाः-** माननीय सभामुख महोदय, आज हामी आर्थिक बर्ष ०७६/७७ को बजेटको सिद्धान्त र प्राथमिकताको आधारमा यो चौंथो अधिवेशन जुन बर्षे अधिवेशनको रुपमा चिनिन्छ। यसमा छलफलको क्रममा छौं। मैले शुरुमा यसमा केही सैद्धान्तिक बिषयहरु राख्न जरुरी ठानेको छु। यतिवेला मुलुकमा तिन तहका सरकार सञ्चालित छन। संघीय सरकारले बजेट ल्याइसकेको छ। हामी बजेटको तयारीको सन्दर्भमा छौं। सिद्धान्तत हामी सहकार्य, सहअस्तित्वका आधारमा सञ्चालित हुने कुरा व्यवस्थापन गरेका छौं तर व्यवहारमा हामी चाहेर वा नचाहेर यो तिन तहको सरकारको बीचमा अपेक्षित सहकार्य हुनसक्यो कि सकेन प्रदेश सरकार संघीयताको मुटु हो। वास्तवमा अहिले पनि केन्द्रको बजेट हेर्दा धेरै पपुलर बजेट आएको छ वृद्ध देखि महिला अपाङ्ग सम्म र विकास निर्माणका थुप्रै क्षेत्रहरु छोएर यो बजेट आएको छ। चारैतिर बजेटको प्रशंसा भएको छ तर त्यति हुँदाहुँदै पनि यो बजेटले संघीयतालाई विकास गर्ने सन्दर्भमा यसको सम्बर्धन गर्ने सन्दर्भमा जति फुकाउनु पर्थ्यो मन त्यति फुकाउन सकेन भन्ने कुरा जुन आरोप आइरहेको छ र फेरि पनि बजेट आज हामी सिद्धान्त र प्राथमिकता माथि छलफल गरिरहेका छौं। विगतमा बजेटको डुप्लिकेशन भयो भनेर हामी बहस गरिरहेका छौं। फेरि पनि अहिले पनि केन्द्र, स्थानीय तह र प्रदेशको बीच बजेट डुप्लिकेशन हुने खतरा छन् किनभने तीन तहका सरकारलाई जोड्ने कडीका रुपमा हामीले कहिं न कहिं त्रुटी गरेका छौं। यो मलाई लाग्छ खुलेर बहस गर्नुपर्ने, छलफल गर्नुपर्ने र एउटा निष्कर्षमा पुग्नुपर्छ भन्ने लाग्छ। म यो किन पीडाको साथ उठाइरहेकोछु भने आज हामी निर्वाचन क्षेत्र कार्यक्रमको रुपमा छ

करोड माथि केन्द्रले घोषणा गरीरहँदा हामी यहाँ प्रत्यक्ष र समानुपातिक सांसदको बीचमा यो वा अर्को ढंगले पौठेजोरी खेले जस्तो गरी प्रस्तुत भईरहेका छौं। जबसम्म यो संसदको गरिमा जबसम्म यो प्रदेश सभाका माननीय सांसदहरुको गरिमा बढ्न सक्तैन त्यति बेलासम्म सरकारको गरिमा बढ्दैन प्रदेशको गरिमा बढ्दैन। आज स्थानीय तहले म गाउँपालिका र नगरपालिकाको कुरा गर्दै छैन वार्डले समेत पनि प्रदेश सँग के छ न अधिकार छ, न बजेट छ भनेर हामीलाई खिस्सी ट्युरी गर्ने स्थिति तलबाट पैदा भइरहेको छ। माथिबाट अपरिपक्व अलि काँचो अलि भर्खरै हुर्कदै गरेको बालक अलि पूर्ण विश्वास गरिहाल्न हुदैनकि भन्दै केन्द्रीकृत मनोविज्ञानबाट बजेट आएको छ। हरेक मन्त्रालयको विनियोजन बजेट विगत हेर्नुहोस बाँकी पनि अब हेर्न बाँकी छ। यो सबै कुरालाई मध्यनजर गर्दा हामी प्रदेश सभाका प्रत्यक्ष सांसद र समानुपातिक सांसदको बीचमा त्यति सानो मन गराउन पर्दैन। हामी कुनै न कुनै निर्वाचन क्षेत्रमा संगठीत छौं। हामी त्यो निर्वाचन क्षेत्रमा सबै सांसदको हकलाई स्थापित गर्नेगरि त्यो निर्वाचन क्षेत्र विकास कार्यक्रम वास्तवमा यो संसदलाई गरिमामय बनाउने हो भने हामीले त्यसलाई जोड दिन जरुरी छ। हामी आदर्शमा आएर भावनामा आएर यस्ता कुरा गर्‍यौं भने यो प्रदेश सभाको गरिमा बढ्न सक्तैन मैले पहिलो कुरा यो राख्न चाहें। दोस्रो कुरा मलाई यो लाग्छ सिद्धान्त र प्राथमिकता माथि धेरै बिषय राख्न चाहन्न धेरै साथीहरुले राख्नु भएको छ। मैले सरसर्ती हेर्दा यसले विगतको समिक्षा गरेको छ। पहिलो बर्षलाई नीति निर्माणको बर्ष, कानून तर्जुमाको बर्ष, प्रशासनीक संरचना निर्माणको बर्षको रुपमा समिक्षा गरेको छ। ठिकै हो। यसले आगामी बर्षको गन्तव्य पनि ०७६/७७ मा के गर्ने कुरा पनि गरेकोछ। प्रशासनिक क्षेत्रको दक्षता वृद्धिको कुरा गरेको छ। हाम्रो प्रशासनिक संरचनालाई अझ मजबुत र व्यवस्थित गर्ने कुरा गरेको छ। शान्ति र दिगो विकास सहित आर्थिक,सामाजिक रुपान्तरणको कुरा गरेको छ। यो सिद्धान्तत एकदम ठिक छ। यस्ले प्रारम्भमा नै भनेको छ। यी कुन आधारमा

सिद्धान्त र प्राथमिकता आएको छ भन्दा नेपालको संविधान, नेपाल सरकारको नीति कार्यक्रम र पञ्चबर्षिय योजना,प्र देश सरकारको चालु नीति कार्यक्रम र यो प्रदेश सरकारले बनाएको पञ्चबर्षिय योजनाका आधारमा प्रदेश सरकारको स्थितिपत्र लगायत अन्तराष्ट्रिय सन्धी, सम्झौताको जग भित्र यो प्रदेशलाई समृद्धी गर्ने मुलभुत कुरामा टेकेर आधारमा ग्राउण्डमा टेकेर यो सिद्धान्त र प्राथमिकता आएको छ।यो मानेमा पनि अर्थमन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।आभार व्यक्त गर्न चाहन्छु।वास्तवमा गण्डकी प्रदेश हामी यो चौथो अधिवेशन गरिरहँदा हामीले चालु आर्थिक बर्षमा सारेको नीति कार्यक्रम होस्, हामीले चालु आर्थिक बर्षमा सारेको बजेट होस चाहे हामीले बजेटका सिद्धान्त र प्राथमिकता निर्धारण गर्ने कुरामा होस मलाई लाग्छ हामी कांहि चुकेका छैनौं तर एउटा विडम्वना छ।अघि साथीहरुले लाउडाको कुरा गर्नु भयो।अघि साथीहरुले तेत्तिस किलो सुनको कुरा गर्नु भयो।मलाई विडम्वना लाग्छ। यो मुलुकमा चाहे लाउडाका कुरा गर्‍यौं चाहे वाइड बडीका कुरा गर्‍यौं।चाहे अहिले बालुवाटार जग्गा प्रकरणका कुरा गर्‍यौं।मुलुकमा बेथीति छ भन्ने कुरा जगजाहेर छ।हामीले प्रशासनिक संरचनाका कुरा गर्‍यौं तर वास्तवमा नेपालमा अहिले पनि सुशासनलाई जुन रुपमा प्रत्याभुत गर्नु पर्थ्यो त्यो गर्न सक्या छैनौं भन्ने कुरा जग जाहेर छ।के देब्रे पट्टी बस्ने साथीहरु यो कुरामा हामी पुरै मुक्त छौं।धोएको मुला जस्तै छौं भनेर दावा गर्न खोज्नु भएको हो भने मेरो केही पनि भनाई छैन।सत्य कुरा के हो भने हामीले दिन खोजेको सुशासन दिन सकिरहेका छैनौं।यो सिद्धान्त र प्राथमिकताले उद्घोष गरेको छ।वित्तिय अनुशासन कायम गर्दै सुशासन तर्फ अगाडि बढ्ने कुरा संकल्प गरेको छ।केन्द्रीय सरकारले पनि संकल्प गरेको छ।हामी प्रशासनिक सुधार गरेर यसको दक्षता वृद्धि गर्ने कुरा पनि संकल्प गरेका छौं तर त्यति हुँदाहुँदै पनि हामी बजेट विनियोजन गर्छौं।कार्यान्वयन गर्न असार कुर्नु पर्ने बजेट विनियोजन गर्छौं।प्रकृयागत ढंगले टाइममा बजेट कार्यान्वयन नहुने मलाई लाग्छ, सरकार सपना देख्ने कुरा

हो। सरकारले दृष्टिकोण अगाडी सार्ने कुरा हो। हामीले दृष्टिकोण अगाडी सारेका छौं। गण्डकी प्रदेशको पहिलो प्राथमिकता हामीले पर्यटन भन्यौं। दोस्रो प्राथमिकता हामीले उद्योग, उर्जा भन्यौं तेस्रो प्राथमिकता हामीले कृषि भन्यौं उद्योग र पूर्वाधार गरेर हामीले प्राथमिकता निर्धारण गरेका छौं। कहिं चुकेका छैनौं तर हामीले छुट्टाएका पुर्वाधारका कार्यक्रमहरु हामीले कल्पना गरेका पर्यटनका आधारहरु हामीले कल्पना गरेको प्रदेश समृद्धिका आधारहरु कार्यान्वयनका निम्ति कहाँनेर समस्या छ। मलाई लाग्छ यो प्रदेश सभा जीवन्त छलफलको थलो बन्नुपर्छ। हामी सरकारलाई सुझाव दिने सन्दर्भमा सरकारलाई हामी सही गतिमा अगाडि लाने सन्दर्भमा चाहे सत्ता पक्ष होस चाहे प्रतिपक्ष होस हामी यो संसदलाई जिवन्त छलफलको थलो बनाउन सकेनौं। कामकाजको थलो बनाउन सकेनौं। बहसको थलो बनाउन सकेनौं भने यो पहिलो प्रदेश सभा हो। यदि हामी त्यो दक्षता प्रकट गर्न सकेनौं भने यो प्रदेश माथि जसरी तल र माथिबाट आक्रमण भइरहेको छ। वास्तवमा प्रदेशको औचित्य माथि नै प्रश्न उठ्ने छ। हाम्रो चित्रबहादुरले भने जस्तै संघीयता माथि प्रहार हुने छ। यसको अर्थ हामी अत्यन्तै रचनात्मक रुपमा संसदलाई विकास निर्माणको सन्दर्भ होस या योजना कार्यान्वयनको सन्दर्भ होस या सुशासनमा कहाँ कहाँ नेर प्वालहरु छन, टाल्नु पर्ने छ। कार्यवाहीको दायरामा ल्याउन पर्ने छ। यसमा राजनैतिक क्षेत्रको प्रतिनिधित्व होस या प्रशासकिय क्षेत्रको प्रतिनिधित्व होस। यसमा मलाई लाग्छ कुनै दल विशेष तर्फ इङ्गित गर्न खोजेर यसको समाधान निस्कन्न। हामी यो रोहमा बसेका को कतिपटक सरकारमा गयौं। कस्ले कतिपटक सत्ता संचालन गर्‍यो मात्र गणित गन्न बाँकी होला तर यथार्थ के हो भने हामी सवै कहिले प्रतिपक्ष कहिले सत्तापक्षको अभ्यासमा आएका छौं तर मुलुकले अपेक्षित ढंगले जुन गति लिन सकेन यो सबैको अन्त्यको निम्ति हामी भनिरहेका छौं। यतिवेला स्थायी सरकार छ। मुलुकमा समस्या छन, सरकारले थुप्रै कुरा इङ्गित गरेको छ। अहिले ठेक्का पट्टाको सन्दर्भ होस चाहे ऐन कानून

निर्माणको सन्दर्भ होस चाहे खरिद ऐनको प्रक्रियालाई संशोधन गर्ने प्रक्रिया आरम्भ गर्ने सन्दर्भ होस चाहे अहिले भर्खरै दुई तीनवटा महत्वपूर्ण आएका छन। वास्तवमा ठेक्का पट्टा लगाउने सन्दर्भमा बिजुली देखि ढल निकासका एउटै बाटाबाट काम गर्ने जुन कुरा सरकारले ल्याएको छ अत्यन्तै महत्वपूर्ण छ। त्यसकारण हामी एउटा बहस मन्थन सबैको ब्रेन स्ट्रमिङ गरेर नै हामीले यो प्रदेशलाई समृद्ध बनाउन सक्छौं, समुन्नत बनाउन सक्छौं। सिद्धान्तको रुपमा सारिएका बिषयहरु निर्धारण गरेका प्राथमिकताका बिषयहरु जुन पैंतालीस बुँदामा व्याख्या गरीएको छ। धेरै कुराहरु समेटिएको छ। धेरै कुराहरु यसमा बुझ्ने गरिआएको छ तर यस्लाई कार्यान्वयन गर्ने सन्दर्भमा हामी आगामी दिनहरुमा अझ व्यवस्थित ढंगले छलफलमा जुटौं चाहे पर्यटनको सन्दर्भ होस, चाहे कृषिको सन्दर्भ होस, एउटा कुरा मात्र थोरै जोड्न खोजे वास्तवमा कृषिमा हामीले जुन बजेट विनियोजन गऱ्यौं, ठुलो गल्ती गऱ्यौं, मलाई त्यस्तो लाग्दैन खालि हामीले मोडेल फर्म भन्यौं, पचास लाखको कुरा गऱ्यौं, पाँच लाख मात्र दियौं, थोरै दिँउ भनेको वास्तविक किसानलाई नै बजेट गएको छ फेरि पनि हामीले साना किसानलाई राहत दिने कुरा ठूला मोडल फर्महरुलाई व्यवसायिकतामा रुपान्तरण गर्ने कुरा चाहे पर्यटनको होमस्टे होस चाहे धार्मिक पर्यटकिय गन्तव्य स्थलहरु हुन चाहे हामीले उर्जाको रुपमा कालिगण्डकी देखि मोदी, मादी, मर्स्याङ्दी देखि बडीघाट सम्मका कुराहरुलाई सवस्टेशन बनाउने कुरा हुन। यसमा ध्यान दिन जरुरी छ यहि कुरा राख्दै विदा हुन्छु। धन्यवाद।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य, श्री जनकलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य, श्री जनकलाल श्रेष्ठः-** माननीय सभामुख महोदय, प्रदेश सरकारको आर्थिक बर्ष ०७६/७७ को नीति तथा कार्यक्रम र बजेट निर्माणको क्रममा आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यूको विनियोजन विधेयक, २०७६ को सिद्धान्त र प्राथमिकताको जेष्ठ १७ को प्रदेश सभाको बैठकमा

छलफलबाट स्पष्ट भएकोमा यो छलफलमा हामी भाग लिदैछौं। माननीय सभामुख महोदय, यहाँ सबै माननीयज्यूहरुले आफ्नो कुरा राखिसक्नु भएको छ। हिजैदेखि छलफल भएर आजसम्म आउँदा खेरी सम्म जहाँ सम्म मलाई लाग्छ। यो नीति तथा कार्यको सन्दर्भमा सबैले आफ्नो धारणा व्यक्त गरिसक्नु भएको छ। यसर्थ म के भन्न चाहन्छु भने समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय सोचलाई पुरा गर्नको निमित्त गरिमामय सदनबाट जुन प्रस्ताव आइरहेको छ। त्यसको निमित्त कुन आधारबाट जानुपर्छ भन्ने कुरामा हाम्रो यो प्रदेश सरकारले वर्णन गरोस् भन्न चाहन्छु। यो नीति र योजना प्रदेश सरकारलाई कार्यान्वयन गर्नको निमित्त नीति तथा योजना आयोग गण्डकी प्रदेशको स्थिती पत्र जुन २०७५ ल्याइएको छ। त्यसमा सबै कुराहरु प्रष्ट सँग व्याख्या गरिएको छ। हाम्रो यो ११ वटा जिल्लामा कुन कुन स्थिती छ यो सबै ठाउँको स्थिती स्थिती पत्रमा व्याख्या गरिएको छ। त्यहाँका जनताहरु चाहे पहाडी भेगका होस चाहे मनाङ मुस्ताङको होस चाहे समथर नवलपुरको होस सबै क्षेत्रको व्याख्या त्यसमा गरिएको छ, यहि आधारमा त्यो लिएर जाने हो भने पनि हामीले चाहना गरेको समृद्ध नेपाल, सुखी नेपालीको चाहना त्यहाँ पुरा हुने मैले देखेको छु। त्यतिमात्र होइन सभामुख महोदय, यसलाई कसरी परिपूर्ति गर्न सकिन्छ भन्ने कुरामा पन्ध्रौं पञ्च वर्षिय योजनाहरु लागु गरिएको छ। यसको कार्यक्रमहरु आइराखेको छ। यसलाई कसरी लान पर्छ भन्ने कुरामा पनि हाम्रो माननीयहरुलाई  सब परिपत्र कागज पाईसकेका छौं यसले के गर्न लागेको छ भने अब यो गण्डकी प्रदेशको समृद्ध प्रदेश, सुखी प्रदेश कसरी बनाउने भन्ने लक्ष्यको आधारमा यी कुराहरु आइरहेका छन। यसर्थ म के भन्न चाहन्छु भने जबसम्म हामीहरु एकताबद्ध रुपमा अगाडी बढ्दैनौं। सत्तापक्ष प्रतिपक्षको रुपमा अगाडी बढ्छौं। यसबाट समृद्धी हुन सक्तैन भन्ने कुरा धेरै साथीहरुले भनिसक्नु भएको छ। म के अनुरोध गर्न चाहन्छु भने यो गण्डकी प्रदेश हाम्रो साझा हो। हिजो मात्र मुख्यमन्त्रीले प्रष्ट रुपमा भनिसक्नु भएको छ। हामीले यहाँ पनि बुझ्नु पर्ने

हुन्छ। यो सबै धेरै ब्याख्या गर्नु भन्दा पनि मलाई के लाग्छ भने यो कार्यक्रम अनुसार बुँदागत रुपमा जुन कार्ययोजना ल्याएको छ। यो साह्रै ठूलो सराहनीय छ। सबभन्दा पहिलो कुरा यसले विनियोजन विधेयक, २०७६ ल्याउँदा खेरी बुँदा नं १ देखि ४५ सम्मलाई सिद्धान्त र प्राथमिकताका आधारमा प्रस्तुत गरिएको छ। यो गौरवका योजनाहरुमा लोकमार्गलाई प्राथमिकताका आधारमा व्याख्या गर्दै कसरी जान सकिन्छ भन्ने कुरामा अगाडि बढाएको छ। त्यस्तै गरेर त्यति मात्रै नभैकन विनियोजन विधेयक र सिद्धान्तका आधारमा बुँदा नं ७ देखि १२ नं सम्मलाई यथार्थ चित्रण गरि व्याख्या गरिएको छ। हामी त्यहाँ हेर्‍यौं भने कुनै कुरा तल माथि भएको देखिन्न यदि त्यो कार्यान्वयन गर्न सकियो भने र कानूनको आधारमा अगाडि बढ्न सकियो भने समृद्ध नेपाल, सुखी नेपाली भन्ने चिज त्यहाँ पाउन सक्छौं। त्यस्तै गरेर विभिन्न विधेयकहरुमा प्राथमिकता प्रस्तुतमा बुँदा नं १३ देखि ३९ सम्मको विकास सहितको प्राथमिकता त्यहाँ राखिएको छ। त्यस्तै गरेर प्रदेश सभाका माननीय सदस्यहरुको भुमिकालाई प्रभावकारी बनाउने लक्ष्य समेत लिएको छ। यसकारण हामीले के सुनेछौं भने हाम्रो भुमिका केही छैन केही रहँदैन भनेर सोचिरहेका छौं मेरो आफ्नो धारणामा अहिलेको सिद्धान्तमा जो आएको छ। मान्यता दिईरहेको छ माननीयहरुको निमित्त पनि यसरी जानेछौं भन्ने कुरा यहाँ बुँदागत रुपमा व्याख्या गरिएको छ, त्यतिमात्रै हैन अब यो प्रदेशलाई दिर्घकालीन सोचका आधारमा कसरी लाने भन्ने कुरा पनि यसमा राखिएको छ। सहज कसरी लाने त विकास निर्माणमा कसरी अगाडी बढ्न सकिन्छ। यो गण्डकी प्रदेशलाई कसरी समृद्ध बनाउन सकिन्छ भन्दै दीर्घकालीन योजना पनि राखिएको छ। जहाँ कि बुँदा नं ४० देखि ४५ सम्म यो पन्ध्रौं पञ्च बर्षिय आवधिक योजना आर्थिक विकास सुशासन र अधिकार यी कुराहरु यहाँ प्रष्ट गरिएको छ। यसर्थ म किनभने जुन हिसाबले यो आएको छ, विधेयक त्यसलाई कहिं खोट लाउने वातावरण छैन जस्तो मलाई लाग्छ। कार्यान्वयनको निमित्त अगाडि बढ्नुपर्छ भन्ने धारणा राख्दछु। अर्को एउटा

कुरा मलाई केही सुझावहरु दिनुपर्ने आवश्यक हुँदा जनता आवास कार्यक्रम कार्यन्वयन कार्यविधि २०७५ प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय गण्डकी प्रदेशले लागु गरेको छ अहिले।यो जनता आवास कार्यक्रम नेपालको संविधान धारा ४३ मा आर्थिक रुपमा विपन्न तथा लोपोन्मुख समुदायको नागरिक संरक्षणको लागि जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को दफा २ अनुसार कार्यविधि तयार गरिएको छ।जसमा अहिले पाँचवटा जिल्लामा कार्यक्रम लागु भएको छ।गोरखा, तनँहु, लमजुङ, नवलपुर र मनाङ यो पाँचवटा जिल्ला लिएको छ।त्यसमध्येमा चारवटा क्षेत्रमा केही कामहरु अगाडि बढेको छ भने मनाङमा शुन्य छ।आज काम भएको छैन।मैले भन्न खोजेको के हो भन्दाखेरी संघले जनता आवासिय कार्यक्रम निम्ति केही बढाएको छ।यसर्थ यो पाँचवटा जिल्लामा मात्र नभैकन हाम्रो गण्डकी प्रदेशको एघारवटै जिल्लामा यो जनता आवासिय कार्यक्रम लागु हुनुपर्छ भन्ने मलाई लाग्दछ।यसर्थमा लक्षित वर्गलाई जुन मध्यनजर गरेर राखिएको छ।त्यसमा खास गरेर चाहिं जिल्ला जिल्लामा पनि अनुबन्ध गर्दाखेरी गोरखामा दलित, कुमाल, बराम, चेपाङ, माझी भनेर इन्डिकेट गरेको छ।तनहुँमा दलित, बोटे, माझी, चेपाङ भनेर गरिएको छ।नवलपुरमा दलित, बोटे, माझी, चेपाङ भनिएको छ।लमजुङमा दलित, चेपाङबाट वर्गिकृत गरिएको छ।सभामुख महोदय, हुनत विनियोजन विधेयक बुँदा नं २० ले समेटिएको छ।त्यहाँ राख्नत राखिएको छ तर त्यसमा के भन्दा पनि यथार्थ समिक्षा गर्दाखेरी लक्षित वर्गको वर्गिकरण भैसकेको हुँदा रकम विनियोजन गर्दाखेरी धेरै भन्दा धेरै घरधुरी निर्माणको लागि जनता आवास कार्यक्रमलाई प्राथमिकता दिंदा राखियोस भनेर म सदन मार्फत प्रस्तुत गर्न चाहन्छु।सभामुख महोदय, यो गण्डकी प्रदेशको स्थितिपत्रले त्यहाँ सबै कुरा राखिदिएको छ।दिगो विकासको लक्ष्य, सूचकहरु, चुनौतिहरु त्यसको साथै समस्याहरु त्यहाँ व्याख्या गरिएको छ।त्यो व्याख्याको आधारमा हामी कसरी जान सकिन्छ गण्डकी प्रदेशमा कसरी जान सकिन्छ र

कसरी लान सकिन्छ भनेर स्पष्ट राखिएको छ। त्यसर्थ म के भन्न चाहन्छु भने सम्पूर्ण मन्त्रालयको दिगो विकास लक्ष्य समस्या सहितको चुनौतीहरुको पनि व्याख्या गरिएको छ। तपाईंको जिल्लाको कुन गाउँपालिकामा के के चिज उत्पादन हुन्छ र त्यहाँ के छ लक्ष्य आधारमा के सहयोग गर्न सकिन्छ भन्ने कुरा पनि त्यहाँ इङ्गित गरिएको छ। यसर्थ म के भन्न चाहन्छु भने त्यस कार्यक्रमलाई हाम्रो अर्थमन्त्रीजीले समावेश गरेर गरिब जनताको चाहाना सपना छ। सपना पुरा गर्न अनुरोध गर्दै मैले यो विनियोजन विधेयक सम्पूर्ण रुपले समर्थन गर्दै मेरो आफ्नो भनाई यहि अन्त्य गर्दछु। हवस धन्यवाद। नमस्कार।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य, श्री दिपक थापालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री दिपक थापाः-** आदरणीय सभामुख ज्यू, र आज हामी विनियोजन विधेयक, २०७६ को सिद्धान्त तथा प्राथमिकताको बिषयमा हामी छलफल गरिरहेका छौं र यस जुन हाम्रो जुन छलफलको बिषयमा पैंचालीस वटा बुँदा त्यहाँ उल्लेख गरिएको छ र यो सैद्धान्तिक रुपले अथवा यसको प्राथमिक हिसाब किताबले यो वैज्ञानिक छ। यो ठीक ढंगले यो परिमार्जन भएको छ। यसमा केही विषयहरुमा यसलाई समावेश गर्नु पर्ने चिजहरु र केहीलाई यसलाई चाहिं उजागर गर्नु पर्ने चिजहरु र साथै यसको यो देखिन्छ तर अब यसलाई व्यवहारमा उतार्नी भन्ने कुरा त्यो हामी कसरी जान्छौं यसको चाहिं हुन्छ त्यसैले एउटा सरकार अथवा राज्यसत्ता सञ्चालन गर्ने क्रममा दार्शनिकहरुले के भन्ने गरिन्छ भने जुन सिद्धान्त भनेको एउटा आँखा हो जसले मार्गदर्शन देखाइदिएको हुन्छ तर त्यसको कार्यान्वयन गर्ने त्यसको व्यवहार हो। यदि व्यवहार सही ढंगले भयो भने त्यो अगाडि बढ्छ जस्तो सैद्धान्तिक र व्यवहारिक दुईवटा पाटो जोडिए पछि त्यसले ठिक ढंगले काम गर्न सकिन्छ र हामीले चाहेको राज्यले चाहेको अथवा यो जुन कि हाम्रो जुन कार्यान्वयन गर्नलाई बिषयवस्तुहरु छ। त्यो अगाडि बढाउन सकिन्छ

भनेको छ। त्यसैले यदि भोलि यो सिद्धान्त यो एउटा आँखा हो भने हाम्रो व्यवहार कार्यान्वयन गर्न हाम्रो एउटा खुट्टा हो। त्यसकारणले कहिं सिद्धान्तमा कमी कमजोरी रह्यो भने कहिं त्यसको अन्धो हुन सक्छ। त्यसरी नै यदि चाहिं व्यवहारमा कार्यान्वयन गर्न यो लङ्गडो हुन सक्छ। त्यसकारणले यो दुवै चिजलाई सँगै लाने भन्ने कुरा त्यो भोलि व्यवहारले जाने हो त्यसकारणले यो जहाँ सम्म लाग्छ मलाई यो चाहिं सबै जुनकि १ देखि ४५ बुँदा एकदम ठिक छ त्यसले सौहार्द ढंगले लैजान सक्छ त्यसैले यहाँ केही बुँदागतहरु यसमा चाहिं छलफलको बिषयमा राख्न गए र यहाँ खासगरी मैले बुँदागत चाहिने छलफलमा जान चाहन्छु। यसमा हाम्रो जुन तिन नम्बरमा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्र सेवा भन्ने जुन राखिएको छ। यसमा हामी सबै चाहिं यसमा ठिकै देखिन्छ तर यहाँ राखिरहँदा यसको दिगो शान्तीको ठाउँमा हामी यसलाई अधिकार सहितको दिगो शान्तिको रुपमा राखियो भने पुरक र पूर्ण हुनेजस्तो लाग्छ किनभने यो शान्तिले मात्रै पनि हामीले जीवन व्यवहारमा र एउटा चाहिं यसमा त्यो सार्थक हुन सक्दैन त्यसकारणले हुन सक्छ यो चाहिं तपाईंको एउटा शान्तिले मात्र जुन राज्यले सबै चिजले टेवा दिने त्यसैले अधिकार सहितको शान्ति यी खालको यो रहन गएको छ। यसरी नै मैले यहाँ मलाई एउटा लागेको यहाँ जुन कि २३ नंबरमा चक्लाबन्दी तथा सामूहिक सहकारी तथा करार कृषि प्रणाली कार्यक्रमलाई प्राथमिकता दिने छ, कृषि बाली फलफूल मत्स्य तथा पशुपालनको अनुसन्धान कार्यक्रमलाई जोड दिनेछ, उन्नत जातका बीउ बिजनको प्रयोग र उन्नत मत्स्यपालन र पशुपालन कार्यक्रमलाई प्राथमिकता दिइनेछ। समग्र कृषि क्षेत्रमा बिमा कार्यक्रम सञ्चालन गरिनेछ। मुख्यमन्त्री जलमैत्री नमूना कृषि जुन यसमा मलाई लागेको अहिले चाहिं कृषिमा लागेको थियो त्यसकारण यसले के देखाउछ भने हाम्रो देश किनकि हामीले बनाएकोमा पनि हामीले यो पहिलो चाहिं पर्यटन दोस्रो चाहिं उर्जा र तेस्रो कृषि चाहिं रहेको छ र यसले समग्र हेरेर आउँदाखेरी अहिले सम्म नेपालको उत्पादनमा

झण्डैझण्डै यहाँको हरेक चिजमा यहाँको खाद्यान्न देखि यहाँका मासुहरु अरुहरु चिजले पनि कृषिबाट यो सायद ०७३/०७४ को डाटा हो त्यसमा करिब ६ अर्बको चाहिं उत्पादन गर्दोरहेछ। तर यसमा फेरि त्यही बेलाको यहाँ भित्रिने बाहिरबाट आउने खेती जुन चाहिं खाद्यान्नहरु जस्तो चामल यी चिजहरु यसमा चाहिं करिब चालिस अर्बको यहाँ भित्रिएको देखिन्छ। त्यसै गरी मासु माछाहरु यसरी नै करिब चालिसको गर्दा असी नब्बेको यहाँ नेपालमा भित्रिने देखिन्छ तर हामीले यसरी हेरीरहँदा खेरी के देखिन्छ भने यो यसरी देखिरहँदाखेरी कतै हाम्रो नब्बे प्रतिशत उत्पादन गर्ने कतै दश प्रतिशतले धेरै देखिन्छ तर यसमा के देखिन्छ भने यसको लागि पनि यसको अहिले लिएको जुन खाद्यान्नमा मासुको लागी यसको आत्मनिर्भर गर्नलाई यसले ध्यानै दिनुपर्छ भन्ने कुरा त रहेन तर हामीले जुन कि हामी आँफै उत्पादन गरेको चिजहरु जुन कि यो देशमा हामीले उत्पादन गरिरहेको छ र हामीले लगानी गरिरहेको छ। त्यसलाई हामी नदेख्ने त्यो खालको रहेको छ। त्यसकारणले यो कृषिको जुन कि जीडीपीले के देखिन्छ भने कृषिमा झण्डै झण्डै २७ प्रतिशत कुल चाहिं सबै नेपालमा उत्पादन हुने चिज त्यति यहाँ उत्पादन हुँदो रहेछ। त्यसकारणले अब यसैले गर्दाखेरी कृषिमा अलि बढी बिषयवस्तुहरु उठ्यो। त्यसकारणले मलाई लागेको अहिले पनि हामी कृषिको मोडल फारमहरु अनि त्यसकारणले यसको एउटा नमूनाहरु हामीले अगाडि बढाइराखेनौ तर मलाई यसमा लागेको छलफल गर्न मन लागेको हामी यो हाम्रो गण्डकी प्रदेश यसमा तिनै तहको जुन कि यहाँ हिमाल, पहाड अनि त्यसै गरेर हाम्रो तराई पनि छोएको छ। त्यसकारणले पहिलो कुरा कृषि उत्पादन गर्नको निम्ति अर्थात समग्र यसलाई पहिले हामी सबैभन्दा यसलाई व्यवस्थित गर्न यसमा बीउहरु, बेर्नाहरु त्यसका चाहिने जुन कि मल, सिचाइ र यसको व्यवस्था यहा राज्यले दिनुपर्नेछ। त्यसकारणले मलाई के लाग्यो भने कुनै पनि भौतिक निर्माणको निम्ति कुनै बाटाघाटा बनाउनको निम्ति कुनै पुल पुलेसा बनाउनको निम्ति हामीलाई सोझै

त्यसमा चाहिं योजना लागु गरे हुन्छ। डोजर मेशिन लागु गरे हुन्छ। चाडै सम्पन्न गर्न सक्छ तर कृषि जस्तो चिजमा जुन कि हामीले यसरी चाहिं एउटा मेशिनहरु, एउटा औजारहरु प्रयोग गरेर सम्पन्न हुने होइन र अहिले मलाई एउटा खडकिएको हाम्रो मुख्यमन्त्री कृषि कार्यक्रम छ त्यहाँ जुन कि स्याङ्जाको एक नं क्षेत्रमा त्यहाँ मैले पाँचहजार सुन्तलाको बेर्ना लाउने योजना बनाएको थिए त्यो त्यहि खालको मैले पेश गरेको थियो। त्यसपछी मैले त्यहाँ पाँचहजार सुन्तलाको बेर्ना मैले कृषि लगायत ज्ञान केन्द्र लगायत सुपर जोन कहाँ कहाँ हो। त्यहाँ मैले भएको ठाउँमा बेर्ना मागे जुन स्टोर गरेको प्रमाणित गरेको बेर्ना ल्याउनुस मैले एउटा बेर्नालाई पाँचसय सम्म हाल्छु भन्दाखेरी कसैले दिन सकेन र हिजो मात्रै तपाईंलाई पाँचहजार होइन पाँचसय बेर्ना पठाउँला भन्याछ। त्यसैले यसरी कतिपय चिजहरु जुन कि हामीले यो बेर्नाहरु जुन कि यो खालको अभाव भयो। त्यसकारण मैले भन्न खोजेको के हो भनेदेखि यसरी जुनकी हामीले खेतीमा जाने क्रममा सबैभन्दा हामी यो तिनवटै ठाउँमा तिनवटै क्षेत्रमा हिमालमा उच्च भागमा अनि मध्य पहाडमा तराइमा एउटा मेगा नर्सरीहरु त्यो खालको बनाउने जुन कि माथिल्लो भागहरुमा त्यो खालको मान्नुस स्याउहरु त्यहाँ हुने आरुहरु अरु खालको हुन्छ त्यो खालको बनाउने अनि यहि खालको मध्य भागहरुमा त्यो खालको सुन्तलाहरु कागतीहरु त्यो खालको तयारी गर्ने र यसरी नै जुन कि तल तराइको भेगहरुमा त्यसमा आँप, लिचिहरु, कटहरहरु यो खालको गरेर करिब चाहिं त्यो खालको एउटा जुन कि मेगा नर्सरी अथवा त्यो खालको एउटा करिब करिब झण्डै एक डेड हेक्टर जमिनको त्यो खालको एउटा ठूलो लगानी गर्‍यो भने हामीले चाहेको बेर्नाहरु हामीले चाहेको अन्न बालिहरुको त्यसरी नश्ल सुधार पशुपालनको गर्‍यो भने हामीले चाहेको लक्ष्य चाहिं पुरा हुनसक्छ। जुन हामीले अघि भने जस्तो खाद्यान्नको कुरा भन्नुहोस अरु चिजहरु प्राप्त गर्न सक्छ एक दोस्रो कुरो अहिले सम्म हामी गास, बास, कपासको कुराहरु उठिरहँदा एउटा त्यो वासको कुरा पनि उठेको छ। हामी तपाईंको चाहिं आवासको

कुराहरु र यी उठेको छन तर गासको पनि उठ्ने, वासको कुरा पनि उठेको छ तर कपासको कुरा उठेको छैन त्यसकारणले हुनसक्छ यहाँ धेरै थोरै उत्पादन गरेको त पाइन्छ तर यहाँको पाउने कच्चा पदार्थहरु जुनकी यहाँ कच्चा पदार्थहरु त्यहाँ पाउने कपडाको निम्ति त्यहाँ बन्ने कपासहरु, रेशमी धागोहरु यो प्राप्त हुन सकेन त्यसकारणले यसको निम्ति एउटा खालको व्यवस्थित गरेर यहाँ हुनसक्छ कपास हुन सक्तैन तर रेशमी खेतीहरु प्रशस्त हुने भएकोले रेशमी धागो हुने भएकोले त्यसकारणले त्यो खालको त्यो ठाउँमा त्यो प्राप्त हुन गण्डकी प्रदेशमा सायद दुईवटा जिल्ला बाहेक मनाङ र मुस्ताङ बाहेक नौ वटा जिल्लामा हुन्छ भन्ने कुरा छ। त्यसकारणले एक हेक्टर जमिनमा त्यो रेशमी खेती लगायो भने करिब बार्षिक उत्पादन चार लाख रुपैयाँ आम्दानी दिन्छ। अब्बल खेती हामीले धान खेती गर्‍यौं भने बर्षमा त्यसको खर्च साठी हजार त्यसको आम्दानी असी हजार मात्र दिन्छ भनेको छ त्यसकारणले व्यवस्थित गर्नको निम्ति कृषिमा जोड दिनको लागि त्यसको व्यवस्थित ढंगले जानको निम्ति मैले अनुरोध गर्दै मैले यहि सुझाव राखी यहाँबाट बिदा हुन चाहे। हवस त धन्यवाद।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य मन कुमारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य मन कुमारी गुरुङः-** माननीय सभामुख महोदय, यस गरिमामय सभामा आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता उपर हिजो देखि आज सम्म हामी छलफलको क्रममा जारी छौं र हामी प्रतिपक्ष भएपनि यो सबै प्रतिपक्षको उद्देश्य पनि यो संघीयतालाई कार्यान्वयन गर्ने तर्फ नै हो। समृद्ध नेपाल, सुखी नेपालीको अभियानलाई सफल बनाउने नै हो र यो लोककल्याणकारी राज्यलाई स्थापना गर्ने नै हो र यो आर्थिक मामिला योजना मन्त्रीले जुन दुःख गरेर यो किताब निर्माण गर्नु भएको छ। यो राम्रो छ। धन्यबाद दिन चाहन्छु र यो दुई

तीनवटा बुँदामा अब जस्तै बुँदा नं ८ मा अघिनै माननीय सदस्यज्यूहरुले भनीसक्नु भयो र बुँदा नं ८ मा संघीय इकाई बीच भन्ने शब्दमा त्यसमा तीन तहको सरकार बीच समन्वय, सहकारीता भएको भए अझ यसमा राम्रो हुनेथियो र बीस नं मा महिलाको कुरा थोरै मात्र छोएको छ र यो महिला भनेको एकाउन्न प्रतिशत धर्ती ओगटेको र एकाउन्न प्रतिशत जनता संख्या महिला हो र आधा धर्ती ओगटेको त्यसकारणले महिला भनेको यो देशको आधा संख्या भएको हुनाले पनि महिलामा यो चाहिं बीस नं बुँदामा सबैलाई समेटिएर महिला, दलित, जनजाती आदि भनेर सबै एउटै क्लष्टरमा राखिएको छ। त्यतिले मात्र महिलालाई सम्बोधन पुग्दैन जस्तो लाग्छ मलाई महिलालाई जतिपनि महिलाहरुको सीपहरु क्षमता भए महिलाको एउटा गाउँगाउँमा त्यस्तो महिला क्षमता भएको सीप भएको महिला र हाम्रा आमा समुहहरुमा थुप्रै छन त्यो सीपलाई सदुपयोग र संरक्षण सम्बर्धन र रोजगारीको अवसरको रुपमा परिणत गर्नको लागि यहाँ उद्योग कलकारखानाहरु महिलाको नाममा छुट्टै सञ्चालन गर्नुपर्छ। कागज कारखानाहरु, साबुन फेक्ट्री देखि लिएर विभिन्न फेक्ट्रीहरु सीपसँग सिलाई बुनाइ देखि लिएर हस्त देखि लिएर त्यसैकारणले चाहिं मलाई यति बुँदाले मात्र महिलालाई छुँदैन हाम्रो सामाजिक विकास मन्त्रालयमा हाम्रो महिला मन्त्री भएपनि विगतको योजनाले चाहिं महिलाको कुनै पनि कार्यक्रमलाई समेटेको अनुभुति हामीलाई भएको छैन त्यसैकारणले यसमा महिलामैत्री बनोस् आगामी योजनामा चाहिं बजेटमा भन्न चाहन्छु र २३ नं बुँदामा मुख्यमन्त्री जलवायु मैत्री कृषि नमुना गाउँ कार्यक्रम भनिएको छ। मलाई लाग्छ कृषि मन्त्रालयले जति पनि दिएको कार्यक्रमहरु जनताको लागी हितको लागी जस्तो मलाई लाग्दैन र यो देशको ढुकुटी सरकारको ढुकुटी भनेको एउटा पार्टीको मात्र हुदैन। सरकारको ढुकुटी कसैको पैतृक सम्पत्ती पनि होइन यो सबै जनताको सम्पत्ती हो। त्यसैकारणले जतिपनि कार्यक्रमहरु यसमा हामीले हल्ला पनि सुनेका छौं कि कृषि मन्त्रालयबाट कुनै नमूना फर्म तिर चाहिं हामी यति पैसा दिन्छौं, यति

हाल्दिन्छौं हाम्रो पार्टीमा आउनुस् भन्ने धेरै हल्लाहरु पनि सुनियो, आगो नफुकि धुँवा आउदैन र हावा नचलि पात हल्लिदैन भनेको उखान जस्तै कतै पनि यस्तो नहोस, जनताको पैसा चाहिं मिसयुज नहोस् भन्न चाहन्छु। सबै जनताले मेरो कार्यक्रम हो र मेरो बजेट हो भन्ने अनुभुति होस भन्न चाहन्छु। त्यसैकारणले र यो जतिपनि यसमा अर्थमन्त्री द्वारा यो आएको यो जतिपनी बुँदाहरु छन् त्यो बुँदाहरु चाहिं राम्रो छ र यति हो कि हाम्रो नियतमा मात्र हामीले बिरोध विकासको बिरोधी हैन कि हाम्रो माननीय सदस्यज्यूहरुले भन्नु भयो कि हैन प्रतिपक्षको धर्म त निर्वाह गर्नुपर्यो। कदापी त्यस्तो होइन। किनभने जतिपनि किताबमा लेखिएको छ। सेतो पेपरमा जतिपनि लेखिएको कुराहरु छ त्यसमा धेरै कुराहरु आएको छ। महिला देखि लिएर सबै जनताको पिछाडिएको वर्ग देखि लिएर न्यायोचित वितरण देखि लिएर त्यो वञ्चितिकरणको अन्त्य हुनेछ भनिएको छ तर हामीले महसुस गरेका छौं कि न्यायोचित वितरण भएको छैन। वितरण सिस्टममा एकदमै पक्षपात भएको छ भन्न चाहन्छु, आगामी दिनहरुमा त्यस्तो नहोस मन्त्रीज्यूहरुले पनि आफ्नो निर्वाचन क्षेत्रलाई मात्र अङ्कित नगरोस भन्न चाहन्छु र जस्तै कर्मचारी व्यवस्थापनको कुरा आएको छ। कर्मचारीहरुलाई पनि एकदमै दलीय हिसाबले हेरेको एउटा गतिविधिमा क्रियाकलापमा त्यस्तो पाएका छौं। त्यसैकारणले एकदमै साँगुरो भित्र कर्मचारी पनि बसेको अनुभुति हामीले गरेका छौं, कदापी त्यस्तो नहोस र यो प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम भनेर जुन अहिले आएको छ, त्यसको लागि सबैले आ-आफ्नो अस्तित्वको लागि लडाईं सबैले गर्ने हो र यो गरिमामय सभाको अस्तित्व हामी साठी जना सांसदहरुको जति अधिकार हुन्छ। सांसदहरुको जति पनि वेट बढ्छ अनी तब मात्र सभाको एकदम दरिलो वेट बढ्ने हो प्रदेश सभाको पनि त्यसैकारणले हाम्रो संविधानमा नै उल्लेखित भएको छ कि यी दुईवटा निर्वाचन मिश्रित निर्वाचन प्रणाली भनेर कि त भने यो दुईतिहाइको सरकारले त्यसलाई संसोधन गरेर प्रत्यक्ष निर्वाचन प्रणाली मात्रै राख्दा मात्र हुन्छ हैन हामीले सुनेका

थियौं कि मन्त्रीहरुका जाँदै लाँदै गर्दाखेरी के कुरा पनि आयो भने हैन कुनै पनि समानुपातिकलाई यसरी दिंदाखेरी एउटै निर्वाचन क्षेत्रमा चाहिं कुनै ठाउँमा दश बाह्र जना पनि भए कुनै ठाउँमा एकजना, कुनै ठाउँमा पाँच सात जना पनि भए। त्यसै कारणले वितरण सिस्टममा व्यालेन्स मिलेन भन्ने कुरा त्यस्तो पनि हामीले जवाफ पायौं हैन, त्यसैकारणले त्यो होइन प्रत्यक्षको निर्वाचन क्षेत्र चाहिं छत्तिस वटा मध्येमा एघार वटा जिल्लामा छत्तिस वटा मानेको छ भने समानुपातिकको निर्वाचन क्षेत्रको होल गण्डकी प्रदेशलाई मानेको छ, एघार वटा जिल्ला छत्तिसवटा निर्वाचन क्षेत्रमा बाँड्न सकिन्छ। समानुपातिकको संसदहरुलाई पनि छुट्टै व्यवस्था भयो भने यो देशभरीमा एघारै जिल्लामा बाँडन सकिन्छ। त्यसैकारणले सवैले अस्तित्वको लडाईं लड्ने हो म त महिला साथीहरुलाई पनि भन्न चाहन्छु कि किनभने मिश्रित निर्वाचन प्रणाली नराख्न पऱ्यो। धेरै जस्तो ठाउँमा यो पार्टी त्यो पार्टी भन्नु भन्दा पनि सबै पार्टीमा महिला प्रत्यक्ष तर्फ भन्दा धेरै समानुपातिक तर्फ समावेश गरेर ३३ प्रतिशत त्यसलाई पुरा गरेको छ, हैन यदि महिलाले पनि त्यो व्यवस्थानै भएन भने बरु ३३ प्रतिशत प्रत्यक्षबाट पनि समावेश हुन्छ। त्यसमा महिलाको पनि त पहुँच भयो नि त त्यसैकारणले म यो कुराहरुमा चाहिं यस्तो सानो कुरामा नअल्झिकन समानुपातिकलाई पनि छुट्टै व्यवस्था हुने गरि भयो भने एघार वटै जिल्ला एउटा निर्वाचन क्षेत्र गरेर चुनाव भएको त्यसैकारणले एघारै जिल्लामा बाँड्छ के भयो र मेरो यो प्रस्ताव हो भन्दै धेरै यो कुरा यसमा चाहिं प्राथमिकता सिद्धान्त धेरै कुराहरु आएको छ तर त्यसलाई चाहिं हाम्रो कुरा चाहिं के हो कि न्यायोचित वितरण भएन एउटा योजना माग्दै गर्दाखेरी एउटा सडकको मान्छेले पनि दुई चारवटा योजना त पार्न सकिन्छ तर सांसदहरुलाई जनताको प्रतिनिधि भैसकेपछी त्यहाँको सबै समिक्षा गरेर कहाँ हाल्दा ठिक कहाँ हाल्दा बेठिक कहाँ के गर्दा भन्ने कुरा त सांसदहरुलाई पनि थाहा हुन्छ। त्यसैकारणले एउटा सांसद र सडकको जनतालाई गर्ने व्यवहारको चाहिं पहिचान हुनुपऱ्यो। यसको चाहिं पहिचान गरियोस्

सरकारले र आगामी बजेट वितरण गर्दा सिस्टममा चाहिं पहिलाको जस्तो विगतको जस्तो नभैकन न्यायोचित वितरण होस सबै सांसदहरु सँग समिक्षा छलफल गरेर सबैको अस्तित्व रहने गरेर वितरण गरियोस, त्यस्तो खालको कार्यक्रम ल्याओस र म बिशेष गरेर म फेरी पनि अर्थ मन्त्रीलाई भन्न चाहन्छु, नीति तथा कार्यक्रम ल्याउने बेलामा महिलाको लागि छुट्टै क्लस्टर के भयो यसमा पैंतालीस बुँदा थियो छयालीस हुन्थ्यो। महिलाको लागि छुट्टै भएको भए हैन महिला भनेको त आधा धर्ती ओगटेको एकाउन्न प्रतिशत जनसंख्या भएको महिलालाई महिला भनेको त अन्य भन्दा छुट्टै हो। यो देशमा महिलाको ठुलो भुमिका योगदान रहेको छ। अहिलेको यहाँ सम्म आउनको लागि यो गणतन्त्र नेपाल बनाउनको लागि त्यसैकारणले महिलालाई एकदमै सम्मान गरियोस हरेक योजनामा भन्दै विदा हुन्छु। हवस त धन्यबाद। जय नेपाल।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य श्री चिन्त बहादुर घलेलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री चिन्त बहादुर घलेः-** माननीय सभामुख महोदय, यस गरिमामय सभामा आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङ द्वारा विनियोजन विधेयक, २०७६ सेवा तथा प्राथमिकता माथि छलफलमा भाग लिइराखेका छौं। सबभन्दा पहिला बुँदा नं ३ मा म छोटकरीमा भन्छु समृद्ध नेपाल, सुखी नेपालको राष्ट्रिय सोच पुरा गर्न दिगो शान्ति सुशासनको प्रवर्द्धन गर्दै आर्थिक, सामाजिक रुपान्तरणको माध्यमबाट सत्तरी प्रकारका असमानता, पछौटेपन गरिबीको अन्त्य गर्ने सन्तुलित विकास सहितको प्रेस निर्माण गर्न प्रदेश सरकारद्वारा पेश गर्दछु भन्नु भएको छ। यसमा राम्रो छ। यसमा पहिला कुरा हाम्रो माननीय मायानाथ अधिकारीजीको कुरा फलो गर्छु। जस्तो यो पोहोर पनि मैले यो मञ्चबाट भनेको हो। हाम्रो गण्डकी प्रदेशमा एघार जिल्ला छ। एघार जिल्लामा पहाडी हिमाली जिल्ला सबैलाई थाहा छ होला मैले पोहोर पनि भनेको हो जस्तो कि हाम्रो गण्डकी प्रदेशमा एघार

जिल्लामा हिमाली जिल्लाबाट सबै विकास गरेर ल्याउने पहाडबाट अघि हाम्रो मायानाथ माननीयजीले भन्नुभयो त्यस्तै पहाडी हिमाली जिल्लाको पनि समृद्ध नेपाल बनाउन त्यहिंबाट विकास गरेर ल्याइदिन पर्‍यो त्यसपछी मात्र  हाम्रो गण्डकी प्रदेश समृद्ध नेपाल सुखी नेपाली हुन्छ र बुँदा नं ५ मा मन्त्रालय मातहतका संरचना स्थापना नहुँदै चालु आर्थिक वर्षको वजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दा कतिपय बजेट तथा कार्यक्रम बिषयगत मन्त्रालयमा एकमुष्ट राख्नुपर्ने व्यवस्था रहेकोमा आगामी आर्थिक बर्षको बजेट निर्माण गरी कार्यान्वयन गर्ने जिल्ला एकाईका विनियोजनका काम र क्रियाकलाप स्पष्ट तोकि बजेट तर्जुमा गर्ने प्रणाली पारदर्शी बनाउन जोड दिएको छ।यसमा राम्रो छ र यसमा किनभने हटाएको राम्रो छ तर धेरै माननीयहरु यसमा खुशी थिएन मार्केटमा पनि यसको बिरोध थियो, यो हटाइएकोमा राम्रो छ।यहाँ अर्को कुरा निजि सहकारी सामूदायिक क्षेत्रसँग सहकार्य गरि वित्त परिचालन सहकारी कोषको व्यवस्था गर्न अवस्थाको विश्लेषण गरि गरिबी निवारण वित्तिय परिचालनको विस्तार र पहुँच र आधुनिक प्रविधिको प्रयोग पहुँच अनुसन्धानमा सहयोग पुग्ने गरी प्राथमिकता दिई बजेट विनियोजन गरेको छ।यो पनी राम्रो छ।यो चाहिं युवा वर्गलाई पनि रोजगारी दिनुपर्छ।अरु २१ मा चाहिं पर्यटन वन क्षेत्रले पर्यटनलाई प्रदेशको मुख्य समृद्धिको आधारमा लिइनेछ।सन २०१९ लाई आन्तरिक पर्यटन बर्ष, २०२० लाई छिमेकी आकर्षण पर्यटन वर्ष र २०२२ लाई अन्तराष्ट्रिय पर्यटन वर्षको रुपमा मनाउन पर्यटनको पुर्वाधारले विकास र विस्तार गर्ने छ।निजि क्षेत्रसँग सहकार्य गरि पर्यटन पूर्वाधार विकासमा जोड दिइनेछ।मुस्ताङ गोर्खाको चुमनुब्री, मनाङ र वाग्लुङको ढोरपाटन क्षेत्रको पर्यटन विकासमा प्राथमिकता दिइनेछ।प्रगति समृद्धिको साहसिक पर्यटनको माध्यमबाट स्तरीय पर्यटन आकर्षणलाई प्राथमिकता दिइराखेको छ।यो त राम्रो छ।जस्तो कि हाम्रो पर्यटन क्षेत्रलाई तोकिएको छ, त्यो खुशिको कुरो हो तर यसमा चाहिं म सभामुख मार्फत प्रदेश सरकारलाई म के अनुरोध गर्न चाहन्छु भने

२०७४/७५ मा अन्नपूर्णमा मनाङमा मात्र इन्ट्रि भएको तीस हजार टुरिष्ट गएको रहेछ। एकजनाले तिन हजार उठाउँछ। एक्यापले त्यो बजेट कहाँ गयो हैन? हाम्रो प्रदेश सरकारको केही हुन्छकी हुँदैन त्यो जिल्लाबासीलाई यो अस्तिनै जिल्ला जाँदा टिपेर ल्याएको हो। त्यो पैसाले टानले दुईहजार लिन्छ रे त्यो त माथि केन्द्रले लियो। जिल्लामा एक्यापले तिनहजार उठाउँछ। जस्तो कि मैले अस्तिनै टिपेर ल्याएको ०७४/७५ मा अन्नपूर्णमा जस्तो मनासलुबाट पनि आँउदैछ।....तिस हजार टुरिष्ट आयो त्यसमा तीन हजारले उठाउँदाखेरी नौ करोड भयो। नौ करोड पैसा कहाँ गयो हाम्रो प्रदेश सरकारको केही हुन्छ कि हुँदैन। अर्थमन्त्रीज्यू यसमा चाहिं म तपाईंलाई अनुरोध गर्न चाहन्छु। जनताको पनि माग त्यहि छ त्यो बुझेर ल्याउनुस भनेर। बुँदा नं २२ मा पेट्रोलियम पदार्थको प्रयोगको लागि प्रतिस्थापन गर्न जलबिद्युत तथा वैकल्पिक उर्जाको उत्पादन र प्रयोग सहज उपयोग बढाउन जोड दिन्छ। उज्यालो प्रदेश बनाउन सरकारको प्रतिबद्धता पुरा गर्न सार्वजनिक निजि सहकारी र सामूहिक क्षेत्रको सहलगानीमा उर्जाको उत्पादन र वितरणमा जोड दिइनेछ र बहुद्देश्यीय जलबिद्युत आयोजना निर्माणलाई प्राथमिकता दिइनेछ। त्यो पनि राम्रो छ र पहिला पहिला यो हाउसबाटै बोलेको हजुर सभामुख महोदय, अर्थमन्त्रीजी यहिं हुनुहुन्छ। अरु जिल्लामा पनि होला मनाङमा मात्रै बाह्रसय मेगावट छ। मैले पोहोर पनी सुनाएको हो। अहिले चाइनाले चारसय पाँचसय कति बनाएछ। सोध्नलाई बाँकी छ। जलबिद्युत मात्रै बनायो हाम्रो प्रदेशको त्यसै समृद्धि हुन्छ। मन्त्रीज्यू त्यहाँ दिनुपर्‍यो, २३ मा चक्लाबन्दी तथा सामूहिक सहकारी र कृषि प्रणाली कार्यक्रमलाई दिइनेछ। कृषि बाली र फलफुल स्याउ र पशुपंक्षीको अनुसन्धान कार्यलाई जोड दिइनेछ। हुनत आजको उन्नत पशुपालन, पंक्षी नश्ल कार्यक्रमलाई प्राथमिकता दिइनेछ र संलग्न कृषि क्षेत्रमा बिमा कार्यक्रमलाई संलग्न गरिने छ। मुख्यमन्त्री जल मैत्री कृषि गाउँ कार्यक्रमलाई पनि प्राथमिकता दिइनेछ। कृषिलाई बिमा कार्यक्रम सँग रहनु खुशिको कुरा हो र अर्को कुरा हजुर

सभामुख महोदय, हिमाली भेगमा कृषिमा सबभन्दा हुने त पशुपालन नै हो। यसपाली हिउँ अलि धेरै भयो। मनाङ, मुस्ताङ गोरखाको उत्तरी भेगमा धेरै याक चौरी मऱ्यो। त्यसको लागि मैले यहाँ लेखेको छु। हिउँदमा चरनको व्यवस्था गरिदिनुपऱ्यो। कृषि मन्त्री यहाँ हुनुहुन्छ। मेरो निवेदनमा लेखेछु। हिउँदमा पनि जस्तो कि दश बाह्र बर्ष अगाडी स्थानीय जोडने स्थानीयबाट वडा वडा जोड्ने एकदम राम्रो कुरा हो। जस्तो कि त्यो गर्दाखेरी त्यो सबै ठाउँमा पुऱ्याउने अहिले विकास भनेको सबभन्दा राम्रो चाहिं फस्टमा चाहिं पूर्वाधार किनभने तपाई हामी के भन्छ समाजवाद उन्मुख बनाउनलाई गरिबी उत्थान गर्नुपऱ्यो। जबसम्म मोटर बाटो बन्दैन गरिबले खाना पाउँदैन। उदाहरणै दिन्छु जस्तोकी हाम्रो माननीयज्यू पुग्नु भएको छ होला मेरो गाउँ जाने मरो जिल्ला गाउँको उदाहरण लिउँ धारापानी गाउँपालिकाबाट मेरो गाउँपालिका जाँदा खेरी पुल छैन बर्खामा हिउँदमा गाडीले लान्छ। गाडीले लाँदा खेरी एक रुपैयाँमा लान्छ। गाउँपालिकाबाट मेरो गाउँमा लाँदा खेरी हैन खच्चडले लाँदा खेरी दश रुपैयाँ लिन्छ भन्दाखेरी यो नौ रुपैयाँको डिफरेन्ट भयो। नौ रुपैयाको डिफरेन्ट हुँदा गरिबी निवारणको लागि कति समस्या हुन्छ। जबकी यो मोटरबाटो हामीले राख्नै पर्छ। सबै ठाउँमा मोटरबाटो पुऱ्याउनै पर्छ। दिगो विकासको लक्ष्यहरु हाँसिल हुने गरी बुँदा नं ३२ मा शिक्षा, स्वास्थ्य सेवा, संचार र वित्तिय सेवा र खानेपानी र सडक सरसफाई जस्तो आधारभुत सेवामा पहुँच वडामा जाने कार्यक्रमलाई जोड दिइनेछ। यसमा मैले पोहोर पनि यही मञ्चबाट राखेको किनभने मनाङ जिल्लामा हिमाल पारीको जिल्ला शिक्षामा साह्रै पिछाडियो। शिक्षालाई अगाडि बढाइदिन पऱ्यो मनाङलाई। मनाङ जस्तै अरु दुर्गम जिल्ला पनि छ। त्यसमा आवासिय गरिदिनु पऱ्यो। पोहोर पनि मैले बोलेको चालु बर्षमा चाहिं हाम्रो प्रदेश सरकारबाट मनाङमा चाहिं दुईटा आवासिय स्वीकृति दिनु भयो त्यसमा धेरै धेरै धन्यवाद। मनाङबासी सबै खुसी छु, आभार दिन्छु र दुईवटा बोर्डिङ आवासिय दिनु भयो मनाङलाई। छत्तिसमा स्वतन्त्र तथा संचारको हकलाई

सम्मान गर्दै आम संचारको माध्यमलाई स्वस्थ्य, मर्यादित र जिम्मेवार र व्यवसायिक रुपमा विकास गर्नको लागि प्राथमिकता दिइनेछ। यो पनि राम्रो हो किनभने यो एक्काइसौं शताब्दीमा प्रेस स्वतन्त्रता र संचार माध्यमको विकास गर्ने तिनीहरुले नै हो अगाडि बढाउने, हामी सबै ठाउँमा पुग्न सक्तैनौं। यो पनि राम्रो छ। उनचालीसमा विकास, आयोजना र कार्यक्रम छनौट गर्दा कार्यक्रमको अनुगमनमा प्रदेश सभाका माननीय सदस्यहरुबाट गरिने अनुगमनलाई प्रभावकारी बनाउन जोड दिइनेछ र माननीय सदस्यहरुको आयोजनामा सहभागिता बढाउनलाई साधन तथा श्रोतको सहुलियत वितरणबाट सामाजिक बौद्धिक पूर्वाधारमा र अरु चाहिं लास्टमा चाहिं सभामुख महोदय मार्फत गण्डकी प्रदेश सरकारलाई यो अनुरोध गर्न चाहन्छु कि जस्तो कि जनताको आवाज सम्बन्धमा मनाङमा पचास सिट छुटेको रहेछ त्यो जस्तो कि हाम्रो मनाङमा आरक्षणमा मान्छेनै भैटिएन राउटे भएन, कुसुण्डे भएन, चेपाङ भएन, मधेसी भएन, पचास सिट पनि नजाने भयो मनाङमा। बीससिट मात्र भए हुनेभयो दलितले गर्दा खेरी भन्दाखेरी  अर्थमन्त्री, सभामुख प्रदेश सरकारले भनिदिनुपर्‍यो हुन्छ भने जस्तो कि त्यहाँ मनाङको एक्लो महिला होला साह्रै पिछाडिएको जात गरिब मान्छे होला त्यहाँ व्यवस्था गरिदिनुपर्‍यो भन्दै विदा लिन्छु, धेरै के भनुँ, यो अब प्रदेश सभा सफल होस भन्दै शुभकामना दिंदै विदा लिन्छु। जय नेपाल।

**माननीय सभामुखः-** अब, माननीय सदस्य श्री लक्ष्मी सुनारलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री लक्ष्मी सुनारः-** माननीय सभामुखज्यू, आज विनियोजन विधेयक २०७६ को सिद्धान्त र प्राथमिकतामा छलफल र समर्थन गर्न यस गरिमामय सदनमा उपस्थित हुन गैरहेको छु। समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय सोचका साथ दिगो शान्ति र सुशासनको प्रवन्ध गर्दै आर्थिक सामाजिक रुपान्तरणको माध्यमबाट सबै प्रकारका असमानता, पछौटेपन र गरिबीको अन्त्य गर्दै सन्तुलित

विकासका आधारमा यो सरकार लागि परेको छ। नेपाल सरकारबाट प्राप्त अनुदान र प्रदेश सरकारको आन्तरिक श्रोत समेतको अधिकतम उपयोग गर्दै संविधान प्रचलित कानून र अभ्यास अनुरुप बजेट तथा कार्यक्रम तर्जुमा कार्यान्वयन गरिएको छ। संवैधानिक प्रबन्ध, मौलिक हक, मानव अधिकार र कानूनी शासनको मूल्य र मान्यतामा आधारित लैङ्गिक समानता, समानुपातिक समावेशी सहभागिता र सामाजिक न्यायको माध्यमबाट लोकतान्त्रिक कल्याणकारी व्यवस्थापन गर्दै सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरि सामाजिक,साँस्कृतिक र मूल्य मान्यतालाई सम्मान गर्दै राज्यको समृद्धि गरि जनताको सार्वभौमिकता, भौगोलिक अखण्डतालाई आधार मानि राष्ट्रिय हित र लोकतन्त्र र अग्रगामी परिवर्तनलाई आत्मसाथ गर्दै समष्टिगत आर्थिक नीति, प्रदेश नीति, विकास निर्माणका आवश्यकता, आधार भौतिक सेवा प्रभाव र स्थानीय तहको स्वयत्तता र अधिकारलाई दृष्टिगत गर्दै गरिबी र असमानताको न्यूनीकरण गर्ने आवश्यकता देखिएको छ। माननीय सभामुखज्यू, हाम्रो देश कृषिप्रधान देश भनिएको छ तरपनि यस देशमा जनताहरु कृषिमा आत्मनिर्भर हुन सकेको छैन। किनभने जहाँ जमिन छ त्यहाँ सिंचाइ छैन, जहाँ सिंचाइ छ, त्यहाँ उपयुक्त जमिन छैन र जुन ठाउँमा जुन अन्न बाली छ, अन्नबाली र फलफूल हुन्छ त्यस ठाउँमा त्यही अन्नबाली र फलफूल लगाउने सिंचाइको प्रबन्ध मिलाउने तर्फ सरकारको ध्यान जान अतिआवश्यक देखिएको छ र विभिन्न किसिमका अन्न जातका पशुपालन, मत्स्यपालन, कुखुरा आदि पालि आत्मनिर्भर गराउन र विदेशमा पलायन हुने युवाहरुलाई स्वदेशमा फर्कन स्वरोजगार गराउनका लागि विभिन्न निकायबाट अनुदान दिनुपर्छ र उत्पादन भएका फलफूल र अन्नबाली तरकारी सबै राख्ने व्यवस्था सब्जी भण्डार, चिस्यान केन्द्र, बजारीकरणलाई व्यवस्था गर्न आवश्यक देखिन्छ। अझैपनि विभिन्न पहाडी भेगमा खानेपानी, बिजुली बत्ती र बाटोघाटोको अभाव रहेको छ। खानेपानी नभएर कुवामा भ्यागुता, किरा फटयाङ्ग्रा पन्छाई पानी

खाने गर्दछन। टुकी बत्ती बाल्न बाध्य रहेका छन र गोरेटोमा हिंडेका छन। हाम्रो नारा नै छ एक घर एक धारा, एक घर एक चर्पी दिशामुक्त घोषणा गर्न चर्पी त बनाए तर पानीको अभावले चर्पी फोहोर भई दुर्गन्धले मान्छेलाई रोग उत्पन्न हुने संभावना रहेको छ। त्यसलाई ध्यान दिन यो सरकारलाई आवश्यक छ भन्ने ठान्दछु। माननीय सभामुखज्यू, हाम्रो देशमा, हाम्रो प्रदेशमा आम्दानीका श्रोतहरु धेरै छन। जस्तै चुनढुंङ्गा, खरिढुंङ्गा, फलामखानी, तामाखानी, पित्तलखानी र खनिज पदार्थ त्यसलाई व्यवस्था गर्न जानेका छैनौं त्यसतर्फ पनि सरकारको ध्यान जान आवश्यक देखिन्छ। वैज्ञानिक वन व्यवस्थापनको माध्यमबाट जैविक विविधताको संरक्षण र सम्बर्धन र उपभोगमा हेर्ने हो भने त्यसमा आम्दानी सरकारलाई भन्दा उपभोक्तालाई देखिन्छ। त्यसलाई समान हितमा गरिनु आवश्यक छ र बाढि पहिरोले गर्दा कतिपय जनताको घरवासविहिन र उत्पादित जमिनहरु विनाश गरि त्यसमा अहिले खोला हिडिरहेको देखिन्छ। त्यसको गिटी ढुङ्गा उठाइ ठेकेदारले मात्र फाइदा लिएको हामीले देखेका छौं। त्यसतर्फ पनि सरकारको ध्यान जान आवश्यक देख्दछु। माननीय सभामुखज्यू, यो प्रदेशमा १७.४४ प्रतिशत दलित बसोबास गरेको ठाउँमा दलितमुखी कार्यक्रम समावेश भएको जस्तो लाग्दैन। पिछाडिएका क्षेत्र, सिमान्तकृत, अति विपन्न, अल्पसंख्यक असहाय वृद्ध अपाङ्गता भएका व्यक्ति, वहिस्कृत, हिंसापिडीत महिला तथा जोखिमयुक्त सिमान्तबाट अवस्थामा रहेको व्यक्ति, समुदाय वा वर्गका लागी उत्थान पुनर्स्थापना गर्दै पिछडा परेका दलितहरुलाई आफ्नो पेशा, भाषा, सीप, कला र संस्कृतिलाई र शिक्षामा आवद्ध रहेको बिद्यार्थीहरुलाई निशुल्क शिक्षा हाँसिल, उच्च शिक्षा हाँसिल गराउन सरकारको ध्यान जान आवश्यक देखिएको छ। शिक्षाको तर्फ हेर्ने हो भने आवश्यकिय ठाउँमा प्रदेश विश्वबिद्यालय, प्राविधिक महाबिद्यालय, प्राविधिक व्यवसायिक अनुसन्धानमुलक शिक्षा विकास, बिद्यालय तहको पाठ्यक्रम पाठ्यपुस्तकहरु निर्माण, परीक्षा व्यवस्थापन, बिषय अनुसारका आवश्यक शिक्षकको

व्यवस्था नभएको देखिन्छ। यसलाई पनि सरकारले ध्यान जान आवश्यक देखिन्छ। अन्तमा म के भन्न चाहन्छु भने भौतिक पुर्वाधार काम र सबै विकासका कामहरु गर्दा र चुनाव क्षेत्रमा दिइने विकास कोष दिँदा समानुपातिक साँसद पनि समावेशीको आधारमा रुपान्तरण होस भन्दै आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङज्यूलाई र साथै मन्त्रालय सबै कर्मचारीहरुलाई कर्मचारीहरुले यति मेहनतको साथ यो विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता ल्याउनु भयो, यसलाई धन्यवाद दिंदै आगामी बर्षमा अझै राम्रो विधेयक बन्नेछ भन्दै मैले समर्थन गर्दै मेरो भनाई यहिं अन्त्य गर्दछु। हवस त धन्यवाद। नमस्कार।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य श्री विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री विष्णु प्रसाद लामिछानेः-** सभामुख महोदय, यतिवेला हामी आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङद्वारा प्रदेश सभा समक्ष प्रस्तुत विनियोजन विधेयक २०७६ का सिद्धान्त र प्राथमिकता माथि छलफल गरिराखेका छौं। खासगरेर हामी शुरुदेखि भन्दै आएका छौ, यो प्रदेश हाम्रो प्रदेश हो र यो हाम्रो प्रदेशलाई कसरी राम्रो प्रदेश बनाउन सकिन्छ भन्ने बारेमा हामी संवेदनशिल बन्नुपर्छ भन्ने मलाई लाग्दछ। हामी यतिवेला समयको कसीमा छौं। संघीयता नै औचित्य छैन भन्ने केही व्यक्तिहरु, केही समाजहरु, केही वर्गहरु र संघीयताले यो मुलुकलाई दिगो विकास दिन्छ र निकास पनि दिन्छ भनेर लाग्ने हामीहरु बीचमा अहिले परिक्षणकालमा छौं हामी। साँच्चै हामीले राम्रो गर्न सक्यौं भने यो संघीयताले यसको प्रतिफल पनि राम्रै हुन्छ र हामीले हामी संस्थापक रुपमा जुन उपस्थित भएका छौं, हामीले राम्रो गर्न सकेनौं भने इतिहासले हामीलाई चाहिं त्यहि किसिमले हेर्नेछ देख्नेछ र इतिहासमा त्यहि किसिमको लेखनी हुनेछ त्यसैले पनि हामीले यो संघीयतालाई संरक्षण गर्न, संघीयतालाई दिगो रुपमा अगाडि लानको लागि पनि हामीले गर्ने क्रियाकलापहरु, हामीले गर्ने कामहरुले महत्व राख्छ भन्ने

मलाई लाग्दछ। हामीसँग यो सिद्धान्त र प्राथमिकता आएको छ। सरसर्ती हामीले अध्ययन गऱ्यौं, मैले अध्ययन गरें, वास्तवमा मेहनत भएको छ यसमा केही अघिल्लै वर्षका निरन्तरता छन। जुन राम्रा कार्यक्रमहरु थिए। मैले प्रतिपक्षको एउटा सदस्यको नाताले मैले विरोध गर्न पर्छ भन्ने ठान्दिन, केही राम्रा कार्यक्रमहरु अघिल्ला वर्षका निरन्तरता पाएका छन, अझै राम्रो होस भन्ने शुभकामना दिन चाहन्छु र केही नयाँ कार्यक्रमहरु पनि छन मैले दोहोरिएका कुराहरु गर्दिन। हामी समयलाई ख्याल गर्दै लामो समयदेखि बसेका पनि छौं। त्यसैले मैले दोहोरिएका कुराहरु जे कुराहरु आइसकेका छन। माननीयज्यूहरुले उठाइसक्नु भएकोछ। मैले त्यसलाई उठाइरहन पर्छ भन्ने ठान्दिन। आको छ केही कुराहरुलाई अझ बिशेष जोड दिन पर्छ भन्ने लाग्छ मलाई। जस्तै हाम्रा युवाहरु अहिले पनि विदेशमा छन। युवाहरुलाई लक्षित गरेर रोजगारी सृजना हुने किसिमका कार्यक्रमहरुमा अझै फोकस गर्न पर्छ, अझै यसले बढि प्राथमिकता पाउन पर्छ भन्ने मलाई लागेको छ। त्यस्तै सुशासनका कुरा माननीयज्यूहरुले ल्याउनु भएको छ। साँच्चै नै हामीले सुशासन कायम गर्न सकिएन भने मैले अघि भने जस्तै हामी त्यो कसीमा छौं, त्यो कठघरामा छौं समयको, हामीले चाहिं राम्रो काम गर्न सकेनौ भने हामीलाई समयले धिक्कार्ने छ। त्यसैले दलगत स्वार्थ भन्दा माथि उठेर हामीले काम गर्नुछ। सुशासन सबैभन्दा महत्वपूर्ण कुरा हो। हामीले सुशासनलाई जोड दिनुपर्दछ। त्यस्तै स्वास्थ्य बिमा गर्न जरुरी छ भन्ने ठान्दछु। स्वास्थ्य यति महङ्गो भयो। जनताले स्वास्थ्य परिक्षण गर्न जाँदा मात्रै पनि कहाँको जग्गा बेच्ने हो, कहाँको भैंसी बेच्ने हो कहाँ के गर्ने हो भनेर सोच्नुपर्ने परिस्थिति आएकोछ। त्यसैले हाम्रो प्रदेशमा कुनै पनि जनता स्वास्थ्यबाट वञ्चित नहोस् भन्नको लागि स्वास्थ्य बिमालाई प्राथमिकतामा राख्नुपर्छ भन्ने मैले ठानेको छु। बसाइसराईको अन्त्य त होइन कमी गर्ने, न्यूनिकरण गर्न कम्तिमा पनि हामी गाउँमै बस्दा पनि सुरक्षित छौं, गाउँमै बस्दाखेरी पनि हाम्रो शिक्षा, स्वास्थ्य, रोजगार सबैको व्यवस्था हुन्छ भन्ने हामीले विश्वास

दिलाउन जरुरी छ। गाउँमा जाँदा साँच्चै रुन मन लाग्छ। अघि हाम्रो एकजना माननीयजीलाई रुन मन लाग्या थियो एउटा बिषयमा म त्यो बारेमा पछि आँउछु। गाउँमा जाँदा रुन मन लाग्ने परिस्थिति छ। गाउँ घरहरु खालि छन, त्यो परिस्थितिमा गाँउमै बस्ने वातावरण कसरी बनाउन सकिन्छ त्यसको बारेमा ठोस अध्ययन गरेर हाम्रो गाउँ, आफ्नो गाउँमै, बस्ने, फर्कने वातावरण बनाउनको लागि पनि कम्तिमा पनि हामी त्यहाँ बस्दा सुरक्षित छौं हाम्रा शिक्षा, स्वास्थ्य, रोजगार लगायतका कुराहरु गाउँमै बस्दा पनि हुन्छ भन्ने वातावरण बनाउन तिर ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ। सुकुम्बासी, अव्यवस्थित बसोबासका कुरा आइसक्याछ, माननीयज्यूहरुले उठाइसक्नु भएको छ, यति लामो समय भैसकेको छ हामी गणतन्त्रमा छौं, जनता अहिले पनि घर छ जग्गा छैन, उसको त्यो परिस्थितिमा छ जनता। त्यसैले के गरेर त्यसलाई व्यवस्थित गर्न सकिन्छ।एकिकृत बस्तीका कुराहरु पनि आएका छन। छरिएर रहेका बस्तीहरु। सुकुम्बासीको पनि त्यहि किसिमको छ त्यसैले हामीले त्यहि सुकुम्बासीलाई एकिकृत रुपमा बसाउन सक्यौं भने काम हुन्छ भन्ने लाग्छ कृषिको, कृषि उपजको बजारिकरण कृषिमा जति लगानी गरे पनि बजारिकरण भएन भने हुदैन। आएको छ यसमा पनि ध्यान दिन जरुरी छ। करको दर होइन, सकिन्छ भने करको दर घटाउँ दायरा चाहिं बढाउँ, दायरालाई फराकिलो बनाउन सक्यौं भने हामीले सिमित ठाउँबाट जति कर लिन सक्छौं दायरालाई फराकिलो बनाउन सक्यौं भने हामीले त्यति नै कर त्यो भन्दा बढी कर उठाउन सक्छौं त्यसैले दर भन्दा पनि दायरा फराकिलो बनाउन पर्छ भन्ने मलाई लाग्छ। हामीसँग भएका चिजहरु के छन अध्ययन गरौं, हामीले निर्यात गर्न सक्ने हाम्रो प्रदेशबाट बाहिर निर्यात गर्न सक्ने अर्को प्रदेशमा निर्यात गर्न सक्ने अथवा अर्को मुलुकमा निर्यात गर्नसक्ने चिज वस्तुहरु के के छन त्यो बारेमा अध्ययन गरौं निर्यात गर्ने परिस्थिती सृजना गरौं त्यसो भयो भने पनि हाम्रो प्रदेशलाई विकासको मार्गमा अगाडि बढाउन सकिन्छ भन्ने लाग्छ। त्यस्तै बुढा बीसमा

बालश्रम र सडक बालबालिका त्यो भन्दा माथि पनि छ। मैले धेरै गरिन बालश्रम र सडक बालबालिकाको व्यवस्थापनको कुरो आएको छ। यतिले मात्र पुग्दैन भन्ने लाग्छ मलाई हामीले गण्डकी प्रदेशलाई बालमैत्री अवधारणामा लान जरुरी छ। बालमैत्री गण्डकी प्रदेश मेरो त अनुरोध छ, अरु प्रदेश भन्दा पहिला हामीले हाम्रो गण्डकी प्रदेशलाई बालमैत्री बनाउन जरुरी छ किनभने बालबालिका भोलि होइन आज हुन उनलाई गर्ने लगानी भनेको त्यो प्रतिफल आउने लगानी हो त्यो कहिल्यै खेर जाँदैन। त्यसैले बालमैत्री प्रदेश घोषणा गर्नलाई यो सरकार चाहिं लागोस त्यसको लागि पनि आवश्यक बजेट विनियोजन गर्ने र त्यो वातावरण बनाउन पर्छ भन्ने लाग्छ। बुँदा ३५ मा भाषा, साहित्य, कला र संगीतको लागि संस्कृती संरक्षणको लागि भनेर आएको छ, साँच्चै नै त्यसले हामीले बेच्न सक्ने मध्येको एउटा कम लगानीमा बेच्न सक्ने भनेको हाम्रो आफ्नो कला पनि हो, हाम्रो संस्कृति पनि हो त्यसैले यसको संरक्षण गर्ने हाम्रा गीत संगीत पनि हो। त्यसैले यसको संरक्षण गर्ने कुरा साहित्य समाजको ऐना भनिन्छ त्यसैले यसको संरक्षण गर्ने कुरामा जुन हिसाबमा गण्डकी प्रज्ञा प्रतिष्ठान गठन गर्ने कुरा आएको छ, म मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु। त्यस्तै बुदा ३९ ले मलाई लाग्छ माननीयज्यूहरुलाई अलिकति अझै उत्साह थपिएको हुनसक्छ, हुनुपर्छ भन्ने लाग्छ। मैले पटक पटक पनि भन्ने गरेको छु। मन्त्रीज्यूहरुलाई पनि भेट्दा भन्ने गरेको छु। योजनाहरु प्रदेशबाट गएको छ। त्यहाँ काम भएको छ। यो प्रदेशले गर्‍यो स्थानीय तहले गर्‍यो अथवा कुनै कार्यलयको कर्मचारीले गर्‍यो त्यहाँका जनताले मेसो नपाउने परिस्थिती म आफ्नै क्षेत्रको कुरा गर्दा मेरो क्षेत्रमा प्रदेशबाट परेको बजेट काम भैसक्या छ। म आँफुलाई थाहा छैन गएर सोधे त्यहाँका जनतालाई कसले गरेको रहेछ विचार गरौं भनेर, अँ कर्मचारीहरु आएर गरेका हुन्, कर्मचारीहरुले गरेका हुन, अहिले पनि हिजोकै परिस्थिति छ। त्यसैले कम्तिमा पनि प्रदेशको एकातिर औचित्य छैन भनिरहेको बेलामा प्रदेश, प्रदेशको आवश्यकता छ,

प्रदेशले पनि काम गर्छ भन्ने कुरो देखाउनको लागी पनि प्रदेशको औचित्य पुष्टि गर्नको लागि पनि त्यो अनुगमनको पाटो कम्तिमा पनि सम्बन्धित क्षेत्रका माननीयज्यूहरुले अनुगमन गर्नुपर्ने वातावरण बनिदियो भने यो प्रदेशबाट भएको काम हो है भनेर त्यहाँका जनताले थाहा पाउँछन् र प्रदेशको औचित्य महसुस गर्छ। हामीले अझै दिन सकेका छैनौं, कर्मचारी गएर काम गरेको छ, हिजो पनि कर्मचारीले मात्र काम गरेको थियो, तिनै कर्मचारीले आएर गरे। हिजोकै परिस्थिति हो भन्ने अहिले पनि जनताले बुझेको छ। त्यसैले स्थानीय तहबाट हो, संघबाट हो, प्रदेशबाट हो, कहाँबाट हो, भन्ने कुरा थाहा पाउन नि प्रदेशका माननीयज्यूहरुले अनुगमन गर्ने वातावरण बनोस भन्ने मलाई लाग्छ। अब नवलपुर यो जिल्ला यो मुलुककै कान्छो जिल्लाको रुपमा हामी लिन्छौं त्यहाँ प्रदेश स्तरीय कार्यालयहरु अहिले पनि छैनन। संघले केही कुरा गरेको छ। प्रदेश स्तरीय कार्यालयहरु बनाउनको लागि बजेट विनियोजन भएको छैन भन्ने मलाई लाग्छ त्यतातिर पनि ध्यान जाओस भन्दै अघि माननीयज्यूलाई साह्रै चित्त दुख्यो मलाई साह्रै खुशी लाग्यो कांग्रेस पार्टीको अवस्था देखेर उहाँ पाँच किलो घट्ने परिस्थिति बनेछ। अब आत्तिन पर्दैन मलाई उहाँलाई धन्यवाद दिन चाहन्छु किनभने उहाँलाई राम्रोसँग थाहा छ, काँग्रेस कमजोर भयो भने यो मुलुकले गति लिन सक्दैन भन्नेकुरा उहाँलाई थाहा छ। काँग्रेस कमजोर हुँदा यो मुलुकको लोकतान्त्रिक पद्धति कमजोर हुन्छ भन्ने कुरो उहाँलाई थाहा छ। त्यसैले उहाँले जुन चिन्ता व्यक्त गर्नु भाछ। म एउटा जिल्लाको पार्टीको सभापति त्यहि जिल्लाको पार्टीको पनि सभापति भएको हुँदा उहाँलाई यो चिन्ता प्रति धन्यवाद दिंदै यो चिन्ता उहाँले मात्रै होइन अहिले नेपाली जनताले गरिसक्न थालिसक्यो। काँग्रेस कमजोर भएको कारणले कहाँ कहाँ के भैराछ भन्ने कुरो जनताले बुझेको छ। नेपाली जनताले पनि चिन्ता व्यक्त गर्न थालेको छ। यो चिन्ता प्रति उहाँलाई हार्दिक धन्यवाद दिंदै विदा हुन्छु। जय नेपाल।

**माननीय सभामुखः-** अब म, माननीय सदस्य श्री प्रकाश चन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री प्रकाश चन्द्र दवाडीः-** सभामुख महोदय, समृद्ध नेपाल, सुखी नेपाली भन्ने नाराका साथ आएको यो विधेयक मलाई समष्टिरुपमा भन्दा राम्रो छ तर धेरै अपुरो छ।यसमा अपुरा कुराहरु मात्रै भन्न चाहें यो अन्तिम, अन्तिममा गएपछी सभामुख महोदय, धेरै भन्ने कुरा आइसकेको हुन्छ।हसाउने कुरा, नचाउने कुरा, भाका कुरा सबै आइसक्यो।अब म दुई चारवटा कुरा मात्रै भन्न चाहन्छु।आज यहाँ अघि साथीले भनिसक्नु भयो मलाई धेरै खड्केको कुरा हाम्रो विधेयकको ३९ नम्बरमा अर्थमन्त्रीज्यूले राम्रो विधेयक ल्याउनु भएको छ।यो विधेयक हेर्दा साह्रै नै खुशी लागेको छ तर हामी प्रदेशबाट योजना विनियोजित गर्छौं प्रदेशका सांसदलाई थाहा हुदैन तर विधेयक बनिरहेको छ।योजनाहरु गाछ, यहाँ बसेर उपभोक्ता समिति बनाइन्छ।कति सान्दर्भिक हुन्छ, सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु। यो बनेको चाहिं बनेको मात्रै भएर नबसोस् भनेर आग्रह गर्छु। अर्को पर्यटकिय क्षेत्रको रुपमा घोषणा भयो हामी गोर्खालीहरुको मनकामना, कालिकाको दरबार, लगायतका पर्यटकिय क्षेत्र भैरहेका पर्यटकिय क्षेत्र मात्रै किताबमा लेखियो तर अरु कुनै पनि योजना हाम्रोमा समावेश भएन। यस आउने कार्यक्रममा यो पनि केही परिमार्जित होस् भन्न चाहन्छु। सभामुख मार्फत हाम्रो अर्थमन्त्रीज्यू लगायत सरकारलाई म आग्रह गर्न चाहन्छु।भैरहेकोलाई पर्यटकिय क्षेत्र भन्ने सभामुख महोदय, नभएको चाहिं नआउने भनेपछि कति समृद्धि, विकास हुन्छ त्यो सरकारले नै बुझ्नु पर्छ भन्ने मलाई लाग्दछ ।केन्द्रमा पुँजीगत भन्दा चालु खर्च माने दोब्बर बजेट आयो तर यो पनि यहिं आउँछ कि भन्ने डर लागेको छ मलाई चार नं प्रदेशमा यो पुँजीगत हेर्दा र आय हेर्दा एउटा नेपाली जनताको टाउकामा तेत्तीस हजार सय भार थपिएको छ। यहाँ चाहिं फेरि चालीस हजार नहोस् भन्ने म आग्रह गर्छु।विधेयकमा प्रष्ट नभएको हिसाबले मैले जोड्न

चाहें हामी त्यसलाई पनि ध्यान दिनुपर्छ चार नं प्रदेशलाई अलिकति समृद्धि बनाउन जाँदा हामीले त्यो पनि ख्याल गर्नुपर्छ जस्तो लाग्छ।हामी बजेट ल्याउँछौं, बजेट ल्याउने कहाँबाट ल्याउने पनि यहाँ अलिकति प्रष्ट भएको देखेको छैन मैले गोलमाल रुपमा आएको छ।पोइन्टेड आएको छ, अघि भनिसकें मैले पोइन्टेड आएको छ, पोइन्टलाई चाहिँ खुलस्त रुपमा आउनुपर्छ जस्तो मलाई लाग्दछ ।आयआर्जन कहाँबाट गर्ने त हामीले, टुरिजम भन्याछौं टुरिजमको एकमुष्टमा यहि एउटा अघि महिला माननीयजीहरुले भनेजस्तै दलित, महिला सबैलाई एक ठाउँमा गुटमुटाए जस्तै यसले ल्याएको छ।यसलाई छुट्याउन पर्छ जस्तो लाग्दछ हामी समृद्धि गर्नलाई साँच्चै एक दुईटा तिन चारवटा कतिवटा खाका बनाउनुपर्छ।त्यो पोइन्टलाई फोकस गरेर अगाडि बढ्नुपर्छ जस्तो  मलाई लाग्छ सभामुख महोदय, यसलाई पनि अलिकति पोइन्टेडको रुपमा अगाडि बढाउनु पर्छ जस्तो मलाई लाग्दछ। अब कृषिको अघि आइसक्यो धेरै कुराहरु त कृषिको अनुदानको कुरामा आयो, पैसा आयो धेरै ठाउँमा।मैले भनेको बजेट पनि राख्दिनु भयो माननीयजी मन्त्रीजीहरुले तर त्यो के भाछ भने पोके बजेट भन्ने चाहिं के हुँदोरहेछ भने मन लाग्यो भने अलिकति बढाएर दिने  मन लागेन भने घटाएर दिने सायद तपाईं सत्तापक्षका माननीयजीहरुको पनि आवाज आछ तपाईंहरुलाई भन्न गाह्रो भाछ सभामुख मार्फत मैले भन्न चाहे किन उहाँहरुलाई गाह्रो भाछ सरकारमा बसेर तर बिरोधको रुपमा नलिइदिनुहोला। त्यसलाई पोके बजेटको औचित्य कम हो कि जस्तो लाग्छ कहाँ दिने हो। अहिलेनै कुन क्षेत्रमा कुन जिल्लामा दिने हो।अहिलेनै कृषिलाई चाहिं प्रोत्साहन दिएर अगाडि बढेर बजेटमा नै आइदियो भने राम्रो हुन्छ जस्तो लाग्दछ मलाई। यहाँ तिक्तता आछ सभामुख महोदय, मार्फत के भन्न चाहन्छु भने माननीयजीहरुमा अलिकति तिक्तता आएको छ।अलिकति ठूलो बजेट अनुदान आएको खुशी हुने बल्लबल्ल नमस्ते गरेर राखेको दुई चारवटा बजेटमा हामी बेखुशी नै भैराछौं।यो कुरालाई पनि मध्यनजर राख्नपर्छ जस्तो मलाई

लाग्दछ।कृषि हामी दिन्छौं अनुदान दिन हुन्न भन्ने मान्छे म पहिला गएसाल पनि भनेको थिए।अनुदान हैन गोर्खाको बारपाकको डाँडामा भएको जग्गालाई त्यसको धितोको रुपमा दिएर त्यसको रिटर्न लिन पर्छ भन्ने कुरा चाहिँ मलाई अनुभुति भएको छ किनभने विदेशको सवालमा त्यहि छ, अनुदान मात्रै हैन त्यसको आय आर्जन गर्ने बाटो सिकाउने सरकारले हामीले नीति नियम बनाउने भन्छौं लास्ट इयर अर्थमन्त्रीजीले पनि भन्नु भएको मलाई याद हुन्छ सभा प्रदेश सभा सदस्यहरुले नीति नियमहरु बनाउने अरु काम गर्ने होइन भन्नु भएको थियो।मन्त्रीज्यूले मलाई लाग्छ त्यो कुरा जायज हो तर त्यो भन्दै गर्दा यहाँ दिएको अनुदान चाहिं त्यो औचित्य भाको छ कि छैन भन्ने पनि हेर्नुपर्छ जस्तो मलाई लाग्दछ त्यहाँ अनुदान दियो।त्यसको इन्स्योरेन्सको व्यवस्था भैदियो भने मकै रोपेको छ मकैको एउटा बोट भाँचिएको छ त्यो त्यसै आको चिज भाँचिएर जान्छ।साधारण कुरा गरेको मैले कृषिको रुपमा हेर्दा यस्लाई पनि इन्स्योरेन्सको व्यवस्था गरेर अगाडि बढ्न पर्छ जस्तो लाग्दछ। यो चाहिं तत्कालिन अवस्थामा आउने बजेटमा चाहिं अगाडि बढोस् भन्न चाहन्छु र मैले गएसाल पनि उठाएको थिए। यहाँ हामी कसरी आय आर्जन गर्ने कुराहरु उद्योगको कुराहरु कम मात्रामा आएको छ। आय आर्जन त गर्नुपर्यो समृद्धि बनाउनुपऱ्यो पर्यटकले मात्रै अगाडि बढ्छौं भन्ने एउटा हामीलाई सोच छ तर त्यसले मात्र हामीलाई सम्भव नहोला जस्तो मलाई लाग्दछ। उद्योग हुने बित्तिकै के हुन्छ रोजगारीका बाटाहरु हुन्छन। त्यसैले गोर्खाको मैले भनेको थिए तामाखानी, ग्याजी तामाखानी भनेर धेरै पटक उठाउँछु मैले उठाएर भन्ने कुरामा अर्को साथीहरुले विरोध गरिरा हुन्छन। आय आर्जन गर्ने मेरो लागि त होइन नेपाली काँग्रेसको लागि त होइन नि, देशको लागि हो नि, जनताको लागि हो। समृद्धिको लागि हो। त्यसैले मेरो आग्रह छ, यो बर्ष तामाखानी उत्खनन लगायतको विभिन्न उद्योग कारखाना गोर्खामा भएको रबर उद्योग अहिले सुनिन्छ। रबर उद्योग शुरु गर्ने तर त्यसलाई त्यतिकै पेन्डुलम

बनाएर राखिएको छ। यस्लाई पनि उद्योगको रुपमा परिणत गरिदियो भने आयआर्जन पनि अगाडि बढ्छ जस्तो मलाई लाग्दछ। देश सरकार चल्नुपर्यो हाम्रो गण्डकी प्रदेश चल्नु पर्‍योनि कसरी चलाउने हामी प्रतिपक्षको साथीहरुले भन्ने गरेका छौं। सरकार त खतम भयो भनेर तर म खतम भन्न सक्छु कुन कुरामा भने आयआर्जन नगर्ने रुपमा खतम भन्न चाहन्छु। आयआर्जन पनि गर्नुपर्‍यो नि हामीले आयआर्जन गर्ने पोलिसी बनाउनु पर्छ जस्तो मलाई लाग्दछ। यो समय हो त्यो बनाउने भनेको यो समयले साँच्चै भन्दा एउटा गण्डकी प्रदेशलाई नमूना बनाउने हामी नियम बनाउँदैछौं। कहाँ लगानी गर्ने भनेर बनाउँदैछौं। यसको मूल्य र मर्मलाई बुझेर अगाडि बढ्ने र आउने बजेटमा चाहिँ उद्योग, कल कारखानालाई रोजगारीको अवसर जान्छ। पहिलो प्राथमिकता राख्न म पहिलो एउटा कुरा राख्न चाहे। तपाईंहरु समक्ष अन्त्यमा आज गण्डकी प्रदेशमा हामी छौं, अघि माननीयज्यूले भन्नुभयो मन्त्रीहरुको गाडी त बलियो हुन्छन हाम्रो त गाडी कमजोर हुन्छ गएन भन्नुभयो मलाई खुशी लाग्यो। त्यो कारणले के हो भने पहिलो प्राथमिकता मोटर बाटोमा दिनुपर्छ जस्तो मलाई लाग्दछ। हरेकले चाहेका छन एउटा मोटर बाटो। अगाडि चाहिं धुलो नउडोस् भन्न चाहेका छन, दोस्रो त्यो संगसंगै के जोडिएको हुन्छ भने स्वास्थ्य जोडिएको हुन्छ। अहिले तपाई हामीले माननीयहरुले भने जस्तै अहिले हामीले तुरुन्तै गोर्खाको डाँडामा, मनाङको डाँडामा हस्पिटल ठूलो बेडको खोलिदिन्छु भनेर सम्भव छैन तत्कालिन अवस्थामा विस्तारै सिस्टममा हुन्छ। मोटर बाटो सँगसँगै उपचार गराउन ल्याउने प्रावधान त्यहीं जोडिएको हुन्छ। अर्को स्वस्थ्य जोडियो त्यहाँ शिक्षा के हुन्छ मोटर बाटो गएपछी अलि दुर्गम ठाउँमा शिक्षालाई एउटा भएकोलाई गुणस्तर बनाउन सकिन्छ त्यस्तै रोजगारीका अवसरहरु उत्पादन हुन सक्छन। यी कुरालाई मध्यनजर राखेर तिनवटा कुरालाई फोकस गरे अगाडि बढदिने र यसलाई नै प्राथमिकतामा राखेर अगाडि बढिदिन सभामुख मार्फत सरकारलाई आग्रह गर्दै यहाँ समृद्ध नेपाल सुखी नेपालीको

यो बर्ष हामीले सोचेको भन्दा बढि राम्रो होस सरकार र हामी प्रतिपक्षले पनि अर्को बर्षमा हामी बजेट आउँदा यो त खत्तमै भएछ, भएन भन्ने आवाज निकाल्न नपरोस सबै सरकारै हो कि भन्ने यो त तपाईंलाई अनुभुत दिलाउने प्रतिपक्षले पनि हामीले सहयोग गर्न पाउँ भन्दै तपाईंहरुलाई पनि शुभकामना दिदै सरकार पक्षलाई शुभकामना दिदै मेरो दुई शब्द यहिं अन्त्य गर्दछु। धन्यवाद।जय नेपाल ।

**माननीय सभामुखः-** अब म, विनियोजन विधेयक २०७६ का सिद्धान्त तथा प्राथमिकता माथि छलफलको क्रममा माननीय सदस्यहरुले उठाउनु भएका जिज्ञासाहरुको आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई सम्बोधन गर्नुहुन समय दिन्छु।

**आर्थिक मामीला तथा योजना मन्त्री श्री किरण गुरुङः-** माननीय सभामुख महोदय, विनियोजन विधेयक, २०७६ को सन्दर्भमा यसका सिद्धान्त र प्राथमिकता प्रस्तुत भएको थियो र माननीय सदस्यज्यूहरुले छलफल गर्नुभयो र धेरै माननीय सदस्यहरुले भाग लिनु भयो र केही माननीयहरु छुट्नु भएको होला र जे भएपनि यहाँहरुले जुन सुझाव दिनुभएको छ, रचनात्मक सुझाव दिनु भएको छ र यसका निम्ति म सर्वप्रथम हार्दिक धन्यवाद दिन चाहन्छु। पहिलो कुरा म यहाँ माननीय सदस्यज्यूहरुलाई एउटा कुरा स्पष्टसँग राख्न चाहन्छु कि यो विनियोजन विधेयक होइन कतिपय माननीय सदस्यज्यूहरु झुक्किनु भएको छ। यो विनियोजन विधेयक हो भनेर झुक्किनु भएको छ। यो विनियोजन विधेयक होइन। विनियोजन विधेयक आषाढ १ गते हामीले बजेट वक्तव्य बजेट हामीले ल्याउनेछौं र त्यसपछि मात्रै यो विनियोजन विधेयक आउनेछ र त्यो विनियोजन विधेयक बनाउँदा अर्थात बजेट वितरण गर्दा बजेट कसरी वितरण हुन्छ भन्ने विधेयकलाई नै यो विनियोजन विधेयक भनिन्छ र त्यसको के को सिद्धान्तको आधारमा यसलाई वितरण गर्ने हो र प्राथमिकता कुन कुन कार्यक्रमलाई त्यहाँका गतिविधिहरुलाई, क्रियाकलापहरुलाई कसरी प्राथमिकता दिने हो भन्ने सन्दर्भमा प्रि-बजेट छलफलको रुपमा यो व्यवस्था

भए अनुसार हामीले यो प्रदेश सभाको यो गरिमामय बैठकमा यो सिद्धान्त र प्राथमिकता हामीले पेश गरेका हौं र त्यसमा हामीले छलफल गरिसकेका छौं र मलाई के लाग्छ भन्दा अब हाम्रा आकाँक्षाहरु धेरै छन। हामीसँग श्रोत हेर्ने हो भने मलाई लाग्छ त्यो श्रोत अत्यन्त कम छ। कहिलेकाँहि मलाई के लाग्छ भन्दा सबै कुराहरु सुन्दा र भोलि फेरी हाम्रो नीति र कार्यक्रम पनि प्रस्तुत हुँदैछ र हामीले जानेका जति हामीले थाहा पाएका जति सबै कुराहरु हामीले राख्छौं। राख्नुपर्छ भन्ने मान्यतामा हामी हुन्छौं। त्यसो गर्दाखेरी हामीले अलिकति के कुरालाई ख्याल गर्दैनौं भने संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रलाई पनि हामीले ख्याल गर्दैनौं  र सबै कुराहरु हामीले राख्न खोज्छौं। सबै कुरा हामीले हुनपर्छ भन्ने चाहना राख्छौं, आकाँक्षा राख्छौं र मलाई लाग्छ अलिकति हामीले विगतमा पनि नीति कार्यक्रम ल्याउँदा बजेट विनियोजन गर्दाखेरीमा  हामीले त्यो छाप पनि परेको छ। म त्यसलाई अस्वीकार गर्दिन त्यो छाप परेको छ र अहिले पनि मलाई लाग्छ त्यसबाट हामी मुक्त हुन सक्छौं जस्तो मलाई लाग्दैन अहिलेको छलफलले पनि के कुरा इङ्गित गर्छ भने धेरै भन्दा धेरै कार्यक्रमहरु, धेरै भन्दा धेरै कुराहरुलाई हामीले प्राथमिकतामा राख्नुपर्छ। यो कुरा छुट्यो भनेर हामीले भनिरहेका छौं भन्नाले अब प्राथमिकता के हो त, भन्ने कुरा नै त्यो अलमलमा पर्ने हो। प्राथमिकता भनेको त धेरै हुन्छ। धेरै मध्येमा यो योलाई प्राथमिकता दिने भन्ने हो। अब प्राथमिकतामा राखेका कुराहरुलाई अब हामीले यो छुटेछ भन्दै सबै कुरालाई प्राथमिकतामा राख्ने हो भनेत फेरी त्यो त आम भैगयो। त्यहाँ त प्राथमिकता फेरी कसरी खोज्ने त्यसले गर्दाखेरी अलिकति त्यसमा अलि स्पष्ट हुनुपर्छ हामी सबै भन्ने मलाई लाग्छ र अर्को कुरा ती सबै कुराहरुलाई अहिले हामीले जुन प्राथमिकता तोकेका छौं। प्राथमिकतामा राख्दाखेरी र हाम्रो जुन श्रोत र साधन छ त्यो श्रोत र साधन कम भएको कारणले गर्दाखेरी  सबै ठाउँमा हामीले न्याय गर्न सक्छौं या सक्दैनौं सकेसम्म न्याय गरिन्छ। यसमा म यहाँहरुलाई

विश्वास दिलाउन चाहन्छु र पहिला म यो दोहोऱ्याउन चाहन्न र पनि म जोड दिन चाहन्छु कि हिजोको अवस्थामा हामीले त्यसबेलामा हामीसँग संगठनको संरचना नै थिएन हामीसँग विधि कार्यविधिहरु पनि थिएनन् र जसले गर्दाखेरी हामीले कतिपय कार्यक्रमहरुलाई एकमुष्ट ढंगले हामीले राख्नुपऱ्यो, त्यसबेलाको त्यो बाध्यता थियो र अहिले आएर हामीले कार्यालयहरु त्यसका मेकानिज्महरु हामीले स्थापना गरिसकेका छौं। केही न केही रुपमा भए पनि हामीले कामलाई अगाडि बढाउने खालको संरचना हामीले निर्माण गरेका छौं। त्यसैले यहाँहरुले चाहना राखेझैं अबको कार्यक्रम, अबको बजेटमा त्यस्तो एकमुष्ट बजेट रहनेछैन र फेरि यसलाई तपाईंहरुले फेरि अर्को ढंगले बुझ्न पनि हुदैन कि। कतिपय फेरि त्यस्ता क्षेत्रहरु हुन्छन, त्यस्ता शीर्षकहरु हुन्छन जहाँ कोषको रुपमा जहाँ अतिरिक्त रकमको रुपमा भोलि भैपरी आउने विभिन्न ढंगले खर्च गर्नुपर्ने खालका त्यस्ता केही एउटा बजेटको नियमअनुसार नै अब ति रकमहरु रहन सक्छन त्यसबाहेक विकास निर्माणका निम्ति अर्थात हामीले खर्च गरिने जुन जुन क्रियाकलापमा हामीले खर्च गर्ने हो ति कुराहरुलाई हामीले स्पष्ट ढंगले तोकेर नै हामीले ल्याउनेछौं। अर्थ मन्त्रालयको तर्फबाट सम्बन्धित मन्त्रालयलाई यो जानकारी पनि गराइसकिएको छ, भनिएको छ। अब तपाईंहरुले बजेट बनाएर लिएर आउँदा तपाईंहरुले स्पष्ट हिसाबले बजेट लिएर आउनुहोस, सन्तुलित बजेट लिएर आउनुहोस। सबै स्थानीय तह अर्थात निर्वाचन क्षेत्र सबै क्षेत्रलाई सन्तुलित हुने ढंगले तपाईंहरुले बजेट बनाएर लिएर आउनुहोस भनेर भनिएको छ र ती कुराहरुलाई अब जोड दिइनेछ भन्ने कुरा पनि म यहाँहरुलाई फेरि पनि आर्थिक मामिला मन्त्रालयको तर्फबाट यो कुरालाई ध्यान दिइनेछ भन्ने कुरा यहाँहरुलाई बताउन चाहन्छु र यो फेरि यो बजेट बनाउने भनेको कतिपयलाई भ्रम के छ भने यो अर्थमन्त्रीले नै बनाउने हो। अर्थमन्त्रीले त केवल रकम मात्र विनियोजन गर्ने हो। मुलतः अर्थमन्त्रीको काम भनेको अब संघको अर्थमन्त्रीको त राजस्व संकलन गर्ने, कर संकलन गर्ने, करको

दररेट, दरभाउ तय गर्नेदेखि लिएर धेरै कुराहरु आउन सक्छ तर प्रदेशको हकमा त्यो अत्यन्तै सिमित रुपमा मात्र रहेको छ। त्यसले गर्दा हामीले जे हामीसँग जुन श्रोत छ, त्यो श्रोतलाई हामीले विनियोजन गर्ने त्यो विनियोजन गर्दाखेरी अहिलेको हाम्रो आवश्यकता, हाम्रो प्रदेशको आवश्यकता, विकासको आवश्यकतालाई अब ध्यानमा दिएर हामीले जुन लक्ष्य राखेका छौं। समृद्ध नेपाल निर्माण गर्ने, सुखी नेपाली बनाउने अर्थात यो गण्डकी प्रदेशलाई समृद्ध बनाउने जुन सपना हामीले देखेका छौं त्यसलाई प्राप्त गर्नका निम्ति अर्थात अहिले हामीले सिद्धान्तको रुपमा जुन कुराहरुलाई प्रष्ट ढंगले अहिले ल्याइएको छ। यसभन्दा अगाडि हामी अलमलमा थियौं। यसभन्दा अगाडि कुन सिद्धान्त, कुन प्राथमिकता हो। अब सिद्धान्त र प्राथमिकता एउटा एउटै जस्तो पनि अब थियो भने यसपटक हामीले हाम्रो सिद्धान्त भनेको अहिलेको संविधानलाई आधार बनाएर नै अहिलेको राज्यको संरचनालाई आधार बनाएर नै र अहिलेको योजनाहरुलाई आधार मानेर र विभिन्न खालको सन्धि सम्झौताहरुलाई आधार मानेर हामीले एउटा सिद्धान्त अब तय गरेका छौं। मलाई लाग्छ यसले हामीलाई भोलिका दिनहरुमा पनि यहि सिद्धान्तले मार्गदर्शन गर्नेछ।अब यसलाई तल माथी गर्नुपर्छ जस्तो मलाई लाग्दैन। प्राथमिकतामा तल माथी हुनसक्छ। फेरी पनि प्राथमिकतामा भोलिका दिनहरुमा त्यो तलमाथी हुनसक्छ तर अहिले अब जुन कुराहरुलाई हामीले यहाँ भनिएको छ। अब त्यसलाई सकेसम्म हामीले पारदर्शी ढंगले बजेट विनियोजन गरिनेछ र त्यसमा माननीय सदस्यहरुको भुमिकालाई देखिने गरि भुमिकालाई देखिने गरेर नै अब अगाडि बढाउनुपर्छ भनेर  अब त्यसलाई कुन विधि, विधि कसरी अपनाउने हो, त्यो अहिले हामीले नतोकेपनि स्पष्ट हिसाबले माननीयहरुको भुमिकालाई देखिने बनाउन प्रयत्न गरिनेछ। यसभन्दा अगाडि पनि भनिएको थियो, तर अब भैदियो के भन्दाखेरी त्यसबेला इकाई बनेका थिएनन्। छ महिना, सात महिना र अझै सम्म पनि भनिएका कर्मचारीहरु आएका छैनन। भनीएका ठाउँहरुमा हामीले कार्यालयहरु,

हामीले अझै पनि स्थापना गर्न सकिरहेका छैनौं। भनिएका कतिपय संरचनाहरु हामीले अझैपनि बनाउन सकिराखेका छैनौं र ती कारणले गर्दाखेरी माननीय सदस्यहरुसँग र सम्वन्धित कार्यालयहरु सम्वन्धित ठाउँसँग इकाइहरुसँग अझैपनि समन्वय गर्ने काम गराउन सकिएको छैन। यो बीचमा के भैदियो त भन्दा अन्तिम अन्तिम तिर भयो र कर्मचारीहरु विभिन्न ढंगले कसलाई सम्पर्क गर्ने, के गर्ने, सम्पर्क गर्दा को कहाँ थिए, त्यो आफ्नो ठाउँमा छ सबै कर्मचारीहरुलाई त्यो थाहा नहुन सक्छ। अब नहुँदाखेरी आफ्नै ढंगले अब विभिन्न क्षेत्रमा जाँदा कार्यक्रम परेको छ। जुन जुन ठाउँमा परेको छ त्यो ठाउँमा जाने त्यहाँका भेटेका उपलब्ध अब जनतासँग कुराकानी गरेर नभए त्यही भुगोललाई हेरेर आएर आफ्नै ढंगले त्यसलाई स्टमेट गर्ने, डिपिआर गर्ने र कार्यान्वयन गर्नका निम्ति बजेट कार्यान्वयन गर्नका निम्ति अगाडि बढाउने र त्यस्तै गरेर मलाई लाग्छ। मैले थाहा पाए अनुसार धेरै ठाउँहरुमा धेरै कार्यक्रमहरुमा उपभोक्ता समितिहरु अलरेडी थियो र नयाँ खालको उपभोक्ता समिति हामीले बनाएका छैनौं, माथिबाट पनि बनाएका छैनौं र हामीले धेरै गरेका कामहरु सडकका कामहरु धेरै कामहरु हिजै पनि त्यो उपभोक्ता समिति बनाएर केही न केही रुपमा कामहरु थालनी गरिएकै कार्यक्रमहरु धेरै छन। शून्य खालको चाहिं कार्यक्रम शुन्यबाट थालनी गरेका कार्यक्रमहरु भनेका ठूलाठूला कार्यक्रमहरु छन, त्यो उपभोक्तालाई दिइएकै छैन, दिने कुरा पनि भएन तर अरु सबै कुराहरुमा त्यो सिंचाइको कुरा होस, सडकको कुरा होस, त्यो खानेपानीको कुरा होस या अरु विभिन्न कुराहरु होस त्यो चाहिं त्यहिं भएका हिजो भएका जस्ता उपभोक्ता समितिहरु थिए तिनै समितिहरुलाई राखेर नै त्यो दिने काम भएको छ, मलाई लाग्छ हामीले नयाँ उपभोक्ता समिति बनाउने त्यस्तो कार्यविधि बनाएर नयाँ बनाएर हामीले त्यस्तो गरेका छैनौं र भोलिका दिनहरुमा पनि हुदैन र बरु यसलाई चाहिं सँधै राजनैतिक अब शक्तिका प्रतिनिधिहरुलाई प्रतिनिधित्व हुने गरेर अब त्यसलाई अझ व्यवस्थित ढंगले अब अगाडि बढाउने काम चाहिं हुनेनैछ

र त्यस्तै गरेर यो अब बजेट खर्च एउटा कुरा त यो अघिनै भनियो कि यो खर्च चाहिं हामीले यस वर्ष अब धेरै खर्च हुँदैन र पहिला पनि हामीलाई बाध्यता थियो, बजेट ल्याउनुपर्ने बाध्यता थियो, विनियोजन गर्नुपर्ने वाध्यता थियो। हामीले शुन्यबाट हामीले थालनी गरेका थियौं र हामीले त्यसबेला बजेट विनियोजन गर्दाखेरी पनि मैले भनेको थिएँ र बजेट प्रस्तुत गरिसकेपछि पत्रकार सम्मेलन भएको थियो र पत्रकार सम्मेलनमा मैले भनेको थिएँ कि अब सत्तरी प्रतिशत बजेट खर्च गर्न सकियो भने पनि त्यो ठूलो उपलब्धि हो भनेर मैले त्यसबेला भनेको थिए किनकी त्यसबेला नै मलाई थाहा थियो कि हामी धेरै लामो समयसम्म हामी एउटा संरचना बनाउने नीति विधि बनाउनेमा नै अब हामी अल्झिन पर्छ र त्यसबेला एउटा कुरा मैले ध्यान दिएको थिइन त भन्दाखेरी यो कर्मचारी समायोजनले जस्तो जटिलता पैदा गर्छ र जुन खालको स्थिति उत्पन्न हुन्छ भन्ने कुरा त्यसबेला मैले सोचेको थिइन। थप त्यो कुरा थपियो, कर्मचारी त अहिले सम्म पनि आएकै छैन। पुरा भएकै छैन। जुन खालको हामीलाई चाहिँ कर्मचारीको जुन विन्यास हुनुपर्ने हो, जुन क्षमताको जुन पोष्ट हामीलाई चाहिने हो। जुन कार्यक्षमता र दक्षता भएका कर्मचारी चाहिने हो। त्यस्तो खालको कर्मचारीहरुको अभाव अहिले पनि रहेकै छ र त्यसको बीच हामीले अब अगाडि बढ्यौं र धेरै कुराहरु हामीले डिपिआर गर्नुपर्ने डिपिआर गर्दाखेरी र सार्वजनिक खरिद ऐन र त्यो पैंसठ्ठी देखि लिएर पचासी दिनसम्म एउटा ठेक्कामा जाँदा प्रक्रियामा जाँदाखेरी पचासी छयासी दिन सम्म पनि त्यो लाग्छ। धेरै छिटो गरिएछ, भैएछ भने पनि साठी, पैंसठ्ठी दिन त यसै पनि लाग्ने खालको एउटा स्थिति छ र त्यसले गर्दा पनि यो ढिलो भयो र त्यसबेला एउटा के अनुमान गरिएको थियो भने जुन सशर्त भनेर पहिल्यै जुन कार्यक्रम सञ्चालन गरेको माथि केन्द्रीय सरकारले नै कार्यक्रम जुन हामीलाई शसर्त रुपमा हस्तान्तरण गरिएको थियो, त्यो कार्यक्रमलाई अब हामीले अगाडि बढाउन सकेको खण्डमा छिटो त्यसलाई खर्च गर्न सकिएको खण्डमा अब केही हुन्छ कि भन्ने गरिएको थियो त्यो

पनि त्यो आउनका निम्ति पनि ढिलो भयो। एक महिना होइन, दुई महिना होइन, छ महिना होइन दशैं भनियो तिहार भनियो पुष भनियो, माघ भनियो, फागुन भनियो र कतिपय चाहिं छुट्टाएको रकम फेरि माथि तानेर लग्ने काम भयो र यो अन्तिम अन्तिम अवस्थामा मात्रै अब यो हामीलाई चाहिं प्राप्त भयो जसले गर्दाखेरी ती कामहरु पनि हामीले अब अगाडि बढाउन सकेनौं र ती फेरि यस्ता खालका एकदम जरजर बनेका ठेकेदारहरुले काम नगरेका, ठेकेदार खोज्दा नभेटिने, छाड्ने अवस्थामा अहिले पनि कतिपय त्यस्ता कार्यक्रमहरु छन् अब ठेकेदारले काम गर्‍याछैन त्यो उ पनि भएको छैन त्यसलाई काम नगरेको कारणले गर्दाखेरी, राम्रो काम नगरेको कारणले गर्दाखेरी, अब त्यो ठेक्का सम्झौतालाई रद्द गर्नुपर्ने त्यस्ता खालका अब योजनाहरु नै फेरि हामीलाई हस्तान्तरण भए र त्यसले गर्दा पनि यी सबै समस्याका कारणले गर्दाखेरी ढिलो भएको हो मलाई लाग्छ र अन्य कारणले कुनै हामी चाहिं असक्षम भएर जे हाम्रो शक्ति छ, जे श्रोत छ, जे हाम्रो साधन छ, हामी निष्क्रिय भएर हामीले त्यसो गरेका पनि होइनौं बरु हामीले छिटो भन्दा छिटो काम गर्ने प्रयत्न गर्दाखेरी धेरै गल्तिहरु भएको छ जस्तो कि धेरै ठाउँहरुमा जुन हामीले वितरण गर्ने अनुदान वितरण गर्ने कार्यक्रमहरु थिए ति कार्यक्रमहरुलाई सबै कुराहरुमा छलफल गरेर, सबै माननीय सदस्यहरु छलफल गरेर त्यसलाई हामीले वितरण गर्न पनि सकेनौं किनकि त्यसलाई छिटो गर्नपर्ने थियो।एउटा विधि हामीले बनाएका थियौं त्यो विधिकोमा हामीले हाल्यौं, हाल्दाखेरी जो जो परे परे अब जस जसले थाहा पाएकि थाहा पाएनन कि आवेदनको भरमा क कसले आवेदन दिए, क कसले दिएनन, कुन छुट्यो, कुन क्षेत्र छुट्‌यो, कुन जिल्ला छुट्‌यो, कुन जिल्लामा बढि पर्‍यो, कुन स्थानीय तहमा मात्रै बढि पर्‍यो, अरुमा परेन ती कुराहरु पनि अब हेर्न नसक्ने अवस्था चाहिँ रह्‌यो त्यसले गर्दा पनि अब केही कमिकमजोरीहरु रहन गयो र अबको यो आर्थिक बर्षमा अब यो अवस्था रहनेछैन भन्ने यहाँहरुलाई म प्रतिवद्धता जनाउन चाहन्छु र अहिले सकभर सम्म अब अर्थमन्त्री भनेको अब

कन्जुस चाहिं हुन्छन, सबैको त्यहि सोचाई हुन्छ, अर्थमन्त्री भनेको कन्जुस हुन्छ भन्ने तर कन्जुस के अर्थमा हुन्छ त भन्दाखेरी जसले खर्च गर्न सकदैन, जुन प्रोजेक्टमा खर्च हुदैन, अबको यो बजेटमा खर्च नहुने लागेको प्रोजेक्टमा जति खर्च हुन सक्छ, जति खर्च गर्न सक्छ त्यतिमात्रै चाहिँ छुट्टाइनेछ र जस्ले धेरै खर्च गर्न सक्छ, जुन परियोजनाले धेरै खर्च गर्न सक्छ, त्यो ठाउँमा त्यो बढि पनि हुन सक्छ। अब होइन भने हाम्रो कार्यक्षमता अगाडि बढ्दैन र अब यसरी चाहिं यसलाई अब विनियोजन गर्ने कुरालाई चाहिं अब ध्यान दिइनेछ र अब अन्य कुराहरु त अब धेरै कुराहरु आएको छ। केही माननीय सदस्यज्यूहरुले भन्नु भएको छ, अब कृषिमा के हो त प्राथमिकता होइन पर्यटनमा के हो प्राथमिकता भन्ने कुरा छ। अब हामीले एक हिसाबले कृषिलाई हामीले अब प्राथमिकता भनेका छौं। कहिले काँहि हामीलाई के हुन्छ त भन्दा कृषि पर्यटन भन्दिन्छौं खेल पर्यटन भन्दिन्छौं हामीले धेरै धेरै धेरै चाहिँ सबै पर्यटन तिर जोड दिन्छौं तर म त्यो गर्ने पक्षमा छैन कृषि कृषिमा पर्यटन बढाउने हैन, पर्यटनले पर्यटनको निम्ति कृषिलाई हामीले आधार मानेर त्यसलाई अगाडि बढाउने हो त्यस्तै गरेर खेल पर्यटन भन्छौं खेल पर्यटन होइन खेलको विकास गर्ने हो। खेलको विकास गरिसकेपछि त्यो आफैं पर्यटनको आधार बन्छ त्यस्तै गरेर अब धेरै कुराहरु छन कहिलेकाँहि हामीले भन्दा भन्दा भन्दा चाहिँ खेलकुदमा गइयो भनेपनि खेलकुदले खेलकुद पर्यटन भन्छ, उस्ले खेलकुद विकास गर्ने भन्ने कुरा उसले बिर्सिसक्या छ। कृषिमा जाने हो भने कृषि पर्यटनको निम्ति हामीलाई यस्तो चाहियो। मल चाहियो, बिउ चाहियो भन्दा भन्दा यस्तो भएको छ कि एकपटक चाहिँ स्मार्ट बनाउने यो वर्ष त स्मार्ट भन्ने कतै पनि आएन यसभन्दा अगाडि जहाँ पनि स्मार्ट भनेको छ जहाँ पनि स्मार्ट भनेको छ भने जस्तै अब हामीले चाहिँ पर्यटन विकास गर्ने भन्यौ जेलाई पनि पर्यटन भन्या छ जहाँ पनि पर्यटन भन्छ, माग्न आउने मान्छे पनि पर्यटन भन्या छ कृषि पर्यटनका विकासका निम्ति हामीलाई यो चाहियो भन्या छ अब यस्ता यस्ता भएको छ त्यो भन्ने भन्दा

पनि हामीले कृषि भनिसकेपछि कृषिकै कुरालाई हामीले जोड दिने हो र कृषिलाई अब हामीले व्यवसायिक व्यवसायिक भनेको छ त्यो व्यवसायिक भन्दा पनि अहिले आएर हामीले कृषि क्षेत्रमा ठूलो क्रान्ति भएको छ तर त्यो क्रान्ति भएको त्यो प्रविधी हामीले नेपाल भित्र्याउन सकेका छैनौं, यो मोवाइल भित्रिएझैं गरेर सजिलै भित्रीदैन किनकी त्यहाँ क्वारेन्टाइन लाग्छ र विभिन्न खालको त्यहाँको देशको चाहिँ यसरी अरु देशमा सजिलो ढंगले ओसार पोसार गर्न पनि पाइदैन।त्यो कारणले गर्दाखेरी पनि हो तर धेरै अब हामीले पर्यत्न हाम्रो के रहनेछ त भन्दा उन्नत जातको उन्नत नश्ल, उन्नत जातको बिउ, बिजन, विरुवा हामीले भित्र्याउने हो।हामीसँग आठ किलो फल्ने विरुवा छ भने तिस चालिस किलो फल्ने अब गोलभेडाको जातको विकास भएको छ भने हामीले त्यो विस, तिस, चालीस किलो चाहिँ फल्ने ल्याउन पर्ने भयो।गोलभेंडा ल्याउन पर्ने भयो। त्यस्तै हामीले स्याउ ल्याउनु पर्ने भयो।अहिले अब मुस्ताङमा चाहिँ स्याउको पकेट क्षेत्र भनिएको छ।निजी क्षेत्रमा त्यहाँको चाहिँ अब मलाई लाग्छ हजारौं बिगाहामा, हेक्टरमा त्यो स्याउ खेती गरिएको छ तर अब त्यो स्याउ खेती र त्यो स्याउलाई हेर्ने हो भने राजा महेन्द्रले लिएर आएको त्यसबेला कति सत्र साल कति साल तिर हो कि पन्ध्र साल तिर हो कति साल तिर ल्याएर आएको त्यही एउटा स्याउको बिउ अब गोल्डेन अनि त्यो क्यारे रेड डेलिसियस त्यो नामको चार वटा प्रकारको चार प्रकारको स्याउ पछि आएर एउटा फुजि स्याउ भन्ने रहेछ त्यो ल्याएको छ। त्यो भनेको धेरै पुरानो त्यो भन्दा धेरै उन्नत जातको उन्नत खालको स्याउ आइसकेको छ।अहिले हामीले ट्राउट ट्राउट भन्छौं जापानबाट यो ट्राउट भनेको धेरै तिस चालिस बर्ष अगाडिको चाहिँ पुरानो ट्राउट हो।अब अस्ति म गण्डकी ट्राउटमा गएको थिए। गण्डकी ट्राउटमा जाँदाखेरी के भयो त भन्दाखेरी त्यहाँबाट चाहिँ जापान गएर एउटा सम्मेलनमा भाग लिएर आएको मन्त्रिज्यू भनेर भने किन त भन्दाखेरी होइन नेपालमा हामीले विकास गरेको आज भन्दा तिस पैंतिस बर्ष विकास

गरेको ट्राउटले अझै पनि फाइदा भैराखेको छ तपाईहरुलाई भनेर सोध्नका निम्ति बुझ्नका निम्ति भनेर डाक्या रहेछ त्यहाँ त ट्राउट भनेको त अहिले त एकदमै दुई तिन किलो पाँच किलो हुने छिटो बढ्ने ट्राउटको प्रजातिको विकास भैसकेको रहेछ। हामीलाई त थाहा रहेनछ भनेर भन्नुभयो।भन्दा धेरै कुराहरु मैले एउटा उदाहरण यो कृषि क्षेत्रमा सबै ठाउँमा त्यो कुरा चाहिँ अगाडि बढेको छ।अहिले आएर केही किसानहरुले बोयर ल्याएका छन, बाख्रामा।अब हामीले चाहिँ भेडामा ल्याउन परेन।च्याङ्ग्रामा हामीले ल्याउन परेन, याकमा हामीले ल्याउन परेन।हाम्रो त त्यो पुरानै छ।ठिक छ पुरानोलाई प्रजातिलाई पनि हामीले बचाउनु पर्छ, संरक्षण गर्नपर्छ।त्यो ठाउँ आफ्नो ठाउँमा छ तर हामीले विकास गर्ने सबै कुराहरुलाई ध्यान दिन पर्यो।हैन कुखुराको कुरा गर्दाखेरी अब ब्रोइलर आएको छ।अण्डाको निम्ति आएको छ, कुखुराको निम्ति त्यति छैन जे अहिले उन्नत जातको आएको छ त्यो चाहिँ नेपालमा पनि आएको छ तर अरु धेरै त्यसो भएर अब हामीले चाइनिज कम्पनीसँग अब एउटा गाईपालन गर्ने भनेर यो उन्नत जातको गाइ भित्र्याउने गरेर त्यो सम्झौता पनि हामीले गरेका छौं त्यसकारणले गर्दा कृषि क्षेत्रमा त्यो भित्र्याउने र अब अनुसन्धानलाई जोड दिने कार्यक्रम तिर लाग्नपर्छ।अरु चाहिँ अब अनुदान चाहिँ वितरण गर्ने कुराहरुलाई हिजो के भयो।त्यसलाई चाहिँ सुधार्दै गएर अब बरु हामीले व्याजमा अनुदान दिने हो कि अर्थात हामीले उत्पादनमा अनुदान दिने हो कि त्यसलाई अनुदानलाई अब हामीले त्यसलाई विधिलाई अलिकति हामीले बदल्नु पर्छ भन्ने चाहिँ लाग्छ अब हामीले के गर्न सक्छौं।त्यो हामीले अब गर्ने नै छौं।त्यस्तै गरेर धेरै कुराहरु उद्योग क्षेत्रमा वा औद्योगिक क्षेत्रहरु हामीले स्थापना गर्न सकेका छैनौं त्यसलाई चाहिँ यसपटक हामीले जोड दिने नै छौं।ति कुराहरुलाई पनि अब हामीले गर्ने नै छौं।भन्नाले अब हामीले जम्मै त्यो उद्योग क्षेत्र हामीले जे कुरा भनेपनि त्यो अब एउटा प्राथमिकता भए पनि त्यो चाहिँ एउटा आम ढंगले यहाँ आएको छ।यहाँलाई हामीले स्पेसिफिक ढंगले यो कुरालाई हामीले ल्याएका

छैनौं।त्यो अब विनियोजन विधेयकमा नै स्पेशिफिक ढंगले नै त्यो आउनेछ। अहिले आम रुपमा अब ल्याइएको छ र अब अर्को कुरा अब यहाँ अब धेरै कुराहरु आएका छन अब यि सबै कुराहरु भन्दा पनि यहाँहरुको सुझावहरुलाई अब समेटदै अब यसलाई बोलिले राम्रो बनाएर यो पढ्दा खेरी राम्रो मिठो सुन्ने कुरा मात्र भएन अब यसलाई व्यवहारमा कसरी राम्रो ढंगले व्यवहारमा कार्यान्वयन गर्ने हो यी कुरालाई हामीले अब ध्यान दिनेनैछौं। कार्यान्वयन हुने खालका कार्यक्रमहरुलाई योजनाहरुलाई हामीले प्राथमिकतामा राख्ने नै छौं र त्यस्तै गरेर वित्तिय अनुशासन देखि लिएर अब सबै कुराहरुलाई ध्यान दिने कुरा नै छ र एउटा कुरा चाहिँ यहाँ उठिराखेको अब यो समानुपातिक र प्रत्यक्ष अब साँसदहरुको यहाँ धेरै कुरा उठेको छ।अब यो कुरा पनि किन उठेको होला भन्दा अब यहाँ अब निर्वाचन क्षेत्रमा अब एउटा संसद विकास कार्यक्रम राख्ने भनिसकेपछि यो कुरा जोडले उठ्या जस्तो मलाई लाग्यो।त्यसो भएर म के अनुरोध गर्न चाहन्छु त भन्दा खेरी हामी पक्षपात गर्दैनौं र पक्षपात हुदैन तर हामीले चाहेको के हो? हामीले विकास चाहेको हो ? या हामीलाई अंश चाहिएको हो? विकास चाहिएको हो भने विकास निर्माणमा सबैमा सहभागिता बनाउने हो, गर्ने नै हो। त्यसमा कुनै फरक हुदैन, हैन त्यो पैतृक अंश बाँडे जस्तै गरेर सबैलाई बाँड्ने बाँड्ने ढंगले अब गर्नुपर्छ भन्ने हो भने मलाई लाग्छ त्यो अब कति सम्भव हुन्छ अब के हुन्छ त्यो आफ्नो ठाउँमा छ।हैन हामीले विकास गर्ने हो भने त्यसमा भुमिका पहिला सवैलाई बराबर भुमिका दिने हो। मलाई लाग्छ यहाँ कहि पनि यो सदनमा।मलाई लाग्छ समानुपातिकलाई छुट्टै भुमिका अब प्रत्यक्ष निर्वाचितलाई छुट्टै भुमिका दिएजस्तो मलाई लाग्दैन त्यस्तो हुदैन त्यस्तो गर्न हुदैन।त्यस्तो गरिदैन तर विकास निर्माणमा योजना छनौटमा सबैलाई वरावरी ढंगले नै त्यो भुमिका दिइन्छ।अनुगमन गर्ने कुरा हुन्छ भने पनि वरावरी दिइन्छ र सवै कुराहरुमा भोलि गएर त्यो कोष त्यो कार्यक्रम सञ्चालनमा आएछ भने पनि सवैको बराबरी समान हुने ढंगले त्यो अगाडि बढ्छ र त्यसमा

फेरी चाहिँ महिला पुरुष भनेर फेरि छुट्टै ढंगले त्यसलाई क्याटागोरी छुट्टाउने छुट्टै कोटा राख्ने कुरा पनि हामीले नगरौंला। हैन हामी अब प्रतिनिधित्वको हामी प्रतिनिधित्व भएको प्रकृयामा हामी फरक फरक ढंगले प्रकृयाले हामी प्रतिनिधित्व भएर आएका छौं तर अब अरु चाहिँ हाम्रो हैसियत भनेको समान हो तर एउटा कुरा हामीले यो बुझ्नपर्छ कि फेरी हाम्रो यो प्रकृयाबाट हामी छनौट भएको प्रतिनिधित्व भएको हामी चुनिएको त्यो प्रकृया चाहिँ छुट्टाछुट्टै हो बेग्लाबेग्लै अब क्षेत्रबाट बेग्लाबेग्लै कोटाबाट बेग्लाबेग्लै प्रकृयाबाट हामी चाहिँ आएका हौं भन्ने कुरालाई चाहिँ हाम्रो फरक त्यसमा मात्रै रहन्छ र प्रत्यक्षको आफ्नै ढंगको आफ्नै दायित्व होला। जिम्मेवारी होला। त्यो खास स्पेसिफिक उसको एउटा एरिया क्षेत्र होला र त्यसकारणले गर्दाखेरी उसको एउटा दायित्व पनि होला हैन भने अरु हिसाबले मलाई लाग्छ हामी कोहिपनि अब फरक छैनौं, एउटै हो र यो बजेट वितरणमा यो सहभागीमा मलाई लाग्छ त्यसलाई चाहिँ फरक फरक गरिनेछैन र त्यो हुदैन र अब एउटा मोटामोटी हाम्रो आगामी बजेटको अब फिगर कस्तो हुन सक्ला भन्ने बारेमा म यहाँहरुलाई जानकारी गराउन चाहन्छु। अब ०७५/७६ मा हामीले २४ अर्ब २८ करोडको बजेट हामीले अब पेश गरेका थियौं र त्यसमा चाहिँ समानीकरण अनुदान ६ अर्ब ७७ करोड आएको थियो र अहिले करिव पाँच प्रतिशत बढेर ७ अर्ब ११ करोड अहिले प्राप्त भएको छ। त्यस्तै गरेर शसर्त अनुदानमा ६ अर्ब ५० करोड आएकोमा अहिले १८ प्रतिशत घटेर ५ अर्ब ३५ करोड चाहिँ अहिले आएको छ। अब समपुरक अनुदान ६७ करोड आएको हो। अहिले त्यो अहिले कति आउँछ यो थाहा छैन यो पछि नै आउँछ। अनि विशेष अनुदान ६८ करोड आएको थियो र त्यो अहिले आइसकेको छैन र राजश्व बाँडफाँडमा ६ अर्ब ५७ करोड अब यो चालु आर्थिक बर्षमा आएको हो र अब आउनेमा १७ प्रतिशत बढेको छ र त्यसमा ७ अर्ब ७० करोड अहिले चाहिँ पैसा आईसकेको छैन त्यो पठाएको छ यति चाहिँ आउनेछ भनेर र आन्तरिक राजश्व १

अर्ब ६९ हामीले राखेका थियौं करोड ।अहिले हामीले लक्ष्य राखेका छौं २ अर्ब ९० करोड उठ्ने हामीले लक्ष्य राखेका छौं त्यस्तै गरेर गत बर्षको खर्च नहुने रकम कति होला त भन्दाखेरी अब ४ अर्ब ५० करोड हामीले खर्च गर्न नसकिएला भन्ने एउटा अनुमानको आधारमा हामीले त्यति राखेका छौं र अब यसमा के हुन्छ त भन्दाखेरी एउटा यो सशर्त अनुदान छ।त्यो सशर्त अनुदान चाहिँ खर्च गर्न नसकिएको सशर्त अनुदान त्यो फिर्ता भएर फेरी संघमा नै जान्छ।हाम्रो आफ्नो यो खर्च नभएको ५ अर्ब ५० करोड त्यो चाहिँ मात्रै रहला भन्ने हामीले अनुमान गरिएको छ।अब धेरै रहयो भने अब बजेटको आकार अलि ठूलो हुन्छ र त्यसपछि अब हामीले यो आन्तरिक ऋण यो सिलिङ बमोजिम हामीले अब १ अर्ब जति अब लिन पाँउछौं र त्यसो गर्दा अहिले २८ अर्ब ५६ करोडको चाहिँ सोझै हेर्दाखेरी लाटो हिसाबले गर्दाखेरी पनि यो बजेट यति हुन्छ भन्ने लाग्छ अब यसमा के जोडिएको छैन भन्दा खेरी यो समपुरक र बिशेष अनुदान चाहिँ जोडिएको छैन अब विगतको कुरालाई हेर्दाखेरी पनि हेर्दा अब १ अर्ब ३५ करोड चाहिँ आएको रहेछ।अब यहि वरिपरी आँउदाखेरी मलाई लाग्छ हाम्रो चाहिँ अहिले देखिएको भनेको ३० अर्बको अब बजेट चाहिँ त्यो प्रष्ट देखिन्छ अब आउने।अब त्यसमा अब हामीले अब यो वैदेशिक ऋण अर्थात अब यो सरकारी ऋण, नेपाल सरकारसँग जुन ऋण लिने कुरा आदी इत्यादी कुराहरु छन यी कुराहरु यहाँ जोडिएको छैन र हाम्रो चाहिँ मध्यमकालिन खर्च संरचना भनेर हामीले तिन तिन बर्षको यो मध्यमकालिन खर्च संरचना हामीले निर्माण गरेका थियौं र त्यो खर्च योजना अनुसार हामीले अबको बजेट भनेको ३४ अर्बको हुनुपर्छ भनेर हामीले बनाएका हौं त्यो भयो भने हाम्रो जुन आर्थिक लक्ष्य छ त्यो लक्ष्यलाई हामीले प्राप्त गर्न सक्छौं, अब जस्तो हामीले २ हजार देखि लिएर २५ सय अमेरिकि डलर पुऱ्याउने भन्ने कुराहरु हाम्रा केही आर्थिक लक्ष्यहरु छन।अब गरिवी न्यूनिकरणका हाम्रा केही अब लक्ष्यहरु छन ति लक्ष्यहरु हामीले भेट्न सक्छौं र अबको बर्ष

भनेको कम्तिमा पनि ३४ अर्बको बजेट हुनुपर्छ भनेर हामीले त्यो मध्यमकालिन खर्च संरचनाले  अनुमान गरेको हो। त्यसमा अब चौंतिस अर्बको हामीले बजेट बनाउन नसकिने हैन त्यस्तै नेराघेरा भित्र हामीले अब यो आन्तरिक नेपाल सरकारसँगको ऋण लगायतको अरु कुराहरुलाई केही गर्न सकियो भने यस बर्ष हामीले लगानी सम्मेलन गर्ने लगानी भित्र्याउने भनेर हामीले भनेका थियौं त्यो तयारी नभएका कारणले पनि हामीले त्यो गर्न सकेनौं केही प्रोजेक्टहरु मुख मुखमा रहेका छन। त्यसमा वैदेशिक लगानी भयो भने सहयोग भयो भने पनि त्यो अगाडि बढ्न सक्छ। अहिले केही अब कुराहरु हामीले केही समपुरक र विशेष अनुदानमा पनि त्यो केही अब वृद्धि हुन पनि सक्छ अब पहिलाको भन्दा कम्तिमा पनि हामीले तिस देखि अब चौंतिस अर्बको अब बजेट अब पेश गर्न अब सकिएला भन्ने एउटा चाहिँ अब अनुमान चाहिँ छ र यति भन्दै म सबै माननीय सदस्यहरुलाई धन्यवाद दिदै म आफ्नो भनाइ यहिँ समाप्त पार्छु। हवस त धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब यो छलफल यहिँ समाप्त हुन्छ। माननीय सदस्यहरु, अब, यो बैठक २०७६ साल जेष्ठ २२ गते दिनको ३.०० बजे सम्मको लागि स्थगित हुन्छ।